

# बागमती प्रदेश आर्थिक सर्वेक्षण

# २०७९/२०८०




## बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### हेटौंडा, नेपाल

# बागमती प्रदेश आर्थिक सर्वेक्षण

## २०७९/२०८०

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल ।

# प्राक्कथन

प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्मको प्रदेश सरकारको राजस्व परिचालन, सार्वजनिक खर्च, प्रदेश सरकारका विभिन्न निकायहरुबाट सम्पन्न भएका गतिविधिहरुका साथै यस प्रदेश भित्र नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्रहरुबाट समेत सम्पन्न क्रियाकलापहरुबाट प्राप्त प्रतिफलहरुबाट आर्थिक तथा सामाजिक सूचकहरुमा देखिएका परिवर्तनहरुलाई समावेश गरी आर्थिक सर्वेक्षण २०७९।८० प्रकाशित गरिएको छ।

प्रस्तुत आर्थिक सर्वेक्षणमा समग्र मुलुक भरको साथै यस प्रदेश भित्रको सामाजिक सूचकहरु विशेष गरी शिक्षा, स्वास्थ्य, खानेपानी क्षेत्रका सूचकहरु, आर्थिक सूचकहरुमा उद्योग, वन, कृषि क्षेत्रका सूचकहरु, भौतिक पूर्वाधारका सूचकहरुमा सडक, सिंचाई, उर्जाका सूचकहरु, वित्तीय संस्थाहरु र वीमा कम्पनीहरु, सार्वजनिक खर्चका सूचकहरुमा प्रदेश सरकारको आय, प्रदेश सरकारको खर्च लगायत प्रदेश सरकारले गरेका गतिविधिहरुलाई समावेश गरिएको छ।

यस सर्वेक्षणमा नेपालको समग्र सूचकहरुमा बागमती प्रदेशको अंश समेत देखाइएको छ । अन्य प्रदेश सँग तुलना गर्दा बागमती प्रदेशका सूचकहरु सकारात्मक रहेका छन । यस सर्वेक्षणको मुख्य स्रोतको रुपमा अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक वर्ष २०७९।८० को आर्थिक सर्वेक्षण, सम्वन्धित मन्त्रालयबाट प्राप्त तथ्यांकहरु, नेपाल राष्ट्र बैंक, बीमा समिति, धितोपत्र बोर्ड लगायत विभिन्न निकायहरुबाट प्राप्त प्राथमिक तथ्यांकलाई स्रोतको रुपमा लिइएको छ।

प्रस्तुत आर्थिक सर्वेक्षण प्रदेशको विकास र सम्वृद्धिको लागि अभिरुची राख्ने अर्थशास्त्री, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यापारी, राष्ट्रसेवक कर्मचारी लगायत सवै सरोकारवालाहरुलाई उपयोगी हुने विश्वास लिएको छु। आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रदेश सचिव लगायत अन्य कर्मचारीहरु, तथ्यांक उपलब्ध गराउनु हुने विभिन्न मन्त्रालयका प्रदेश सचिव लगायत कर्मचारीहरु, नेपाल राष्ट्र बैंक, वीमा समिति, धितोपत्र बोर्ड लगायत तथ्यांक एवम् सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सम्वन्धित सवै निकायका पदाधिकारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

जेष्ठ, २०८०

बहादुर सिंह लामा (तामाङ)
आर्थिक मामिला तथा योजना मन्त्री

# विषयसूची


तालिका सूची ........ i

चार्ट सूची ........ iv

१. कार्यकारी सारांश ........ १

२. समग्र आर्थिक स्थिति ........ ४

३. सार्वजनिक वित्त ........ १५

४. बैंक तथा वित्तीय क्षेत्र ........ ३५

५. गरिबी निवारण र रोजगारी ........ ४३

६. सामाजिक क्षेत्र ........ ४६

७. आर्थिक क्षेत्र ........ ६१

८. भौतिक पूर्वाधार ........ ७१

९. सार्वजनिक सेवा र सुशासन ........ ७६

अनुसूची

## तालिका सूची


तालिका २(क) प्रमुख समष्टिगत आर्थिक परिसूचकहरुको तुलनात्मक विवरण ६

तालिका २(ख) बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वर्गीकरण अनुसारको योगदान ९

तालिका २(ग) औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान ११

तालिका २(घ) बागमती प्रदेशको केही परिसूचकको राष्ट्रिय परिसूचकसँग तुलना १३

तालिका २(ङ) प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति १४

तालिका ३(क) प्रदेश सरकारको विगत ४ आर्थिक वर्षको खर्चको तुलनात्मक विवरण १६

तालिका ३(ख) आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को फागुन मसान्तसम्मको दोस्रो चौमासिक तुलनात्मक खर्च र प्रगति १७

तालिका ३(ग) २०७८/०७९ मा प्रदेशगत सार्वजनिक खर्चको अवस्था १७

तालिका ३(घ) विगत ४ आर्थिक वर्षको स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको तुलनात्मक विवरण २०

तालिका ३(ङ) आर्थिक वर्ष २०७९/८० को दोस्रो चौमासिक अवधि सम्मको वित्तीय हस्तान्तरणको तुलनात्मक विवरण २०

तालिका ३(च) आ.व. २०७९/०८० को फागुन मसान्तसम्म स्थानीय तहको खर्चको विवरण २१

तालिका ३(छ) कृषि विकास बैंक तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत लगानी भएको सुहलियतपूर्ण कर्जाको विवरण २२

तालिका ३(ज) प्रदेश सरकारको विगत पाँच आर्थिक बर्षको वजेट र सरकारी आयको विवरण २३

तालिका ३(झ) विगत ५ आर्थिक वर्षको प्रदेश सरकारको आय संरचना २५

तालिका ३(ञ) अन्तरसरकारी वित्त हस्तान्तरण र नगद मौज्दात बाहेक प्रदेश सरकारको आय/राजस्व २६

तालिका ३(ट) विगत ५ आर्थिक वर्षमा संकलन भएको घर जग्गा रजिष्ट्रेशन शुल्क २९

तालिका ३(ठ) विगत ५ आर्थिक वर्षको प्रदेश विभाज्य कोष र सवारी साधन कर बाँडफाँटको विवरण ३०

तालिका ३(ड) विगत ५ आर्थिक बर्षको सवारी साधन कर बाँडफाँट पछिको विवरण ३१

तालिका ३(ढ) विगत ४ आर्थिक वर्षको संघीय सरकारवाट प्राप्त भएको वित्तीय हस्तान्तरणको अनुमान र प्राप्ति ३२

तालिका ३(ण) आ.व. २०७९/०८० को दोस्रो चौमासिक अवधिसम्म वित्तीय हस्तान्तरण अनुदान प्राप्तिको विवरण ३३

तालिका ३(त) संघीय सरकारको वित्तीय हस्तान्तरण अनुदान बचत फिर्ता ३४

तालिका ४(क) बागमती प्रदेशमा बैक तथा वित्तीय संस्थाका शाखा ३५

तालिका ४(ख) जिल्लागत वैंक तथा वित्तीय संस्थाको शाखा ३६

तालिका ४(ग) बागमती प्रदेशमा रहेका वैंक तथा वित्तीय संस्थाहरुको निक्षेप र कर्जा ३७

तालिका ४(घ) बागमती प्रदेशमा बैंकिङ सेवा विस्तार विवरण ३८

तालिका ४(ङ) बीमा क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी बीमा कम्पनी/बीमकहरुको संख्या ३९

तालिका ४(च) २०७९ फागुन मसान्त सम्मको बीमकको शाखा कार्यालय र कर्मचारीको संख्या ३९

तालिका ४(छ) २०७९ को फागुन मसान्तसम्मको बीमालेख र बीमा शुल्क संकलन ४०

तालिका ४(ज) २०७९ फागुन मसान्तसम्म बागमती प्रदेशमा रहेको जीवन बीमा व्यवसाय ४१

तालिका ४(झ) २०७९ फागुन मसान्तसम्म बागमती प्रदेशमा रहेको निर्जीवन बीमा व्यवसाय ४१

तालिका ४(ञ) बागमती प्रदेशभित्र धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर र सूचिकृत कम्पनी ४२
तालिका ४(ट) धितोपत्र कारोवार रकम ४२
तालिका ५(क) बहुआयामिक गरिबी ४३
तालिका ५(ख) बागमती प्रदेशमा श्रम बजार सम्बन्धी केही सूचकहरु ४४
तालिका ५(ग) वागमती प्रदेशमा औपचारिक र अनौपचारिक क्षेत्रमा रोजगारीको अवस्था ४५
तालिका ६(क) बागमती प्रदेशको विद्यार्थी खुद भर्नादर ४७
तालिका ६(ख) बागमती प्रदेशको विद्यालय संख्याको विवरण ४७
तालिका ६(ग) प्रदेशहरुको विद्यालयको संख्या ४८
तालिका ६(घ) सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात ४९
तालिका ६(ङ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण ५०
तालिका ६(च) बागमती प्रदेशमा विद्यार्थी भर्नाको विवरण ५१
तालिका ६(छ) एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन अवस्था ५२
तालिका ६(ज) बागमती प्रदेशका स्वास्थ्य सूचकका प्रमुख नतिजाहरु ५४
तालिका ६(झ) स्वास्थ्य संस्था, अस्पताल शैय्या, महिला स्वास्थ्य स्वयंसेविकाः ५५
तालिका ६(ञ) बागमती प्रदेशमा स्वास्थ्य क्षेत्रमा विद्यमान जनशक्तिको अवस्थाः ५५
तालिका ६(ट) बागमती प्रदेशमा अस्पतालवाट स्वास्थ्य सुविधा लिनेको विवरण ५६
तालिम ६(ठ) बागमती प्रदेशमा लगाएको खोपको विवरण ५६
तालिका ६(ड) गर्भवती एवं सुत्केरी महिलाको स्वास्थ्यमा पहुँचको तुलनात्मक अवस्था ५७
तालिका ६(ढ) स्वास्थ्य बीमा कार्यकमको अवस्थाः ५८
तालिका ६(ण) कोभिड-१९ रोकथाम नियन्त्रण सम्बन्धी विवरण ५९
तालिका ७(क) प्रमुख खाद्यान्न बालीको उत्पादन ६२
तालिका ७(ख) दलहन, तेलहन, तरकारी र फलफुलको उत्पादन मेट्रिक टन ६३
तालिका ७(ग) पशुपन्छीजन्य उत्पादनको विवरण ६४
तालिका ७(घ) प्रदेशगत वन क्षेत्रको विवरण ६५
तालिका ७(ङ) बागमती प्रदेशको वन क्षेत्रको जिल्लागत विवरण ६५
तालिका ७(च) वन क्षेत्रबाट संकलन भएको राजस्वको विवरण ६६
तालिका ७(छ) संरक्षित क्षेत्रको विवरणः ६६
तालिका ७(ज) वन पैदावार उत्पादन तथा आपूर्ति, खहरे तथा पहिरो उपचार र संरक्षण पोखरी निर्माण ६७
तालिका ७(झ) बागमती प्रदेशमा निर्माणाधिन उद्योग ग्राम ६८
तालिका ७(ञ) प्रदेशगत विदेशी लगानी स्वीकृत भएका उद्योग संख्या ६९
तालिका ८(क) प्रादेशिक र स्थानीय सडक सञ्जालको प्रदेशगत सडकको विवरण ७१
तालिका ८(ख) प्रदेश सरकारवाट निर्मित पुलको विवरण ७१
तालिका ८(ग) खानेपानी सेवा पुगेको जिल्लागत विवरण ७२

| | |
|---|---|
| तालिका ८(घ) खानेपानी, सरसफाई सेवा तथा ऊर्जाको उपयोगको अवस्था | ७३ |
| तालिका ८(ङ) जिल्लागत रुपमा क्षेत्रफल, खेतीयोग्य जमिन र सिंचाइ योग्य जमिनको विवरण | ७३ |
| तालिका ८(च) प्रदेशगत विद्युत उत्पादन (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक) | ७४ |
| तालिका ८(छ) राष्ट्रिय प्रशारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसंख्या | ७४ |
| तालिका ८(ज) हाल सम्मको राजस्व संकलनको विवरण | ७५ |
| तालिका ९(क) बागमती प्रदेशका मन्त्रालय/निकाय/कार्यालय र मौजुदा कर्मचारी दरबन्दी संख्या | ७६ |
| तालिका ९(ख) कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास | ७७ |
| तालिका ९(ग) आर्थिक वर्ष २०७८/०७९ को पदपूर्ति सम्बन्धी विवरण | ७८ |
| तालिका ९(घ) आर्थिक वर्ष २०७९/०८० को दरखास्त आह्वान र परीक्षामा सम्मिलित उम्मेदवारको विवरण | ७९ |
| तालिका ९(ङ) दर्ता/नविकरण भएका सञ्चार संस्था | ८० |
| तालिका ९(च) तर्जुमा गरिएका ऐन/नियम | ८० |

# चार्ट सूची


चार्ट २(क) आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ७
चार्ट २(ख) आर्थिक वर्ष २०७९/०८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादन ७
चार्ट २(ग) आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादनको प्रदेशगत वृद्धिदर ८
चार्ट २(घ) आर्थिक वर्ष २०७९/०८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना १०
चार्ट २(ङ) प्रदेशगत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १२
चार्ट २(च) वागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर १२
चार्ट २(छ) आर्थिक वर्ष २०७९/०८० मा कुल गार्हस्थ्य उत्पादनमा वागमती प्रदेशको योगदान १३
चार्ट ३(क) विगत ६ वर्षको बजेटको आकार १५
चार्ट ३(ख) प्रदेशगत राजस्व र खर्चको आकार (सम्बन्धित प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) १८
चार्ट ३(ग) विगत चार आर्थिक वर्षको पुँजीगत खर्चको प्रवृत्ति १८
चार्ट ३(घ) विगत ४ वर्षको वजेट तथा सरकारको कुल आय (नगद मौज्दात समेत) २४
चार्ट ३(ङ) विगत ३ आर्थिक बर्षको राजस्व अनुमान र प्राप्ति २७
चार्ट ३(च) विगत ५ आर्थिक बर्षको नगद मौज्दातको अवस्था २८
चार्ट ३(छ) विगत ३ आर्थिक वर्षमा संकलन भएको घर जग्गा रजिष्ट्रेशन शुल्क २९
चार्ट ४(क) बैक तथा वित्तीय संस्थाको शाखा ३६
चार्ट ४(ख) बीमा क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी बीमकहरु ३९
चार्ट ५(क) प्रदेशगत मानव विकास सम्बन्धी सूचक ४४
चार्ट ६(क) प्रदेशगत विद्यालय संख्याको विवरणः ४८
चार्ट ६(ख) आर्थिक बर्ष २०७६/७७ देखि २०७९ फागुन मसान्तसम्म कोभिड-१९ बाट मृत्यु हुनेको विवरण ६०
चार्ट ७(क) आ.व. २०७५/७६ देखि २०७९ फागुन मसान्तसम्मको उद्योगको दर्ता संख्या ६८
चार्ट ७(ख) २०७९ फागुन मसान्तसम्म उद्योग क्षेत्रको राजश्व संकलन रु. ६९
चार्ट ७(ग) विदेशी लगानी स्वीकृत भएका उद्योग ७०
चार्ट ८(क) २०७९ फागुन मसान्तसम्म सवारी दर्ता संख्याः ७५
चार्ट ९(क) कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास ७७

# १. कार्यकारी सारांश

१.१ आर्थिक वर्ष २०७९/८० मा नेपालको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन रु.५३ खर्ब ८१ अर्ब ३४ करोड रहने अनुमान गरिएकोमा बागमती प्रदेशको अंश सबै भन्दा बढी ३६.८० प्रतिशत अर्थात रु.१९ खर्ब ८१ अर्ब ३३ करोड रहने प्रारम्भिक अनुमान छ।

१.२ आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ७७.४ प्रतिशत, कृषि क्षेत्रको योगदान ११.२ प्रतिशत र उद्योग क्षेत्रको योगदान ११.४ प्रतिशत रहेको छ।

१.३ आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.१९ खर्ब ८१ अर्ब ३३ करोड हुने अनुमान मध्ये थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाईकल मर्मत सेवाको योगदान सवै भन्दा बढी ४ खर्ब ८ अर्ब ५० करोड रहेको छ। यसैगरी घर जग्गा कारोबार सेवाको योगदान २ खर्ब ६३ अर्ब ८७ करोड रहेको छ। वित्तीय तथा बीमा क्रियाकलापहरुको योगदान १ खर्ब ७६ अर्ब ६ करोड रहेको छ। उत्पादनमूलक उद्योगको योगदान ८९ अर्ब २९ करोड रहेको छ ।

१.४ आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर २.१६ प्रतिशत रहने अनुमान गरिएकोमा बागमती प्रदेशको वृद्धिदर १.८ प्रतिशत कायम हुने अनुमान छ।

१.५ आर्थिक वर्ष २०७९/८० मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ३ सय ९९ अमेरिकी डलर रहने अनुमान गरेकोमा बागमती प्रदेशको सवै प्रदेशको भन्दा बढी प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन २ हजार ४ सय ५५ अमेरिकी डलर रहने अनुमान छ।

१.६ बागमती प्रदेश सरकारको सार्वजनिक आय र खर्च बढदै गएको छ। आर्थिक वर्ष २०७६।७७ मा अघिल्लो वर्षको तुलनामा आय ४३.१३ प्रतिशतले वृद्धि भएको थियो भने खर्च ३५.३५ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७७।७८ मा अघिल्लो वर्षको तुलनामा आय २७.०८ प्रतिशतले वृद्धि भएको थियो भने खर्च २७.३६ प्रतिशले वृद्धि भएको थियो। आर्थिक वर्ष २०७८।७९ मा आय १८.०७ प्रतिशतले वृद्धि भएको थियो भने खर्च ६.७३ प्रतिशले वृद्धि भएको थियो।

१.७ आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्म मुलुकभर रहेका बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ११ हजार ६ सय २९ रहेकोमा बागमती प्रदेशमा सबै प्रदेशको भन्दा बढी ३ हजार ३६ रहेका छन्।

१.८ आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्म मुलुकभर रेहका विमकको शाखा संख्या ३ हजार २ सय १५ रहेकोमा बागमती प्रदेशमा विमकको शाखा संख्या ८ सय ८४ रहेको छ।

१.९ नेपालको बहुआयामिक गरिबी सन् २०१८ मा २८.६ प्रतिशत रहेको थियो भने सन् २०१९ मा १७.४ प्रतिशत रहेकोमा बागमती प्रदेशको बहुआयामिक गरिबीको दर सन् २०१८ मा १२.७ र सन् २०१९ मा ७ प्रतिशत रहेको थियो।

१.१० आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्म नेपालमा जम्मा विद्यालय संख्या ३६ हजार ३२ रहेकोमा बागमती प्रदेशमा जम्मा विद्यालय संख्या ६ हजार ९२४ अर्थात १९.२१ प्रतिशत रहेको छ।

१.११ आर्थिक वर्ष २०७९।८० को फागुन मसान्त सम्म बागमती प्रदेश भित्र प्रदेशका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय र निजी अस्पताल गरी जम्मा २ हजार ७३३ वटा स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका छन।

१.१२ मुलुकको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको योगदान १७ प्रतिशत रहेको छ।

१.१३ मुलुकको कुल उत्पादनमा अण्डा उत्पादनको हिस्सा यस प्रदेशको सवभन्दा बढी ६०.२१ प्रतिशत रहेको छ। यसैगरी मुलुकको कुल उत्पादनमा यस प्रदेशको धान उत्पादनको हिस्सा ९.०६ प्रतिशत, मकै उत्पादनको हिस्सा २३.१० प्रतिशत, तरकारी उत्पादनको हिस्सा १८.२४ प्रतिशत, आलु उत्पादनको हिस्सा २२.७५ प्रतिशत र मासु उत्पानको हिस्सा ३१.४८ प्रतिशत रहेको छ।

१.१४ आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्म नेपालमा रहेको कुल वन क्षेत्र ६१ लाख ६६ हजार ७६६ हेक्टर मध्ये बागमती प्रदेशमा ११ लाख ५४ हजार ६८५ हेक्टर अर्थात कुल वन क्षेत्रको १८.७ प्रतिशत क्षेत्र रहेको छ । प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल ५६.९३ प्रतिशत रहेको छ।

१.१५ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म यस प्रदेशमा नयाँ दर्ता भएका लघु, घरेलु तथा साना उद्योग ६ हजार १ सय २६ रहेका छन्।

१.१६ नेपालमा २०७९ फागुन मसान्तसम्म जम्मा ५,६९२ वटा उद्योगमा विदेशी लगानी स्वीकृत भएकोमा बागमती प्रदेशमा मात्र ४,६५८ वटा उद्योगमा विदेशी लगानी स्वीकृत भएको छ । अर्थात विदेशी लगानी स्वीकृत भएका मध्ये ८१.८ प्रतिशत उद्योगहरु बागमती प्रदेशमा रहेका छन ।

१.१७ आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्म नेपालमा प्रादेशिक तथा स्थानीय स्तरका सडक, कच्ची, खण्डाश्मित र कालोपत्रे गरी जम्मा सडकको लम्बाई ६६ हजार ५७ किलोमिटर रहेकोमा बागमती प्रदेशमा रहेका सडकको लम्बाई जम्मा १६ हजार ४८० किलो मिटर अर्थात २४.९५ प्रतिशत रहेको छ ।

१.१८ आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्म बागमती प्रदेशमा रहेका १५ लाख ६७ हजार ९१७ घरधुरी मध्ये १४ लाख ९७ हजार २६० घरधुरी अर्थात ९५.४९ प्रतिशत घरमा आधारभूत खानेपानी सुविधा र शतप्रतिशत घरमा शौचालयको निर्माण भएको छ ।

१.१९ बागमती प्रदेशको कुल क्षेत्रफल २० लाख ३० हजार ४४३ हेक्टर मध्ये ५ लाख ३१ हजार १३० हेक्टर जमिन खेती योग्य रहेको छ । खेती योग्य रहेको मध्ये २ लाख ७७ हजार ६९३ हेक्टर जमिन सिंचाइ योग्य रहेको छ । सिंचाइ योग्य जमिन मध्ये २०७९ फागुन मसान्तसम्म १ लाख ४६ हजार ४४३.५७ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको छ ।

१.२० आर्थिक वर्ष २०७९।८० को फागुन मसान्तसम्म नेपालमा २ हजार ५ सय ८४ मेगावाट जलविद्युत उत्पादन भएकोमा बागमती प्रदेशमा १ हजार १ सय ४९ मेगावाट उत्पादन रहेको छ ।

१.२१ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म बागमती प्रदेशमा ५३ हजार ९५६ नयाँ सवारी साधन दर्ता भएका छन ।

१.२२ बागमती प्रदेश अन्तर्गत सचिवालय/मन्त्रालय/निकाय/आयोग गरी कुल १५ वटा निकाय अन्तर्गत १८४ वटा कार्यालयहरु र यी कार्यालयहरुमा जम्मा ४ हजार १ सय १९ कर्मचारीको स्वीकृत दरवन्दी रहेको छ ।

१.२३ प्रदेश सरकारको वित्त व्यवस्थापनलाई पारदर्शी र नतिजामुखी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयकको मस्यौदा तर्जुमा गरी प्रदेश सभामा पेश गर्ने क्रममा रहेको छ ।

१.२४ समग्रमा प्रदेशका आर्थिक परिसूचकहरुमा केही प्रतिकूल रहेको भएतापनि सामाजिक सूचकहरुमा क्रमशः सुधार आएको छ ।

# २. समग्र आर्थिक स्थिति

**विश्व अर्थतन्त्र**

२.१ अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार २०२३ मा विश्व अर्थतन्त्र २.८ प्रतिशतमा सीमित हुने प्रक्षेपण रहेको छ। विकसित मुलुकहरुको औषत आर्थिक वृद्धिदर सन २०२२ मा २.७ प्रतिशत रहेकोमा सन २०२३ मा १.३ प्रतिशत मात्र कायम हुने अनुमान गरिएको छ । उदीयमान तथा विकासशील मुलुकको आर्थिक वृद्धिदर सन २०२२ मा ४.० प्रतिशत रहेकोमा सन २०२३ मा ३.९ प्रतिशत कायम हुने प्रक्षेपण गरिएको छ।

२.२ रसिया र युक्रेन बीचको युद्धको कारण सिर्जित असामान्य परिस्थितिले खल्बलिएको आपूर्ति श्रृखलाले पेट्रोलियम पदार्थ र खाद्यान्न लगायत दैनिक उपभोग्य बस्तुको मूल्य अभिवृद्धि भई विश्वव्यापी मुद्रास्फीति उच्च रहन गयो। मुद्रास्फीतिलाई नियन्त्रण गर्न मुलुकहरुले अवलम्बन गरेको कसिलो मौद्रिक नीतिका कारण सिर्जना भएको उच्च ब्याजदरका कारण कर्जा प्रवाहमा नकारात्मक प्रभाव पर्न गई आर्थिक क्रियाकलापमा सुस्तता आएको छ ।न्यून आर्थिक वृद्धि, उच्च वित्तीय जोखिम तथा उच्च मुद्रा स्फीतिका कारण २०२३ मा विश्व अर्थतन्त्र थप तरल र अनिश्चित हुने जोखिम रहेको छ।

**राष्ट्रिय अर्थतन्त्र**

२.३ आर्थिक वर्ष २०७९/०८० मा मुलुकको औषत आर्थिक वृद्धिदर २.१६ प्रतिशत हुने अनुमान छ।

२.४ आर्थिक वर्ष २०७९/०८० मा कृषि, वन र मत्स्यपालन क्षेत्रको कुल मूल्य अभिवृद्धि २.७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०७८/०७९ मा कृषि, वन र मत्स्यपालन क्षेत्रको कुल मूल्य अभिवृद्धि २.२ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/०७९ मा गैर कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि ६.५६ प्रतिशत भएकोमा आर्थिक वर्ष २०७९/०८० मा यस्तो मूल्य अभिवृद्धि १.९२ प्रतिशत रहने अनुमान छ।

२.५ आर्थिक वर्ष २०७९/०८० मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः२४.१ प्रतिशत, १३.५ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७८/०७९ मा यो क्रमश २४.७ प्रतिशत, १४.१ प्रतिशत, र ६१.२ प्रतिशत रहेको थियो।

२.६ आर्थिक वर्ष २०७८/७९ मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादन रु. ४९ खर्ब ३३ अर्ब ७० करोड रहेकोमा आर्थिक वर्ष २०७९/८० मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादन रु. ५३ खर्ब ८१ अर्ब ३४ करोड रहने अनुमान छ।

२.७ आर्थिक वर्ष २०७९/०८० मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादनमा अन्तिम उपभोग खर्चको योगदान रु. ५० खर्ब ३६ अर्ब १५ करोड रहने अनुमान छ। वस्तु तथा सेवाको खुद निर्यात

रु. १५ खर्ब ७९ अर्ब २२ करोडले ऋणात्मक रहने अनुमान छ। आर्थिक वर्ष २०७८/०७९ मा अन्तिम उपभोग खर्चको योगदान रु. ४६ खर्ब ४८ अर्ब ९२ करोड, कुल पुँजी निर्माणको योगदान रु. १८ खर्ब ४६ अर्ब २ करोडले धनात्मक भएको र वस्तु तथा सेवाको खुद निर्यात रु. १७ खर्ब ७० अर्ब ०९ करोडले ऋणात्मक रहेको थियो।

२.८ आर्थिक वर्ष २०७८/०७९ मा कुल राष्ट्रिय आय रु. ४९ खर्ब ६२ अर्ब ५९ करोड र कुल राष्ट्रिय खर्चयोग्य आम्दानी रु. ६० खर्ब ८० अर्ब ४६ करोड रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा कुल राष्ट्रिय आय रु. ५४ खर्ब २४ अर्ब २७ करोड र कुल राष्ट्रिय खर्चयोग्य आम्दानी रु. ६७ खर्ब ३९ अर्ब ९१ करोड हुने अनुमान रहेको छ।

२.९ आर्थिक वर्ष २०७९/०८० मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रु १ लाख ८२ हजार ६ सय ८३ पुग्ने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रु १ लाख ६९ हजार ३८ थियो।

२.१० आर्थिक वर्ष २०७८/०७९ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) अमेरिकी डलर १४०७ रहेकोमा आर्थिक वर्ष २०७९/८० मा अमेरिकी डलर १४१० पुग्ने अनुमान रहेको छ।

२.११ आर्थिक वर्ष २०७८/७९ मा प्राथमिक, द्वितीय र सेवा क्षेत्र (तृतीय क्षेत्र) को कुल गार्हस्थ्य उत्पादनमा योगदान क्रमशः २५.२ प्रतिशत, १३.५ प्रतिशत र ६१.२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७९/०८० मा यस्तो अनुपात क्रमशः २४.६ प्रतिशत, १२.९ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान छ।

२.१२ आर्थिक वर्ष २०७९/०८० मा प्राथमिक, द्वितीय र सेवा क्षेत्र (तृतीय क्षेत्र) को वृद्धिदर दर क्रमशः२.७ प्रतिशत, ०.६ प्रतिशत र २.३ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/०७९ मा यस्तो वृद्धिदर क्रमशः ३.० प्रतिशत, ५.४ प्रतिशत र ४.५ प्रतिशत रहेको थियो।

तालिका २(क) प्रमुख समष्टिगत आर्थिक परिसूचकहरुको तुलनात्मक विवरण

| सूचक | २०७८/०७९ | २०७९/०८०* |
|---|---|---|
| आर्थिक वृद्धिदर (प्रतिशत ) | ५.४६ | २.१६ |
| कुल गार्हस्थ्य उत्पादन- प्रचलित मूल्यमा (रु करोडमा)- | ४९३३७० | ५३८१३४ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) - अमेरिकी डलर | १३९९ | १३९९ |
| उपभोग र कुल गार्हस्थ्य उत्पादनको अनुपात (प्रतिशतमा) | ९४.२३ | ९३.५९ |
| कुल गार्हस्थ्य बचत र कुल गार्हस्थ्य उत्पादनको अनुपात (प्रतिशतमा) | ५.७७ | ६.४१ |
| कुल राष्ट्रिय बचत र कुल गार्हस्थ्य उत्पादनको अनुपात (प्रतिशतमा) | २९.०१ | ३१.६६ |
| लगानी (कुल पुँजी निर्माण) वृद्धि (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) | २८.५ | २५.२ |
| बचत र लगानीको अन्तर (प्रतिशत) | ३१.६ | २६.२ |
| तिर्न बाँकी खुद सार्वजनिक ऋण फागुन सम्म ( रु करोडमा) | २०१३२९.६४ | २०८००६.०३ |
| कुल वैदेशिक व्यापार फागुनसम्म ( रु करोडमा) | २१२०४७.९ | ११६३१८.२ |
| चालु खाता घाटा फागुनसम्म (रु अर्बमा) | ६२३.३३ | १०४.८३ |
| शोधनान्तर स्थिति फागुन सम्म (रु अर्बमा) | -२५५.२६ | १००.४९ |
| विप्रेषण आप्रवाह (रु अर्बमा) | १००७.३१ | ११८१.८१ |
| विदेशी विनिमय संचिति (रु अर्बमा) | १२१५.८० | १३१६.२९ |

स्रोत: आर्थिक सर्भेक्षण, २०७९/०८०, अर्थ मन्त्रालय *२०७९ फागुन मसान्तसम्म

२.१३ २०७९ फागुन मसान्तसम्म तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. २० खर्ब ८० अर्ब ६ करोड पुगेको छ। २०७८ फागुनसम्म यस्तो ऋण रु.१८ खर्ब ४८ अर्ब १८ करोड रहेको थियो।

२.१४ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा शोधनान्तर स्थिति रु. १ खर्ब ४८ अर्ब ११ करोड बचतमा रहेको छ। गत आर्थिक बर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २ खर्ब ५८ अर्ब ६४ करोड घाटामा रहेको थियो ।


२.१५ चालु आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्ममा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले बृद्धि भई रु.७ खर्ब ९४ अर्ब ३२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १.३ प्रतिशतले घटेको थियो।

## प्रदेशगत आर्थिक वृद्धि

२.१६ आर्थिक वर्ष २०७९/०८० मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादन रु. ५३ खर्ब ८१ अर्ब ३४ करोड रहने अनुमान गरिएकोमा सबै भन्दा बढी वागमती प्रदेशको अंश १९ खर्ब ८१ अर्ब ३३ करोड अर्थात् ३६.८ प्रतिशत रहेको छ। जुन आर्थिक वर्ष २०७८/०७९ मा रु. १८ खर्ब १९ अर्ब ८७ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा सबै भन्दा कम कर्णाली प्रदेशको अंश रु.२ खर्ब २१ अर्ब ५३ करोड अर्थात् ४.१ प्रतिशत रहने अनुमान छ।

चार्ट २(क) आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान


(प्रतिशतमा)*




स्रोत: आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय

चार्ट २(ख) आर्थिक वर्ष २०७९/०८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)

(रू. करोडमा)





स्रोत: आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय

२.१७ आर्थिक वर्ष २०७९/०८० मा मुलुकको आर्थिक वृद्धिदर २.१६ प्रतिशत रहने अनुमान गरिएकोमा गण्डकी प्रदेशको वृद्धिदर सबै भन्दा बढी ३.७ प्रतिशत कायम हुने अनुमान छ। आर्थिक वर्ष २०७९/०८० मा बागमती प्रदेशको आर्थिक वृद्धिदर १.८ प्रतिशत रहने अनुमान गरिएको छ। चालु आर्थिक वर्ष २०७९/०८० मा कोशी, मधेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको कुल ग्राहस्थ उत्पादन वृद्धिदर क्रमश २.४, १.९, २.२, २.२, १.९ प्रतिशत रहेको छ।

चार्ट २(ग) आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादनको प्रदेशगत वृद्धिदर

(प्रतिशत)




**स्रोत: आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय,**

२.१८ आर्थिक वर्ष २०७९/०८० मा वागमती प्रदेशको औद्योगिक वर्गीकरण अनुसारको कुल गार्हस्थ्य उत्पादनको संरचना हेर्दा सबै भन्दा बढी योगदान थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाईकल मर्मत सेवाको देखिन्छ। उक्त क्षेत्रबाट रु. ४ खर्ब ८ अर्ब ५० करोड योगदान भएको छ। त्यसै गरी दोस्रो ठूलो क्षेत्रको रुपमा घर जग्गा कारोवार सेवा रहेको छ। उक्त क्षेत्रको योगदान रु. २ खर्ब ६३ अर्ब ८७ करोड रहेको छ। तेस्रो ठुलो क्षेत्रको रुपमा वित्तीय तथा बीमा क्रियाकलापको योगदान यस प्रदेशमा रु.२ खर्ब ९ अर्ब ४८ करोड र उत्पादनमूलक उद्योगको योगदान ८९ अर्ब २९ करोड रहने अनुमान छ।

तालिका २(ख) बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वर्गीकरण अनुसारको योगदान

(रू. करोडमा)


| औद्योगिक वर्गीकरण | २०७८/७९R | २०७९/८०P |
|---|---|---|
| कृषि, वन र मत्स्यपालन | १७७८६ | १९४०१ |
| खानी तथा उत्खनन् | ११४९ | ११९५ |
| उत्पादनमूलक उद्योग | ८६२० | ८९२९ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकूलित आपूर्ति सेवा | २२२४ | २५३४ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | ४९१ | ५०२ |
| निर्माण | ६२३९ | ६६०५ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ३८८७३ | ४०८५० |
| यातायात तथा भण्डारण | १२१४० | १५०६२ |
| आवास तथा भोजन सेवा | २८७२ | ३६९९ |
| सूचना तथा सञ्चार | २७४७ | २८९३ |
| वित्तीय तथा बीमा क्रियाकलापहरु | १७६०६ | २०९४८ |
| घरजग्गा कारोवारको सेवा | २४०२७ | २६३८७ |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | २७१५ | ३०३० |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | २२१७ | २४६३ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ५७४० | ६८९० |
| शिक्षा | ७१६९ | ८१८९ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | १९०९ | २३१६ |
| अन्य सेवाका क्रियाकलापहरु | ११२१ | १२४२ |
| *कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)* | १५५६४५ | १७३१३२ |
| उत्पादित वस्तुमा खुद कर | २६३४२ | २५००२ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | १८१९८७ | १९८१३३ |

**स्रोतः आर्थिक सर्भेक्षण २०७९/०८० अर्थ मन्त्रालय** **नोटः R: यथार्थ, P: अनुमानित**

२.१९ आर्थिक वर्ष २०७९/०८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना हेर्दा बागमती प्रदेशमा सेवा क्षेत्रको योगदान ७७.४ प्रतिशत देखिन्छ भने प्राथमिक र द्वितीय क्षेत्रको योगदान क्रमशः ११.९ प्रतिशत र १०.७ प्रतिशत रहेको छ। अन्य प्रदेशमा सेवा क्षेत्रको योगदान ६० प्रतिशत भन्दा कम रहने देखिन्छ। कोशी, मधेश र सुदूरपश्चिम प्रदेशमा प्राथमिक क्षेत्रको योगदान करिब एक तिहाई रहने अनुमान छ। द्वितीय क्षेत्रको योगदान सबै भन्दा बढी गण्डकी प्रदेशमा १७.४ प्रतिशत र कोशी प्रदेशको १६.५ प्रतिशत रहेको छ। प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशमा ३५.४ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशमा ११.९ प्रतिशत रहेको अनुमान छ।

चार्ट २(घ) आर्थिक वर्ष २०७९/०८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना

**(प्रतिशतमा)**




**स्रोत: आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय**

२.२० आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ३६.८ प्रतिशत योगदान रहने अनुमान छ। यस प्रदेशको वित्तीय तथा बीमा क्रियाकलापहरुले राष्ट्रिय वित्तीय तथा बीमा क्रियाकलापमा ६०.५ प्रतिशत योगदान गर्ने अनुमान छ। थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवाले उक्त क्षेत्रमा ५६.५१ प्रतिशत योगदान हुने अनुमान छ। बागमती प्रदेशको घर जग्गा कारोवार सेवाले राष्ट्रिय घरजग्गा कारोवार सेवामा ६७.४ प्रतिशत योगदान गर्ने अनुमान छ। कृषि, वन र मत्स्यपालन, शिक्षा र स्वास्थ्य क्षेत्रको क्रमश: १७.१० प्रतिशत, २१.२० प्रतिशत र २५.७० प्रतिशत योगदान रहने अनुमान छ।

तालिका २(ग) औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान

(प्रतिशतमा)


| औद्योगिक वर्गीकरण | २०७८/७९R | २०७९/०८० P |
|---|---|---|
| कृषि, वन र मत्स्यपालन | १७.१० | १७.१० |
| खानी तथा उत्खनन् | ४९.४० | ४९.४० |
| उत्पादनमूलक उद्योग | ३६.०० | ३५.८० |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ३४.६० | ३२.९ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | २३.३ | २३.३० |
| निर्माण | २५.४ | २५.५० |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ५६.५० | ५६.५० |
| यातायात तथा भण्डारण | ४७.२० | ४७.२० |
| आवास तथा भोजन सेवा | ३९.८० | ३९.८० |
| सूचना तथा सञ्चार | ३१.२० | ३१.२ |
| वित्तीय तथा बीमा क्रियाकलापहरु | ६०.५० | ६०.५० |
| घरजग्गा कारोवारको सेवा | ६७.४ | ६७.१० |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | ६६.६० | ६६.६० |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ७३.०० | ७३.०० |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १८.०० | १८.०० |
| शिक्षा | २१.२० | २१.२० |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | २५.७० | २५.७० |
| अन्य सेवाका क्रियाकलापहरु | ४४.७ | ४४.८ |
| *कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)* | ३६.६७ | ३६.९४ |
| उत्पादित वस्तुमा खुद कर | ३६.६७ | ३६.७६ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ३६.६७ | ३६.९0 |

**स्रोतः आर्थिक सर्भेक्षण २०७९/०८० अर्थ मन्त्रालय** **नोटः R: यथार्थ, P: अनुमानित**

२.२१ प्रदेशगत रुपमा औषत प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन) हेर्दा सबै भन्दा बढी बागमती प्रदेशको २,४५५ अमेरिकी डलर रहेको छ जुन नेपालको औषत प्रतिव्यक्ति आय १,३९९ भन्दा माथि रहेको छ। सबै भन्दा कम औषत प्रतिव्यक्ति आय मधेश प्रदेशको ८७५ अमेरिकी डलर रहेको छ भने कर्णाली प्रदेशको ९९७ अमेरिकी डलर रहेको छ।

चार्ट २(ङ) प्रदेशगत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन

(अमेरिकी डलरमा)





**स्रोतः आर्थिक सर्भेक्षण २०७९/०८०, अर्थ मन्त्रालय**

२.२२ आर्थिक बर्ष २०७८/०७९ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०७९/०८० मा १.८ प्रतिशत रहने अनुमान छ।

चार्ट २(च) बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर

(प्रतिशतमा)





**स्रोतः आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय**

२.२३ आर्थिक वर्ष २०७५/७६ मा बागमती प्रदेशको औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा जम्मा ३७.९१ प्रतिशत योगदान रहेकोमा आर्थिक वर्ष २०७६/७७ मा ३६.२० प्रतिशतमा सीमित हुन पुगेको देखिन्छ। आर्थिक बर्ष २०७७/०७८ मा ३६.६७ प्रतिशत योगदान भएकोमा आर्थिक बर्ष २०७८/०७९ मा ३७ प्रतिशत पुगेको देखिन्छ भने आर्थिक बर्ष २०७९/०८० मा ३६.८ प्रतिशत रहने अनुमान गरिएको छ।

चार्ट २(छ) आर्थिक वर्ष २०७९/०८० मा कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान

(प्रतिशतमा)




स्रोत: आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय

तालिका २(घ) बागमती प्रदेशको केही परिसूचकको राष्ट्रिय परिसूचकसँग तुलना

(२०७९ फागुनसम्म)

| परिसूचक | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| स्थानीय तहको संख्या | ७५३ | ११९ |
| जनसंख्या (प्रतिशतमा) | १०० | २१ |
| क्षेत्रफल (प्रतिशतमा ) | १०० | १३.८ |
| आर्थिक वृद्धिदर ( आधारभूत मूल्यमा) | २.१६ | १.८ |
| कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ( आधारभूत मूल्यमा) | १०० | ३६.८ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ( अमेरिकी डलरमा) | १३९९ | २४५५ |
| उद्योगको दर्ता संख्या | ८९४७ | ५७३९ |
| लघु, घरेलु तथा साना उद्योग संख्या | ६७३२४४ | १९६४१५ |
| उद्योगमा लगानी ( रु अर्बमा) | २७८३.०३ | ९९४.७७ |
| विद्युत उत्पादन ( मेगावाट) | २५८४ | ११४९ |
| वन क्षेत्र ( प्रतिशतमा ) | १०० | १८.७ |
| स्थानीय सडक संजाल ( कि. मि) | ६६०५७ | १६४८० |
| विद्यालय संख्या | ३६०३२ | ६९२४ |
| बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ११६२९ | ३०३६ |
| प्रति शाखा जनसंख्या | २५१० | २००४ |
| बिमकको शाखा संख्या | ३२१५ | ८८४ |

स्रोत: आर्थिक सर्भेक्षण २०७९/०८०, अर्थ मन्त्रालय

२.२४ यस प्रदेशको कुल खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९ मा क्रमशः ५६.१ प्रतिशत, ५६.२ प्रतिशत र ५५.३ प्रतिशत रहेको छ।

तालिका २(ङ) प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति

**(रू. करोडमा)**

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश |
| कोशी | २९८३.३ | ५९.९ | २७९५.१ | ५६.८ | २९९६.६ | ५६.२ |
| मधेश | १८०१.७ | ४५.७ | २२५४.६ | ६१.७ | २२२६.० | ५३.६ |
| बागमती | २७९५.१ | ५६.१ | ३५५९.५ | ५६.२ | ३७९९.५ | ५५.३ |
| गण्डकी | २०४१.४ | ६८.५ | २५६२.३ | ६८.७ | २२०४.४ | ६५.६ |
| लुम्बिनी | २५४०.७ | ५७.९ | ३२१०.३ | ५७.६ | ३००५.५ | ५७.९ |
| कर्णाली | १६८८ | ५६.५ | २२०४.२ | ६१.६ | २४२८.२ | ६२.१ |
| सुदूरपश्चिम | १७६१.२ | ५२.७ | २२९६.८ | ५४.९ | २०८७.७ | ५७.२ |
| **जम्मा** | **१५६११** | **५७.२** | **१८८८३** | **५९.३** | **१८७४८** | **५८** |

**स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय**

# ३. सार्वजनिक वित्त

३.१ बागमती प्रदेश सरकारले सार्वजनिक खर्चलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाई गुणस्तर अभिवृद्धि गर्ने प्रयास गरेको छ। प्रदेश सरकारका प्राथमिकता प्राप्त आयोजना सम्पन्न गर्नेगरी सार्वजनिक स्रोतको व्यवस्थापन गरिएको छ।

३.२ प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ बमोजिम प्रदेश सरकारका ठूला आयोजनाहरु कार्यान्वयन भइरहेका छन्।


३.३ सार्वजनिक वित्त व्यवस्थापनमा नेपाल सरकारले तयार गरी प्रदेशलाई उपलव्ध गराएका राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS), एकलकोष खाता प्रणाली (TSA), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लगायतका प्रणालीहरु प्रयोगमा रहेका छन्।

## प्रदेशको बजेटको आकार र खर्च

३.४ बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७४/७५ मा संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान वापत प्राप्त रु.१ अर्व २ करोड ५ लाखको बजेट प्रस्तुत गरेको थियो। तत्पश्चात प्रदेश सरकारले प्रत्येक वर्षको असार १ गते वार्षिक आय व्ययको अनुमानित विवरण (वजेट) प्रस्तुत गर्ने गरेको छ। आर्थिक वर्ष २०७५/७६ का लागि रु.३५ अर्ब ६१ करोड, आर्थिक वर्ष २०७६/७७ का लागि रु.४७ अर्ब ६० करोड, आर्थिक वर्ष २०७७/७८ का लागि रु.५१ अर्ब ४२ करोड, आर्थिक वर्ष २०७८/७९ का लागि रु.५७ अर्ब ७२ करोड र आर्थिक वर्ष २०७९/८० का लागि रु.७० अर्व ९३ करोडको बजेट तर्जुमा गरी प्रस्तुत भएको थियो। आर्थिक वर्ष २०७९/८० को कुल बजेटको आकार आर्थिक वर्ष २०७८/७९ को भन्दा २२.८९ प्रतिशतले वृद्धि भएको छ।

चार्ट ३(क) विगत ६ वर्षको बजेटको आकार

(रू.करोडमा)




स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश

३.५ आर्थिक वर्ष २०७४/७५ मा प्रदेश सरकारको विनियोजित बजेटको २६.४० प्रतिशत रकम खर्च भएको थियो। यसैगरी आर्थिक वर्ष २०७५/७६ मा कुल विनियोजनको ५७.९९ प्रतिशत, आर्थिक वर्ष २०७६/७७ मा ५८.७१ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा ६९.२२ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ६५.८३ प्रतिशत रकम खर्च भएको देखिन्छ। खर्च रकमको तुलना गर्दा आर्थिक वर्ष २०७५/७६ को तुलनामा आर्थिक वर्ष २०७६/७७ मा ३५.३४ प्रतिशतले बढी, आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा २७.३६ प्रतिशतले बढी र आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/२०७९ मा ६.७३ प्रतिशतले बढी खर्च भएको छ।

तालिका ३(क) प्रदेश सरकारको विगत ४ आर्थिक वर्षको खर्चको तुलनात्मक विवरण

(रू.करोडमा)

| खर्चको प्रकार | २०७५/७६ | | | २०७६/२०७७ | | | २०७७/७८ | | | २०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रतिशत | विनियोजन | खर्च | प्रतिशत | विनियोजन | खर्च | प्रतिशत | विनियोजन | खर्च | प्रतिशत |
| चालु | १,३८६.२५ | १,१०९.८३ | ८०.०६ | २,४४६.७९ | १,२२६.८८ | ५०.१४ | २,४२८.७३ | १,४१८.६६ | ५८.४१ | २,२५०.५१ | १,५६९.९९ | ६९.७६ |
| वृद्धिदर प्रतिशत | | | | ७६.५० | १०.५५ | -३७.३७ | -०.७४ | १५.६३ | १६.४९ | -७.३४ | १०.६७ | १९.४३ |
| पुँजीगत | २,१७५.३० | ९५५.४३ | ४३.९२ | २,२८३.९८ | १,५६८.०२ | ६८.६५ | २,५१४.०१ | २,०००.८२ | ७९.५९ | ३,३२१.५८ | २,०९९.५१ | ६३.२१ |
| वृद्धिदर प्रतिशत | | | | ५.०० | ६४.१२ | ५६.३१ | १०.०७ | २७.६० | १५.९३ | ३२.१२ | ४.९३ | -२०.५८ |
| वित्तीय व्यवस्था | ०.०० | ०.०० | | ३०.०० | ०.०० | ०.०० | २००.०० | १४०.०० | ७०.०० | २००.०० | १३०.०० | ६५.०० |
| जम्मा | ३,५६१.५६ | २,०६५.२६ | ५७.९९ | ४,७६०.७७ | २,७९५.०८ | ५८.७१ | ५,१४२.७४ | ३,५५९.११ | ६९.२२ | ५,७७२.०९ | ३,७९९.५० | ६५.८३ |
| वृद्धिदर प्रतिशत | | | | ३३.६७ | ३५.३४ | १.२५ | ८.०२ | २७.३६ | १७.९० | १२.२४ | ६.७३ | -४.९० |

**स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

३.६ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रदेश सरकारको कुल खर्च रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.९१ प्रतिशतले वृद्धि भई रू.१७ अर्व ११ करोड ०८ लाख पुगेको छ। विनियोजित बजेटको खर्च प्रतिशतको आधारमा भने आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्मको खर्च प्रतिशत अघिल्लो आर्थिक वर्षको सोही अवधिको खर्च प्रतिशतको तुलनामा ५.६९ प्रतिशतले कम हो। विगत आर्थिक वर्षहरुमा भएको खर्च रकमको आधारमा तुलना गर्दा प्रदेश सरकारको खर्च गर्ने क्षमतामा क्रमश सुधार हुदै गएको देखिन्छ।

३.७ गत आर्थिक वर्षको फागुन मसान्तसम्मको कुल खर्च मध्ये चालु खर्च तर्फ रु.८ अर्व १६ करोड ९१ लाख खर्च भएको देखिन्छ भने चालु आर्थिक वर्षको सोही अवधिमा चालु खर्च तर्फ रु.९ अर्व २४

करोड ४२ लाख खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा चालु खर्चमा ८.७३ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षमा समग्र बजार मूल्यमा वृद्धि हुन गई अनिवार्य दायित्व तथा चालु खर्चमा वृद्धि भएको देखिन्छ।

३.८ पुँजीगत बजेट तर्फ गत आर्थिक वर्षको फागुन मसान्तसम्म कुल रु.५ अर्व ५९ करोड ३३ लाख खर्च भएकोमा चालु आर्थिक वर्षको सोही अवधिसम्म कुल रु.७ अर्व २६ करोड ६६ लाख खर्च भएको छ। प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन व्यवस्थापनमा कर्मचारीहरु खटिनु पर्दा कामको निरन्तरता टुटन गएको कारण गत आर्थिक वर्षको विनियोजित बजेटको खर्च प्रतिशतको आधारमा तुलना गर्दा चालु आर्थिक वर्षमा पुँजीगत खर्चमा ७.८१ प्रतिशतले कमी आएको देखिन्छ।

तालिका ३(ख) आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को फागुन मसान्तसम्मको दोस्रो चौमासिक तुलनात्मक खर्च र प्रगति

(रू.करोडमा)

| खर्चको प्रकार | आ.व. २०७९/८० | | | | आ.व. २०७८/७९ | | | | २०७७/७८ |
|---|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | फागुनसम्मको खर्च | प्रगति प्रतिशत | प्रतिशत परिवर्तन | वार्षिक विनियोजन | फागुनसम्मको खर्च | प्रगति प्रतिशत | प्रतिशत परिवर्तन | फागुनसम्मको खर्च |
| चालु | २७०७.९६ | ९२४.४२ | ३४.१४ | ८.७२ | २६०१.६६ | ८१६.९१ | ३१.४० | २०.८२ | ६४६.८५ |
| पुँजीगत | ४१८५.९७ | ७२६.६६ | १७.३६ | -७.८१ | २९७०.४३ | ५५९.३३ | १८.८३ | -६.६७ | ५९६.६५ |
| वित्तीय व्यवस्था | २००.०० | ६०.०० | ३०.०० | -४०.०० | २००.०० | १००.०० | ५०.०० | ४०.०० | ६०.०० |
| जम्मा | ७०९३.९३ | १७११.०८ | २४.१२ | -५.६९ | ५७७२.०९ | १४७६.२४ | २५.५८ | ११.७० | १३०३.५० |

स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश

३.९ चालु आर्थिक वर्षको फागुनसम्मको प्रदेशगत कुल खर्चमध्ये सबैभन्दा बढी खर्चभार बागमती प्रदेशको ०.२२७ रहेको छ।

तालिका ३(ग) २०७८/०७९ मा प्रदेशगत सार्वजनिक खर्चको अवस्था


(रू.करोडमा)

| प्रदेश | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| कोशी | ६९७.१८ | ६५२.१० | ०.०० | १३४९.२८ | ०.१७९ |
| मधेश | ३६५.२३ | ४२६.१५ | ०.०० | ७९१.३८ | ०.१०५ |
| बागमती | ९२४.४३ | ७२६.६६ | ६०.०० | १७११.०९ | ०.२२७ |
| गण्डकी | ४०८.७१ | ४९४.०७ | ०.०० | ९०२.७९ | ०.१२० |
| लुम्बिनी | ६३४.५१ | ६०७.५२ | ०.०० | १२४२.०३ | ०.१६५ |
| कर्णाली | ३५१.६३ | ३२८.८३ | ०.०० | ६८०.४६ | ०.०९० |
| सुदूरपश्चिम | ३९०.०३ | ४७२.९१ | ०.०० | ८६२.९३ | ०.११४ |
| जम्मा | ३७७१.७२ | ३७०८.२४ | ६०.०० | ७५३९.९६ | १.०० |

स्रोत: आर्थिक सर्वेक्षण, २०८०, अर्थ मन्त्रालय

३.१० आर्थिक वर्ष २०७८/०७९ मा प्रदेशगत तुलना गर्दा कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले गरेको खर्चको अनुपात २.०९ प्रतिशत र उपयोग गर्ने राजस्वको अनुपात १.७६ प्रतिशत रहेको छ।

चार्ट ३(ख) प्रदेशगत राजस्व र खर्चको आकार (सम्बन्धित प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)





**स्रोत: आर्थिक सर्वेक्षण, २०८० अर्थ मन्त्रालय**

३.११ आर्थिक वर्ष २०७५/७६ को बागमती प्रदेशको कुल खर्चमा पुँजीगत खर्चको अंश ४६.२६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा यो अंश क्रमशः ५६.१० प्रतिशत, ५६.२० प्रतिशत र ५५.२६ प्रतिशत भएको छ। प्रदेश सरकारको पुँजीगत खर्चको अनुपात आर्थिक वर्ष २०७८/७९ मा घटेको तथा अन्य आर्थिक वर्षहरुमा क्रमिक रुपमा वृद्धि हुदै गएको छ।

चार्ट ३(ग) विगत चार आर्थिक वर्षको पुँजीगत खर्चको प्रवृत्ति

**(प्रतिशतमा)**




**स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

३.१२ आर्थिक वर्ष २०७५/७६ मा पुँजीगत बजेटको तुलनामा ४३.९२ प्रतिशत पुँजीगत खर्च भएकोमा आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा यो अंश क्रमशः ६८.६५ प्रतिशत, ७९.५९ प्रतिशत र ६३.२१ प्रतिशत भएको देखिन्छ।

## स्थानीय तहमा वित्तीय हस्तान्तरण

३.१३ बागमती प्रदेश सरकारले स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणलाई व्यवस्थित गर्न विनियोजन ऐन मार्फत वित्तीय हस्तान्तरण गर्दै आएको छ। सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधिमा भएको व्यवस्था बमोजिम आयोजना तथा कार्यक्रम छनौट गरी स्थानीय तह मार्फत कार्यान्वयन भईरहेको छ।

३.१४ प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि स्थानीय तहमा वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान प्रदान गर्दै आएको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल रु.६ अर्व २४ करोड हस्तान्तरण गरिएकोमा आर्थिक वर्ष २०७६/७७ मा यो रकम घटेर रु.४ अर्व ४५ करोड ५१ लाख मात्र हस्तान्तरण गरिएको थियो। आर्थिक वर्ष २०७७/७८ मा रु.६ अर्व ७३ करोड ८५ लाख रकम हस्तान्तरण गरिएको थियो। त्यसैगरी आर्थिक वर्ष २०७८/०७९ मा रु.६ अर्ब ७९ करोड २५ लाख रकम हस्तान्तरण गरिएको थियो। उक्त रकम वित्तीय हस्तान्तरणमा विनियोजित बजेटको ८९.५९ प्रतिशत हो। वित्तीय समानीकरण अनुदान बाहेकको अन्य अनुदान बजेट खर्च प्रगतिका आधारमा हस्तान्तरण हुने भएकोले सम्पूर्ण विनियोजित रकम हस्तान्तरण नभएको अवस्था छ। सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकमबाट खर्च हुन नसकी बचत रहेको रकम प्रदेश सञ्चितकोषमा फिर्ता गर्नुपर्ने प्रदेश विनियोजन ऐनको व्यवस्था विपरित कतिपय स्थानीय तहले त्यस्तो बचत रकम फिर्ता नगरेकोमा प्रदेश विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम आगामी वर्षमा सम्बन्धित स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानबाट फिर्ता गर्न बाँकी बचत अनुदान रकम कट्टी गरिएको हुँदा वित्तीय समानीकरण अनुदान समेत शत् प्रतिशत हस्तान्तरण नभएको देखिएको हो।

३.१५ विगत चार आर्थिक वर्षको वित्तीय हस्तान्तरणको प्रवृत्ति हेर्दा प्रदेश सरकारबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमध्ये सबैभन्दा बढी आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ मा सशर्त अनुदानमा र आर्थिक वर्ष २०७८/७९ मा समपूरक अनुदानमा तथा सबै आर्थिक वर्षहरुमा सबैभन्दा कम विशेष अनुदानमा विनियोजन भएको देखिन्छ। साथै हालसम्म सवैभन्दा बढी सशर्त अनुदानमा र सबैभन्दा कम विशेष अनुदान हस्तान्तरण भएको देखिन्छ।

तालिका ३(घ) विगत ४ आर्थिक वर्षको स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको तुलनात्मक विवरण

(रू.करोडमा)

| अनुदान | २०७५/७६ | | | २०७६/२०७७ | | | २०७७/७८ | | | २०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | हस्तान्तरण | प्रतिशत | अनुमान | हस्तान्तरण | प्रतिशत | अनुमान | हस्तान्तरण | प्रतिशत | अनुमान | हस्तान्तरण | प्रतिशत |
| समानीकरण अनुदान | १००.०० | १००.०० | १००.०० | १२५.०० | १२४.८८ | ९९.९० | १२५.०० | १२२.६९ | ९८.१५ | १५०.०० | १४८.८१ | ९९.२१ |
| सशर्त अनुदान | ३७४.२४ | ३७१.४२ | ९९.२५ | १८४.७१ | १७८.०९ | ९६.४२ | ३०६.४५ | २९२.३२ | ९५.३९ | २७३.९३ | २५१.५० | ९१.८१ |
| समपूरक अनुदान | ८७.५९ | ८७.५९ | १००.०० | १३८.७३ | १२२.७८ | ८८.५० | २६३.१६ | २३१.४४ | ८७.९५ | २९१.८२ | २४२.४१ | ८३.०७ |
| विशेष अनुदान | ६५.०० | ६५.०० | १००.०० | २१.५५ | १९.७५ | ९१.६५ | २९.७० | २७.३९ | ९२.२२ | ४२.४४ | ३६.५३ | ८६.०८ |
| **जम्मा अनुदान** | ६२६.८३ | ६२४.०१ | ९९.५५ | ४७०.०० | ४४५.५१ | ९४.७९ | ७२४.३१ | ६७३.८५ | ९३.०३ | ७५८.१८ | ६७९.२५ | ८९.५९ |

**स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, वागमती प्रदेश**

३.१६ गत आर्थिक वर्षको फागुन मसान्तसम्म प्रदेश सरकारबाट स्थानीय तहलाई रु. ४ अर्व ६७ करोड ०५ लाख हस्तान्तरण गरिएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रु. ५ अर्व १६ करोड ९८ लाख हस्तान्तरण गरिएको छ। जुन गत आर्थिक वर्षको तुलनामा १०.६९ प्रतिशतले बढी हो।

तालिका ३(ङ) आर्थिक वर्ष २०७९/८० को दोस्रो चौमासिक अवधि सम्मको वित्तीय हस्तान्तरणको तुलनात्मक विवरण

(रू.करोडमा)

| अनुदान | आ.व. २०७९/८० | | | आ.व. २०७८/७९ | | | आ.व.२०७७/७८ | |
|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक अनुमान | हस्तान्तरित अनुदान | प्रगति प्रतिशत | वार्षिक अनुमान | हस्तान्तरित अनुदान | प्रगति प्रतिशत | वार्षिक विनियोजन | हस्तान्तरित अनुदान |
| **समानीकरण अनुदान** | १७५.०० | १२३.८४ | ७०.७७ | १५०.०० | १०१.७५ | ६७.८३ | १२५.०० | ६४.५२ |
| **सशर्त अनुदान** | ३०८.९४ | २०१.०४ | ६५.०७ | २६६.३१ | १७४.९६ | ६५.७० | ३०६.४५ | १४९.५८ |
| **समपूरक अनुदान** | २८२.४० | १४७.४३ | ५२.२१ | २९१.८१ | १६६.०५ | ५६.९० | २६३.१६ | ११२.७६ |
| **विशेष अनुदान** | ७८.९३ | ४४.६७ | ५६.५९ | ४२.४३ | २४.२७ | ५७.२० | २९.७० | १३.५९ |
| **जम्मा अनुदान** | ८४५.२७ | ५१६.९८ | ६१.१६ | ७५०.५६ | ४६७.०५ | ६२.२३ | ७२४.३१ | ३४०.४६ |

**स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय / प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

## स्थानीय तहको खर्चको अवस्था

३.१७ चालु आर्थिक वर्षको फागुनसम्म ७५३ वटा स्थानीय तहको  कुल खर्च आर्थिक वर्ष २०७८/७९ को सोही अवधिको तुलनामा ४०.८ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ६६ अर्ब ६८ करोड पुगेको छ। मुलुकका सवै स्थानीय तहहरुको कुल खर्च मध्ये बागमती प्रदेश भित्रका स्थानीय तहहरुको खर्च रु. ६१ अर्ब ८७ करोड अर्थात २३.२० प्रतिशत रहेको छ।

तालिका ३(च)  आ.व. २०७९/०८० को फागुन मसान्तसम्म स्थानीय तहको खर्चको विवरण

(रू. करोडमा)

| स्थानीय तह | बागमती  प्रदेश  स्थानीय तह | ७५३ वटा स्थानीय तहको जम्मा |
|---|---|---|
| **चालु खर्च** | ३९०५.३६ | १८९९०.९३ |
| **पुँजीगत खर्च** | २२६२.३० | ७६४६.७४ |
| **वित्तीय व्यवस्था** | २०.०५ | २९.८० |
| **कुल खर्च** | ६१८७.७१ | २६६६७.५१ |
| **खर्च प्रतिशत** | २३.२० | १०० |

**आर्थिक सर्वेक्षण, २०७९/८०, अर्थ मन्त्रालय**

## सहुलियतपूर्ण ऋण लगानी

३.१८ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा वित्तीय व्यवस्था तर्फ उत्पादन तथा सहुलियतपूर्ण ऋण लगानी कार्यक्रममा विनियोजित रु.२ अर्ब मध्ये रु.६० करोड अर्थात विनियोजित रकमको ३० प्रतिशत लगानी भएको छ। गत वर्षको सोही अवधिमा रु.१ अर्ब लगानी भएको थियो ।

३.१९ आर्थिक बर्ष २०७७/०७८ देखि बागमती प्रदेश सरकारबाट सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८ बमोजिम सहुलियतपूर्ण ऋण लगानीको लागि कृषि विकास बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई ऋण उपलब्ध गराइएको थियो। जसमा आर्थिक वर्ष २०७७/७८ मा कृषि विकास बैंकलाई रु. ८० करोड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई रु.६० करोड उपलब्ध गराईएको थियो। आर्थिक वर्ष २०७८/७९ मा कृषि विकास बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई क्रमशः रु.५० करोड र रु.८० करोड ऋण रकम उपलब्ध गराईएको थियो। चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा कृषि विकास बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई लगानीको लागि क्रमशः रु.३६ करोड र रु.२४ करोड ऋण उपलब्ध गराईएको छ। उल्लेखित रकम मध्ये आर्थिक वर्ष २०७७/७८ को  आषाढ मसान्तमा कृषि विकास बैंकबाट लगानी नभएको रु.२७ करोड ६ लाख

३७ हजार र आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तमा रु.४ करोड ३८ लाख ४५ हजार रकम बागमती प्रदेश सरकारलाई फिर्ता गरेको थियो। कृषि विकास बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा हालसम्म क्रमशः रु.१ अर्ब ३४ करोड ५५ लाख १८ हजार र रु.१ अर्ब ६४ करोड समेत गरी जम्मा रु.२ अर्ब ९८ करोड ५५ लाख १८ हजार रकम ऋण लगानी रहेको छ।

तालिका ३(छ) कृषि विकास बैंक तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत लगानी भएको सुहलियतपूर्ण कर्जाको विवरण

(रू. हजारमा)

| आ.ब. | लगानी | | | सावाँ फिर्ता | | फिर्ता आँउन बाँकी |
|---|---|---|---|---|---|---|
| | कृषि विकास वैक लमिटेड | साना किसान विकास लघुवित्त वित्तिय संस्था | जम्मा | कृषि विकास वैक लमिटेड | साना किसान विकास लघुवित्त वित्तिय संस्था | |
| २०७७/२०७८ | ८००,०००.०० | ६००,०००.०० | १,४००,०००.०० | २७०,६३७.०० | - | १,१२९,३६३.०० |
| २०७८/२०७९ | ५००,०००.०० | ८००,०००.०० | १,३००,०००.०० | ४३,८४५.०० | - | १,२५६,१५५.०० |
| २०७९/२०८० | ३६०,०००.०० | २४०,०००.०० | ६००,०००.०० | - | - | ६००,०००.०० |
| बाँकी | १,६६०,०००.०० | १,६४०,०००.०० | ३,३००,०००.०० | ३१४,४८२.०० | - | २,९८५,५१८.०० |

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश

## प्रदेश सरकारको आय (राजस्व र अन्य आय समेत)

३.२० नेपालको संविधान, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५, सालवसाली आर्थिक ऐन लगायतका कानून बमोजिम प्रदेश सरकारले राजस्व ब्यवस्थापन सूचना प्रणाली (RMIS) मार्फत कर तथा गैर कर संकलन गर्दछ। आर्थिक २०७४/०७५ मा संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान रु.१ अर्ब २ करोड ५ लाख मध्ये जम्मा रु.२६ करोड ९४ लाख खर्च भई ७५ करोड १० लाख प्रदेश सञ्चित कोषमा वचत रहेको थियो।

३.२१ आर्थिक बर्ष २०७५/०७६ मा कर राजस्व, गैर कर राजस्व र नगद मौज्दात गरी कुल रु.३५ अर्ब ६१ करोड संकलन हुने अनुमान गरेकोमा सो मध्ये करिब ९५ प्रतिशत राजस्व संकलन भएको थियो।

३.२२ आर्थिक वर्ष २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ मा बजेटमा समावेश भएको प्रदेश सरकारको आय अनुमानको तुलनामा क्रमशः ९४.८३, १०१.६०, ११९.४० र १२५.६६ प्रतिशत राजस्व/आय संकलन भएको थियो। चालु आर्थिक वर्ष २०७९/८० को प्रदेश सरकारको

बजेटमा समावेश भएको आय अनुमान रु.७० अर्ब ९३ करोड रहेकोमा फागुन मसान्तसम्म जम्मा रु.५८ अर्व १ करोड प्राप्त भएको छ। जुन रकम वार्षिक अनुमानको तुलनामा ८१.७८ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा प्रदेश सरकारको बजेटमा समावेश भएको आय अनुमानको तुलनामा ९१.३२ प्रतिशत राजस्व/आय प्राप्त भएको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्त सम्मको राजस्व/आयको तुलनामा २०७९/८० को सोही अवधिको राजस्व/आय आय अनुमानको आधारमा १०.४५ प्रतिशत घटी हो। आर्थिक वर्ष २०७५/७६ बाहेक अन्य आर्थिक वर्षहरुमा आम्दानीको लक्ष्य भन्दा बढी प्राप्त भएको देखिन्छ।

तालिका ३(ज) प्रदेश सरकारको विगत पाँच आर्थिक बर्षको वजेट र सरकारी आयको विवरण


(रू. करोडमा)

| आर्थिक वर्ष | बजेट तथा राजस्व अनुमान (रु. करोडमा) | जम्मा आय रु. (आन्तरिक राजस्व, बाँडफाँट वाट प्राप्त राजस्व र नगद मौज्दात समेत) | संकलन प्रतिशत |
|---|---|---|---|
| २०७४/७५ | १०२.०० | १०२.०० | १००.०० |
| २०७५/७६ | ३५६१.०० | ३३७७.०० | ९४.८३ |
| २०७६/७७ | ४७६०.०० | ४८३५.०० | १०१.६० |
| २०७७/७८ | ५१४२.०० | ६१४२.०० | ११९.४० |
| २०७८/७९ | ५७७२.०९ | ७२५३.२७ | १२५.६६ |
| २०७९/८० को फागुन मसान्तसम्म | ७०९३.९३ | ५८०१.४० | ८१.७८ |

**स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय / प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

चार्ट ३(घ) विगत ५ वर्षको वजेट तथा सरकारको कुल आय (नगद मौज्दात समेत)

(रू. करोडमा)




**स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय / प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

**आय/राजस्व संरचना**

३.२३ बागमती प्रदेश सरकारको आर्थिक २०७८/७९ को नगद मौज्दात समेतको कुल सरकारी आय आर्थिक बर्ष २०७७/७८ को तुलनामा १८.०९ प्रतिशतले बृद्धि भई रु.७२ अर्व ५३ करोड पुगेको थियो। आर्थिक बर्ष २०७७/७८ मा यस्तो आय २७.०८ प्रतिशतले बढेर रु.६१ अर्व ४३ करोड रहेको थियो। आर्थिक बर्ष २०७९/०८० को फागुन मसान्तसम्म प्रदेश संञ्चित कोषमा रु.५८ अर्व १ करोड अर्थात गत आर्थिक वर्षको वार्षिक आयको तुलनामा ७९.९८ प्रतिशत मात्र आय संकलन/प्राप्त भएको देखिन्छ। सो आयमा कर राजस्व, गैर कर राजस्व, वित्तीय हस्तान्तरण र नगद मौज्दातको हिस्सा क्रमशः २१.३७, ४.९१, १६.३६ र ५७.३६ प्रतिशत रहेको छ। कुल राजस्वमा कर राजस्वबाट ८१.३३ प्रतिशत र गैर कर राजस्वबाट १८.६७ प्रतिशत राजस्व संकलन भएको छ भने कुल आयमा राजस्व र अन्य आयको अंश क्रमश २६.२८ र ७३.७२ प्रतिशत रहेको देखिन्छ।

तालिका ३(झ) विगत ५ आर्थिक वर्षको प्रदेश सरकारको आय संरचना

(रू. करोडमा)

| | आर्थिक वर्ष | | | | | | प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० फागुन मसान्त सम्म | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| कर राजस्व | ०.०० | १६४४.०० | १७५२.०० | २०७८.०० | २५७०.९२ | १२३९.८६ | ६.५९ | १८.६२ | २३.७२ |
| गैर राजस्व | ०.०० | १४५.०० | २८६.०० | ४८५.०० | ६३२.३३ | २८४.६५ | ९७.४४ | ६९.५८ | ३०.३८ |
| कुल राजस्व | ०.०० | १७८८.०० | २०३८.०० | २५६३.०० | ३२०३.२५ | १५२४.५१ | १३.९५ | २५.७७ | २४.९८ |
| वित्तीय हस्तान्तरण | १०२.०० | १५१३.०० | १६६३.०० | १६९१.०० | १५६७.५५ | ९४९.०० | ९.९५ | १.७० | -७.३० |
| नगद मौज्दात, वेरुजु, निकासा फिर्ता र अनुदान फिर्ता | ०.०० | ७६.०० | ११३३.०० | १८६१.०० | २४७८.०९ | ३३२७.९० | १३८५.९५ | ६४.३३ | ३३.१६ |
| ऋण लगानी फिर्ता | ०.०० | ०.०० | ०.०० | २७.०० | ४.३८ | ०.०० | ०.०० | ०.०० | -८३.७६ |
| कुल सरकारी आय | १०२.०० | ३३७७.०० | ४८३५.०० | ६१४३.०० | ७२५३.२७ | ५८०१.४१ | ४३.१२ | २७.०८ | १८.०७ |

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय/ प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश

### आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त आय

३.२४ चालु आर्थिक वर्ष २०७९/८० मा आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट जम्मा रु.३४ अर्ब २५ करोड संकलन हुने अनुमान गरिएको छ। उक्त अनुमानित राजस्व प्राप्तिका स्रोतहरु क्रमशः संघीय तथा स्थानीय तहबाट प्राप्त हुने राजस्व बाँडफाँट, प्रदेश सरकारको आन्तरिक स्रोत, अन्य राजस्व र अनुदान फिर्ता रहेका छन् । चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म उक्त स्रोतहरुबाट कुल रु.१६ अर्ब ५८ करोड अर्थात लक्ष्यको तुलनामा ४८.४२ प्रतिशत राजस्व प्राप्त भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व लक्ष्यको तुलनामा ६२.७६ प्रतिशत संकलन भएको थियो। चालु आर्थिक वर्षको सोही अवधिसम्म संकलन भएको राजस्वमा बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर, अन्त शुल्क, घरजग्गा रजिष्ट्रेशन दस्तुर र सवारी साधन करको हिस्सा क्रमशः २२.३५, ८.७५, १६.१७ र २७.०५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो राजस्व अनुमानको तुलनामा १०५.७३ प्रतिशत संकलन भएको थियो।

### तालिका ३(ज) अन्तरसरकारी वित्त हस्तान्तरण र नगद मौज्दात बाहेक प्रदेश सरकारको आय/राजस्व


(रू.करोडमा)

| राजस्वको प्रकार | २०७५/७६ | | २०७६/२०७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० फागुन मसान्तसम्म | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति |
| मूल्य अभिवृद्धि कर | ६९९.६६ | ५६९.६७ | ७६०.१९ | ५१९.३३ | ५८१.२५ | ६९६.४८ | ६८३.९२ | ७३९.७८ | ८२८.५० | ३७०.६४ |
| अन्तःशुल्क | २००.०० | १६८.४० | ३००.०० | १९४.३६ | ३७१.६५ | २०१.५६ | २९३.११ | २५४.७८ | ३५५.०७ | १४५.०७ |
| घर जग्गा रजिष्ट्रेशन शुल्क | ३३३.३६ | ३९३.१३ | ४५०.०० | ६४४.५४ | ५५०.०० | ६७९.७६ | ६८५.०० | ९८४.१० | ७८५.०० | २६८.१० |
| सवारी साधन कर | ६००.०० | ३९०.२२ | ४५०.०० | ३८९.५९ | ५५०.०० | ४९५.१५ | ६५०.०० | ५८६.६२ | ७२५.०० | ४४८.६० |
| रोयल्टी बाँडफाँट | ०.०० | ५१.८७ | ३०.०० | ४१.८९ | १७.३० | ४२.७३ | ४२.२७ | ४६.८६ | ४८.४६ | ०.०० |
| अन्य राजस्व | ०.०० | २१६.३० | २८९.३० | २५७.३३ | ४५३.२७ | ४५५.७४ | ७१५.१० | ६०२.२० | ५८३.०३ | २९७.५२ |
| अनुदान फिर्ता | ०.०० | ०.०० | ०.०० | १०६.६३ | ८२.३० | १०३.७३ | १००.०० | १३६.७१ | १००.०० | १२८.३३ |
| कुल राजस्व (नगद मौज्दात र अनुदान बाहेक) | १८३३.०२ | १७८९.५९ | २२७९.४९ | २१५३.६७ | २६०५.७७ | २६७५.१५ | ३१६९.४० | ३३५१.०५ | ३४२५.०५ | १६५८.२७ |

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय/ प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश

चार्ट ३(ङ) विगत ३ आर्थिक बर्षको राजस्व अनुमान र प्राप्ति

(रू.करोडमा)





**स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय / प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

३.२५ प्रदेश सरकारको योजना तथा कार्यक्रममा विनियोजन भएको सम्पूर्ण रकम खर्च हुन नसक्दा प्रदेश संञ्चित कोषमा आर्थिक बर्ष २०७७/०७८ मा राजस्व र बेरुजुबाट रु.१७ अर्व ४९ करोड १४ लाख नगद मौज्दात रहेको थियो भने आर्थिक बर्ष २०७८/०७९ मा नगद मौज्दात रु.२३ अर्व ३४ करोड ६४ लाख रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा रु.३१ अर्व ९४ करोड १३ लाख नगद मौज्दात रहेको छ। आर्थिक वर्ष २०७९/८० मा रु.१५ अर्ब ६२ करोड नगद मौज्दातलाई बजेटको स्रोतको रुपमा अनुमान गरी समावेश गरिएको थियो।

चार्ट ३(च) विगत ५ आर्थिक बर्षको नगद मौज्दातको अवस्था

(रू.करोडमा)




**स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय / प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

**घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क संकलनको अवस्था**

३.२६ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ मा एकल कर प्रशासन सम्वन्धी व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७५/०७६ देखि आर्थिक ऐन मार्फत घर जग्गा रजिष्ट्रेशन शुल्क मालपोत कार्यालयहरुबाट संकलन हुने र सो रकम मालपोत कार्यालयहरुबाट मासिक रुपमा सम्वन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशत बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था रहेको छ।

३.२७ बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा घर जग्गा रजिष्ट्रेशन शुल्क वापत रु.३ अर्व ३३ करोड संकलन गर्ने अनुमान गरेकोमा लक्ष्य भन्दा १८.० प्रतिशत बढी संकलन भएको थियो । आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा अनुमानको तुलनामा यस्तो राजस्व संकलन क्रमशः ३५.०, ४३.० र ४३.६६ प्रतिशतले वृद्धि भएको थियो।

३.२८ घर जग्गा रजिष्ट्रेशन तर्फ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म रु.२ अर्ब ६८ करोड १० लाख संकलन भएको छ। जुन कुल बार्षिक अनुमानको ३४.१५ प्रतिशत हो। यस्तो रकम आर्थिक बर्ष २०७८/०७९ को फागुन मसान्तसम्म कुल बार्षिक अनुमानको ६७ प्रतिशत संकलन भएको थियो। गत आर्थिक वर्ष कोभिड-१९ को पहिलो तथा दोस्रो लहरको महामारीमा समेत घर जग्गा रजिष्ट्रेशन कारोवारमा कमी आएको देखिदैन भने चालु आर्थिक वर्ष घर जग्गा रजिष्ट्रेशन कारोवारमा उल्लेख्य गिरावट आएको राजस्व संकलनको अवस्थाले देखिएको छ। साथै, आर्थिक बर्ष २०७७/०७८ देखि बागमती सभ्यता शुल्क दाखिला गर्न छुट्टै राजस्व शीर्षक ब्यवस्था गरिएको र

आर्थिक वर्ष २०७८/०७९ मा बागमती र नारायणी सभ्यता संकलन शुल्क वापत २ अर्व ४२ करोड रुपैया अर्थात लक्ष्यको तुलनामा २३३.१४ प्रतिशत वढी संकलन भएको थियो। आर्थिक वर्ष २०७९/८० देखि बागमती र नारायणी सभ्यता शुल्क समेत संकलन गर्न थालिएकोमा २०७९/८० को फागुन मसान्तसम्म बागमती र नारायणी सभ्यता शुल्क बापत रु.६१ करोड ५४ लाख संकलन भएको छ। जुन अनुमानको आधारमा ४१.०३ प्रतिशत हो ।यस्तो रकम गत आर्थिक वर्षको सोही अवधिमा अनुमानको तुलनामा ५३ प्रतिशत संकलन भएको थियो ।


तालिका ३(ट) विगत ५ आर्थिक वर्षमा संकलन भएको घर जग्गा रजिष्ट्रेशन शुल्क

(रू. करोडमा)

| राजस्वको प्रकार | २०७५/७६ | | २०७६/२०७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/०८० फाल्गुण मसान्तसम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति |
| घर जग्गा रजिष्ट्रेशन शुल्क | ३३३.४० | ३९३.१० | ४५०.०० | ६४४.५० | ५५०.०० | ६७९.७६ | ६८५.०० | ९८४.१० | ७८५.०० | २६८.१० |
| बागमती र नारायणी सभ्यता शुल्क | - | - | - | - | - | १६०.०० | १०४.०५ | २४२.५९ | १५०.०० | ६१.५४ |

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय/ प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश

चार्ट ३(छ) विगत ३ आर्थिक वर्षमा संकलन भएको घर जग्गा रजिष्ट्रेशन शुल्क




स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय/ प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश

**सवारी साधन कर बाँडफाँड**

३.२९ नेपालको संविधानको अनुसूची-६, प्रदेशको एकल अधिकारको सूचीको क्र.सं. ४ तथा अनुसूची-९, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा सवारी साधन करलाई प्रदेशको अधिकार क्षेत्र भित्र राखिएको छ। प्रदेश विभाज्य कोषमा सवारी साधन कर जम्मा गरी कानूनमा व्यवस्था भए वमोजिम प्रदेश र स्थानीय तहलाई बाँडफाँट हुने गरेको छ।

३.३० आर्थिक बर्ष २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ मा क्रमशः रु.६ अर्व ४९ करोड ३१ लाख, ८ अर्व २५ करोड २४ लाख, ९ अर्ब ७७ करोड ७० लाख र आर्थिक वर्ष २०७९/०८० को फागुन मसान्तसम्म रु.७ अर्व ४७ करोड ६६ लाख संकलन भएको छ। आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रदेश सरकारलाई रु.४ अर्व ४८ करोड ६० लाख सवारी साधन करको बाँडफाँटबाट प्राप्त भएको छ भने प्रदेश भित्रका ११९ स्थानीय तहलाई रु.२ अर्व ९९ करोड ६ लाख बाँडफाँट गरी स्थानीय तहहरुको सञ्चित कोषमा जम्मा गरिएको छ ।

तालिका ३(ठ) विगत ५ आर्थिक वर्षको प्रदेश विभाज्य कोष र सवारी साधन कर बाँडफाँटको विवरण

(रू.करोडमा)

| राजस्वको प्रकार | प्रदेश विभाज्य कोष | बाँडफाँट भएको राजस्व | |
|---|---|---|---|
| | | प्रदेश राजस्व हिस्सा | स्थानीय विभाज्य कोषमा |
| २०७५/७६ | ६५०.३८ | ३९०.२२ | २६०.१५ |
| २०७६/७७ | ६४९.३१ | ३८९.५१ | २५९.७२ |
| २०७७/७८ | ८२५.२४ | ४९५.१४ | ३३०.०९ |
| २०७८/७९ | ९७७.७ | ५८६.६२ | ३९१.०८ |
| २०७९/८० फाल्गुण मसान्तसम्म | ७४७.६६ | ४४८.६० | २९९.०६ |

**स्रोत : आर्थिक मामिला योजना मन्त्रालय / प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

३.३१ आर्थिक वर्ष २०७५/७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ मा प्रदेश सरकारलाई प्राप्त सवारी साधन करको हिस्सा तथा यातायात क्षेत्रसँग सम्वन्धित अन्य आम्दानी समेत गरी कुल क्रमशः रु.५ अर्व १९ करोड २४ लाख, रु.४ अर्व ९९ करोड ४१ लाख, रु.६ अर्ब २१ करोड ५८ लाख र रु. ७ अर्व ९६ करोड ५९ लाख प्राप्त भएको थियो। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म यस्तो कर रु.६ अर्ब ४ करोड ८६ लाख संकलन भएको छ। जुन वार्षिक लक्ष्यको ६३.६२ प्रतिशत

हो। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रु.५ अर्ब ८३ करोड ७८ लाख संकलन भई वार्षिक लक्ष्यको ७८.०५ प्रतिशत रहेको थियो।

तालिका ३(ड) विगत ५ आर्थिक बर्षको सवारी साधन कर बाँडफाँट पछिको विवरण

(रू.करोडमा)

| राजस्वको प्रकार | २०७५/७६ | | २०७६/२०७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० फाल्गुण मसान्तसम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति |
| सवारी साधन कर | ६००.०० | ३९०.२२ | ४५०.०० | ३८९.५९ | ५५०.०० | ४९५.१४ | ६५०.०० | ५८६.६२ | ७२५.०० | ४४८.६० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | | ९९.०२ | | ७२.५५ | ७९.०४ | ८२.७८ | ९.९० | १४८.०० | १३५.७६ | १०८.७८ |
| यातायात क्षेत्रको आम्दानी | ०.०० | ३०.०० | | ३७.२७ | ५२.१९ | ४३.६६ | ८८.०० | ६१.९७ | ९०.०० | ४७.४९ |
| जम्मा | ६००.०० | ५१९.२४ | ४५०.०० | ४९९.४१ | ६८१.२३ | ६२१.५८ | ७४७.९० | ७९६.५९ | ९५०.७६ | ६०४.८६ |

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश

### संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण

३.३२ अन्तरसरकारी वित्तीय हस्तान्तरण तर्फ आर्थिक वर्ष २०७५/७६ मा अनुमानित रु.१६ अर्व ५८ करोड ५७ लाख मध्ये ९१.२१ प्रतिशत प्राप्त भएको थियो। आर्थिक वर्ष २०७६/७७ मा रु.१८ अर्व ०६ करोड १३ लाख प्राप्त हुने अनुमान गरिएकोमा सोको ९२.०८ प्रतिशत प्राप्त भएको छ। जुन आर्थिक वर्ष २०७५/७६ को तुलनामा ९.९५ प्रतिशतले बढी रहेको थियो। त्यस्तै गरी आर्थिक वर्ष २०७७/७८ मा अनुमान गरिएको रु.१७ अर्व ८६ करोड मध्ये रु.१६ अर्व ९१ करोड अर्थात अनुमानित रकमको ९५ प्रतिशत प्राप्ति भएको छ जुन आर्थिक वर्ष २०७६/७७ को तुलनामा १.७० प्रतिशतले बढी हो। आर्थिक वर्ष २०७८/७९ मा अनुमान गरिएको रु.१६ अर्व ९२ करोड मध्ये रु.१५ अर्व ६७ करोड अर्थात अनुमानित रकमको ९२.६१ प्रतिशत प्राप्ति भएको छ। जुन आर्थिक वर्ष २०७७/७८ को तुलनामा ७.३३ प्रतिशतले घटी हो। प्रदेश सरकारको चालु आर्थिक वर्षको आय अनुमानमा संघीय सरकारबाट प्राप्त हुने अनुदान रु.२१ अर्ब ६ करोड रहेको छ। जुन प्रदेश सरकारको चालु आर्थिक वर्षको कुल बजेटको २९.७० प्रतिशत हो। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म अनुमानको ४५.०४ प्रतिशत प्रदेश सञ्चित कोषमा प्राप्त भएको छ।

तालिका ३(ढ) विगत ४ आर्थिक वर्षको संघीय सरकारवाट प्राप्त भएको वित्तीय हस्तान्तरणको अनुमान र प्राप्ति

(रू.करोडमा)

| अनुदानको किसिम | २०७५/७६ | | | २०७६/२०७७ | | | २०७७/७८ | | | २०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | प्राप्त | प्रतिशत | अनुमान | प्राप्त | प्रतिशत | अनुमान | प्राप्त | प्रतिशत | अनुमान | प्राप्त | प्रतिशत |
| समानीकरण अनुदान | ५९६.९७ | ५९६.९७ | १०० | ७५९.६४ | ७५९.६४ | १००.०० | ७७१.७१ | ७७१.७१ | १००.०० | ७८५.९० | ७८५.९० | १००.०० |
| वृद्धिदर | | | | १३.८९ | २७.२५ | ११.७३ | १.५९ | १.५९ | ०.०० | १.८४ | १.८४ | ०.०० |
| सशर्त अनुदान | १०६१.६० | ८५५.६८ | ८०.६१ | ७४६.४९ | ७९७.८४ | १०६.८८ | ८८४.४५ | ७८८.९३ | ८९.०० | ७९३.४६ | ६६८.३३ | ८४.२३ |
| वृद्धिदर | | | | -२९.६८ | -६.७६ | ३२.५९ | १८.४८ | -१.१२ | -१६.५४ | -१०.२९ | -१५.२९ | -५.३६ |
| समपूरक अनुदान | ०.०० | ६०.०० | | २००.०० | ६४.६६ | ३२.३३ | ८१.८२ | ८१.८२ | १००.०० | ५७.४८ | ५७.४८ | १००.०० |
| वृद्धिदर | | | | | ७.७७ | - | -५९.०९ | २६.५४ | २०९.३१ | -२९.७५ | -२९.७५ | ०.०० |
| विशेष अनुदान | ०.०० | ०.०० | | १००.०० | ४१.०० | ४१.०० | ४९.०० | ४९.०० | १००.०० | ५५.८४ | ५५.८४ | १००.०० |
| वृद्धिदर | | | | | | | -५१.०० | १९.५१ | १४३.९० | १३.९६ | १३.९६ | ०.०० |
| जम्मा अनुदान | १६५८.५७ | १५१२.७० | ९१.२१ | १८०६.१३ | १६६३.१४ | ९२.०८ | १७८६.०० | १६९१.५० | ९५.०० | १६९२.६८ | १५६७.५५ | ९२.६१ |
| वृद्धिदर प्रतिशत | | | | ४.४९ | ९.९५ | ५.२२ | -१.११ | १.७० | २.८५ | -५.२३ | -७.३३ | -२.५२ |

स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय

३.३३ अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत चार प्रकारका अनुदानमा आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० को फागुन मसान्तसम्म क्रमशः रु.८ अर्व ४३ करोड ४८ लाख, रु.९ अर्व ४८ करोड १९ लाख र रु. ९ अर्ब ४९ करोड प्राप्त भएको थियो।

तालिका ३(ण) आ.व. २०७९/०८० को दोस्रो चौमासिक अवधिसम्म वित्तीय हस्तान्तरण अनुदान प्राप्तिको विवरण

(रू. करोडमा)

| अनुदानको प्रकार | आ.व. २०७७/०७८ | | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७७ फागुनसम्म प्राप्त | वृद्धिदर प्रतिशत | वार्षिक अनुमान | २०७८ फागुनसम्म प्राप्त | प्रगति प्रतिशत | वार्षिक अनुमान | २०७९ फागुन सम्म प्राप्त | प्रगति प्रतिशत |
| समानीकरण अनुदान | ३८५.८५ | ३५.७९ | ७८५.९ | ५२३.९३ | ६६.७ | ८४०.४६ | ४७६.६० | ५६.७१ |
| सशर्त अनुदान | ३७०.४२ | -५.८६ | ७९३.४६ | ३४८.७१ | ४४ | १०८३.४२ | ३८०.९० | ३५.१६ |
| समपूरक अनुदान | ५४.५४ | -२९.७४ | ५७.४८ | ३८.३२ | ६६.७ | १०४.०० | ५२.०० | ५०.०० |
| विशेष अनुदान | ३२.६६ | १३.९९ | ५५.८४ | ३७.२३ | ६६.७ | ७९.०० | ३९.५० | ५०.०० |
| जम्मा अनुदान | ८४३.४८ | १२.४१ | १६९२.२६ | ९४८.१९ | ५६ | २१०६.८८ | ९४९.०० | ४५.०४ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय

### संघीय सरकारबाट प्राप्त अनुदानको बचत रकम फिर्ता

३.३४ आर्थिक वर्ष २०७५/७६ मा कुल रु.१५ अर्व १२ करोड अनुदान प्राप्त भएकोमा रु.१२ अर्व १८ करोड अर्थात प्राप्तिको ८०.५६ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७६/७७ मा प्राप्त रु.१६ अर्व ६३ करोड मध्ये रु.१० अर्व ४० करोड अर्थात प्राप्तिको ६२.५६ प्रतिशत खर्च भएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा कुल प्राप्ति रु.१६ अर्व ९१ करोड मध्ये रु.१२ अर्व ६२ करोड अर्थात ७४.६६ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा रु.१५ अर्ब ६७ करोड कुल प्राप्ति मध्ये रु.११ अर्ब ७ करोड अर्थात ७०.६५ प्रतिशत खर्च भएको थियो।

३.३५ अन्तरसरकारी वित्त हस्तान्तरण अन्तरगत वित्तीय समानीकरण अनुदान बाहेक अन्य अनुदान (सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) वापत प्राप्त अनुदान रकम सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बचत भएमा बचत रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने भनी सालवसाली संघीय विनियोजन ऐनमा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७५/७६ मा रु.२ अर्व ९४ करोड, आर्थिक वर्ष २०७६/७७ मा रु.२ अर्व ९० करोड, आर्थिक वर्ष २०७७/७८ मा रु.२ अर्व ४८ करोड र आर्थिक वर्ष २०७८/७९ मा रु.२ अर्ब ५९ करोड बचत रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गरिएको छ।

## तालिका ३(त) संघीय सरकारको वित्तीय हस्तान्तरण अनुदान बचत फिर्ता

(रू.करोडमा)

| अनुदानको प्रकार | आर्थिक वर्ष २०७५/७६ | | | आर्थिक वर्ष २०७६/७७ | | | आर्थिक वर्ष २०७७/७८ | | | आर्थिक वर्ष २०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनुदान | प्राप्ति | खर्च | फिर्ता | प्राप्ति | खर्च | फिर्ता | प्राप्ति | खर्च | फिर्ता | प्राप्ति | खर्च | फिर्ता |
| समानीकरण अनुदान | ५९६.९७ | ५९६.९७ | ०.०० | ७५९.६४ | ४२७.८२ | ०.०० | ७७१.७१ | ५९१.७५ | ०.०० | ७८५.९० | ५८५.४४ | ०.०० |
| सशर्त अनुदान | ८५५.६८ | ६२१.५६ | २३४.१२ | ७९७.८४ | ५९५.०५ | २०२.७९ | ७८८.९३ | ६००.०० | १८८.९३ | ६६८.३३ | ४७६.९३ | १९१.४१ |
| समपूरक अनुदान | ६०.०० | ०.०० | ६०.०० | ६४.६६ | १२.२५ | ५२.४१ | ८१.८२ | ४४.०२ | ३७.८० | ५७.४८ | २१.८२ | ३५.६६ |
| विशेष अनुदान | ०.०० | ०.०० | ०.०० | ४१.०० | ५.२८ | ३५.७२ | ४९.०० | २७.०५ | २१.९५ | ५५.८४ | २३.२७ | ३२.५७ |
| जम्मा अनुदान | १५१२.६५ | १२१८.५३ | २९४.१२ | १६६३.१४ | १०४०.४० | २९०.९२ | १६९१.४६ | १२६२.८२ | २४८.६८ | १५६७.५५ | ११०७.४५ | २५९.६४ |

स्रोत : बागमती प्रदेश सरकारको आर्थिक वर्ष अनुसारको वार्षिक एकीकृत वित्तीय विवरण।

# ४. बैंक तथा वित्तीय क्षेत्र

४.१ वित्तीय क्षेत्रको विकास र विस्तारसँगै बैंकिङ, बीमा तथा पुँजी बजारमा नागरिकको पहुँच अभिवृद्धि भएको छ। हाल बागमती प्रदेश भित्रका ११९ वटै स्थानीय तहहरुमा बैक तथा वित्तीय संस्थाको उपस्थिति रहेको छ। बीमा तथा पुँजी बजार क्षेत्रमा समेत क्रमशः बीमक कम्पनी र धितोपत्र दलालहरुको शाखा विस्तार हुन गई लगानीकर्ताको सहभागिता वृद्धि भएको छ।

## वित्तीय संरचना तथा वित्तीय सेवा विस्तार

४.२ वित्तीय प्रणालीमा २०७९ फागुन मसान्तसम्म २१ वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ६४ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १२० बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्।

४.३ २०७९ फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सवैभन्दा बढी बागमती प्रदेशमा ३०३६ रहेका छन्। प्रदेशगत रुपमा तुलना गर्दा मुलुकमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाको कुल शाखा मध्ये यस प्रदेशमा २६.१ प्रतिशत शाखा रहेका छन्। गत वर्षको सोही अवधिको तुलनामा आर्थिक वर्ष २०७९/०८० को समीक्षा अवधिमा प्रदेश भित्र वैंक तथा वित्तीय संस्थाको थप ११० नयाँ शाखा सञ्चालनमा आएका छन्। प्रदेशको जनसंख्यासँग तुलना गरी विश्लेषण गर्दा समीक्षा अवधिसम्म प्रति शाखा औसतमा २,००४ मानिसमा वित्तीय सेवाको पहुँच पुगेको देखिन्छ।


तालिका ४(क) बागमती प्रदेशमा बैक तथा वित्तीय संस्थाका शाखा

(२०७९ फागुन मसान्तसम्म)

| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघुवित्त संस्था | जम्मा | जनसंख्या (प्रतिशाखा) |
|---|---|---|---|---|---|---|
| २०७५/०७६ | १२३८ | ३३५ | ७८ | ५५४ | २२०५ | २५०८ |
| २०७६/०७७ | १५५३ | २७५ | ९२ | ६०८ | २५२८ | २१८७ |
| २०७७/०७८ | १६६४ | २९५ | ९५ | ६८१ | २७३५ | २०२२ |
| २०७८/०७९ | १८०७ | ३२१ | १०६ | ७६९ | ३००३ | १८४२ |
| २०७९/०८० (फागुन मसान्तसम्म) | १८१८ | ३३२ | १०८ | ७७८ | ३०३६ | २००४ |

स्रोतः नेपाल राष्ट्र बैंक

चार्ट ४(क) बैंक तथा वित्तीय संस्थाको शाखा




**श्रोतः आर्थिक सर्वेक्षण, २०८०, अर्थ मन्त्रालय**

४.४ २०७९ फागुन मसान्तसम्म प्रदेश भित्रका जिल्लाहरु मध्ये क, ख र ग वर्गका वैंक तथा वित्तीय संस्थाका शाखा काठमाण्डौ जिल्लामा सवै भन्दा वढी १११६ र सबै भन्दा कम रामेछाप जिल्लामा २७ सञ्चालनमा रहेका छन्। प्रति शाखा जनसंख्या अनुपात सबै भन्दा कम रसुवा जिल्लामा १,५५६ र सबै भन्दा बढी सिन्धुली जिल्लामा ७,५०१ रहेको छ।

तालिका ४(ख) जिल्लागत वैंक तथा वित्तीय संस्थाको शाखा

**(लघुवित्त वित्तीय संस्था बाहेक)**

| जिल्ला | क-वर्ग | ख-वर्ग | ग-वर्ग | जम्मा | जनसंख्या | जनसंख्या प्रति शाखा |
|---|---|---|---|---|---|---|
| **दोलखा** | ३० | ३ | ० | ३३ | १७२७६७ | ५,२३५ |
| **रामेछाप** | २५ | २ | ० | २७ | १७०३०२ | ६,३०७ |
| **सिन्धुली** | ३६ | २ | २ | ४० | ३०००२६ | ७,५०१ |
| **रसुवा** | २८ | १ | १ | ३० | ४६६८९ | १,५५६ |
| **धादिङ** | ६३ | १७ | ० | ८० | ३२५७१० | ४,०७१ |
| **नुवाकोट** | ४१ | १५ | १ | ५७ | २६३३९१ | ४,६२१ |
| **सिन्धुपाल्चोक** | ३७ | ११ | ० | ४८ | २६२६२४ | ५,४७१ |
| **काभ्रेपलाञ्चोक** | ७१ | १४ | ८ | ९३ | ३६४०३९ | ३,९१४ |
| **काठमाडौं** | ९२० | १४७ | ४९ | १११६ | २०४१५८७ | १,८२९ |
| **ललितपुर** | २२० | ३४ | १६ | २७० | ५५१६६७ | २,०४३ |
| **भक्तपुर** | १२२ | १९ | ५ | १४६ | ४३२१३२ | २,९६० |
| **मकवानपुर** | ५८ | १४ | ८ | ८० | ४६६०७३ | ५,८२६ |
| **चितवन** | १६७ | ५३ | १८ | २३८ | ७१९८५९ | ३,०२५ |
| **जम्मा** | १८१८ | ३३२ | १०८ | २२५८ | ६११६८६६ | २,७०९ |

**स्रोतः नेपाल राष्ट्र बैंक**

४.५ यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले २०७९ फागुन मसान्तसम्म निक्षेपकर्ताबाट चल्ती, बचत, मुद्धती लगायतका अन्य खातामा कुल रु.३७ खर्व १५ अर्व ४० करोड २१ लाख ३४ हजार निक्षेप संकलन गरेका छन्। गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७९/०८० को समीक्षा अवधिसम्म १३ प्रतिशतले निक्षेप परिचालनमा वृद्धि भएको छ।साथै सोही अवधिसम्म टर्म लोन, ओभरड्राफ्ट लोन, डिमाण्ड लोन, ट्रष्ट लोन, मार्जिन लोन लगायतका अन्य कर्जा कुल रु.२७ खर्व १७ अर्व ४८ करोड २७ लाख ५४ हजार प्रवाह गरेका छन्। गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७९/०८० को चैत्र मसान्तसम्म कर्जा लगानी तर्फ ०.९ प्रतिशतले गिरावट आएको छ।

तालिका ४(ग) बागमती प्रदेशमा रहेका वैंक तथा वित्तीय संस्थाहरुको निक्षेप र कर्जा

(रू. १० लाखमा)

| विवरण | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | (फागुन मसान्तसम्म) | | गत आ.व. को तुलनामा चालु आ.व. को फगुन मसान्त सम्मको वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | |
| निक्षेप संकलन | २६,८९,६६,७७,१९,४८६.२० | ३२,०७,१३,६१,०७,५६५.३१ | ३४,७६,१०,३०,५८,३५८.९९ | ३३,०१,६३,४४,०३,४७०.७० | ३७,१५,४०,२१,३४,६९९.४९ | १३ |
| कर्जा प्रवाह | १८,३०,२६,२६,४७,१२१.७५ | २३,५२,७०,६०,९१,५४१.५६ | २५,८२,८१,४३,२५,७३२.५० | २७,४३,४२,३४,२८,६६७.१० | २७,१७,४८,२७,५४,५१४.१३ | -०.९ |

स्रोतः नेपाल राष्ट्र बैंक

४.६ बागमती प्रदेशमा २०७९ फागुन मसान्तसम्म वैंक तथा वित्तीय संस्थाहरुको सेवा विस्तार तर्फ नविन प्रविधिमा आधारित एटिएम मेशीन २,१६८ सञ्चालनमा रहेका छन् भने ५४,४६,८९० डेविट कार्ड, १,९३,२५३ क्रेडिट कार्ड र १,१७,५५१ प्रिपेड कार्ड जारी भएको छ। साथै, मोवाईल वैंकिङ प्रयोगकर्ता र इन्टरनेट वैंकिङ प्रयोगकर्ताहरु क्रमशः ७७,१५,८५४ र १०,०९,२९१ जना रहेका छन्। गत आर्थिक वर्षहरुको तुलनामा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म यस्तो सेवा प्रवाहमा उल्लेख्य विस्तार भएको छ।

तालिका ४(घ) बागमती प्रदेशमा बैंकिङ सेवा विस्तार विवरण

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व.२०७८/७९ को फागुन मसान्तसम्म | आ.व.२०७९/८० को फागुन मसान्तसम्म |
|---|---|---|---|---|---|
| एटिएम संख्या | १९५५ | २०१९ | २१४७ | २०८८ | २१८६ |
| डेबिट कार्ड संख्या | ३७,०४,४१५ | ४३,४७,५७१ | ५१,५१,७१० | ४९,३८,०२० | ५४,४६,८९० |
| क्रेडिट कार्ड संख्या | १,२२,४४६ | १,४२,७९७ | १,६७,४३८ | १,५६,७७५ | १,९३,२५३ |
| प्रिपेड कार्ड संख्या | ५८,१९० | ६२,२८८ | ९९,१४० | ८७,३४६ | १,१७,५५१ |
| मोबाईल बैंकिङ ग्राहक संख्या | ४४,०५,४५८ | ५४,४६,३०७ | ७०,५९,४२८ | ६४,७१,४०२ | ७७,१५,८५४ |
| इन्टरनेट बैंकिङ ग्राहक संख्या | ७,६१,७०६ | ८,१०,३५६ | ९,९२,३३८ | ९,६३,३३३ | १०,०९,२९१ |

स्रोतः नेपाल राष्ट्र बैंक

### बीमा क्षेत्र

४.५ नेपालको बीमा क्षेत्रको नियमन तथा सुपरिवेक्षण गरी बीमितको जोखिम न्यूनीकरण र हित संरक्षण गर्ने उद्धेश्य सहित बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रण गर्न बीमा समितिको स्थापना गरिएको छ। मुलुकको शासन प्रणाली संघीय स्वरुपमा रुपान्तरण भएपश्चात बीमा समितिले बीमा कम्पनीहरूलाई संघीय संरचना अनुरूप शाखा स्थापना तथा विस्तार गर्न जोड दिएको छ।


४.६ २०७९ फागुन मसान्तसम्म नेपालमा सरकारी लगानीको ३, स्वदेशी लगानीको २८, विदेशी लगानीको ३ र संयुक्त लगानीको २ गरी जम्मा ३६ बीमा कम्पनीले जीवन, निर्जीवन र पुर्नबीमा सम्वन्धी काम गरिरहेका छन्।सो मध्ये निर्जीवन बीमा सम्वन्धी १६ कम्पनीले कार्य गरेका छन् भने जीवन बीमा र पुर्नबीमाको क्षेत्रमा क्रमशः १८ र २ कम्पनीले काम गर्दै आएका छन्।

तालिका ४(ङ) बीमा क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी बीमा कम्पनी/बीमकहरुको संख्या

| स्वामित्व | कम्पनीको प्रकृति | | | जम्मा |
|---|---|---|---|---|
| | जीवन | निर्जीवन | पुनर्बीमा | |
| सरकारी | १ | १ | १ | ३ |
| स्वदेशी लगानी | १५ | १२ | १ | २८ |
| विदेशी | १ | २ | - | ३ |
| संयुक्त लगानी | १ | १ | | २ |
| जम्मा | १८ | १६ | २ | ३६ |

स्रोतः नेपाल बीमा प्राधिकरण

चार्ट ४(ख) बीमा क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी बीमकहरु




स्रोतः नेपाल बीमा प्राधिकरण

४.७ २०७९ फागुन मसान्तसम्म नेपालमा बीमकको कुल शाखा ३२४३ छन्। सो मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा जीवन बीमा कम्पनीका ५७३ र निर्जीवन कम्पनीका ३११ शाखा गरी जम्मा ८८४ शाखा मार्फत जम्मा ५,४१४ जना कर्मचारीले बीमा सम्बन्धी सेवा प्रदान गर्दै आएका छन्।

तालिका ४(च) २०७९ फागुन मसान्त सम्मको बीमकको शाखा कार्यालय र कर्मचारीको संख्या

| प्रदेश | कार्यालयको संख्या | | | कर्मचारीको संख्या | | |
|---|---|---|---|---|---|---|
| | जीवन बीमा | निर्जीवन बीमा | जम्मा | जीवन बीमा | निर्जीवन बीमा | जम्मा |
| बागमती प्रदेश | ५७३ | ३११ | ८८४ | २४४५ | २९६९ | ५४१४ |
| सातै वटा प्रदेशको जम्मा | २२०६ | १०३७ | ३२४३ | | | |

स्रोतः नेपाल बीमा प्राधिकरण

४.८ २०७९ फागुन मसान्तसम्म यस प्रदेशमा जीवन बीमा व्यवसायतर्फ कुल सक्रिय रहेको बीमालेख संख्या ९,७०७,२२८ र निर्जीवन बीमा व्यवसायतर्फ जारी बीमालेख संख्या ८५८,०१९ गरी जम्मा १०,५६५,२४७ रहेको र उक्त बीमालेखवाट क्रमशः रु.४२ अर्व ४३ करोड र रु.१७ अर्व ६ करोड गरी जम्मा रु.५९ अर्व ४९ करोड बीमा शुल्कः संकलन भएको छ। यसरी प्रदेशगत रुपमा कुल जीवन र निर्जीवन बीमा शुल्क आर्जनमा बागमती प्रदेशको अंश क्रमशः ४५.२७ प्रतिशत र ६५.९३ प्रतिशत रहेको छ।

तालिका ४(छ) २०७९ को फागुन मसान्तसम्मको बीमालेख र बीमा शुल्क संकलन

| प्रदेश | जीवन | | | निर्जीवन | | | कुल बीमा शुल्क आर्जन (रु करोडमा) | कुल बीमा शुल्क आर्जनको हिस्सा % |
|---|---|---|---|---|---|---|---|---|
| | सक्रिय रहेका कुल बीमालेख संख्या | बीमा शुल्क आर्जन (रु करोडमा) | बीमा शुल्क आर्जनको हिस्सा% | जारी बीमालेख संख्या | बीमा शुल्क आर्जन (रु करोडमा) | बीमा शुल्क आर्जनको हिस्सा % | | |
| बागमती प्रदेश | ९,७०७,२२८ | ४,२४३ | ४५.२७ | ८५८,०१९ | १७०६ | ६५.९३ | ५,९४९ | ४९.७४ |
| सात वटै प्रदेशको जम्मा | १४००१५७६ | ९३७३ | १००.०० | १८७६४५३ | २५८७ | १००.०० | ११९६० | १००.०० |

**स्रोतः नेपाल बीमा प्राधिकरण**

४.९ २०७९ फागुन मसान्तसम्म यस प्रदेशमा जीवन बीमा व्यवसायतर्फ सवैभन्दा वढि सावधिक जीवन बीमावाट रु. १९ अर्व ५२ करोड ९३ लाख ७१ हजार अर्थात ४६.०३ प्रतिशत र सवैभन्दा कम एकल बीमा शुल्क जीवन बीमाबाट रु. १६ करोड १४ लाख ९१ हजार अर्थात ०.३८ प्रतिशत बीमा शुल्क आर्जन भएको छ। साथै जीवन बीमा व्यवसायतर्फ कुल सक्रिय रहेका बीमालेख संख्या मध्ये सवैभन्दा वढी म्यादी जीवन बीमाको हिस्सा ३८.७८ प्रतिशत र सवैभन्दा कम एकल वीमा शुल्क जीवन बीमाको हिस्सा ०.०४ प्रतिशत रहेको छ।

तालिका ४(ज) २०७९ फागुन मसान्तसम्म बागमती प्रदेशमा रहेको जीवन बीमा व्यवसाय

| बीमालेखका प्रकार | बीमाशुल्क आर्जन (रु. लाखमा) | कुल सक्रिय रहेका बीमालेख संख्या |
|---|---|---|
| सावधिक जीवन बीमा | १९५,२९३.७१ | ९०३,६२७ |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ८१,८१७.४१ | ११५,१७४ |
| रूपान्तरित सावधिक जीवन बीमा | ४९,८७४.१५ | १३०,५५३ |
| बालबच्चा सम्बन्धी सावधिक जीवन बीमा | ४९,५७८.१२ | २१४,८८५ |
| वैदेशिक रोजगार म्यादि जीवन बीमा | २२,२४८.१९ | १,३८८,९४२ |
| आजीवन जीवन बीमा | ५,९२४.३३ | १८,७७२ |
| एकल बीमा शुल्क जीवन बीमा | १,६१४.९१ | ३,८२४ |
| म्यादि जीवन बीमा | ६,०९०.८७ | ३,७६४,८९० |
| लघु जीवन बीमा | ११,८५०.६७ | ३,१६६,५६१ |
| **जम्मा** | **४२४,२९२.३६** | **९,७०७,२२८** |

**स्रोतः नेपाल बीमा प्राधिकरण**

४.१० २०७९ फागुन मसान्तसम्म यस प्रदेशमा निर्जीवन बीमा व्यवसायतर्फ सवैभन्दा वढी मोटर/सवारी साधन बीमावाट रु.४ अर्व ५७ करोड ७ लाख ३२ हजार अर्थात २६.७९ प्रतिशत र सवैभन्दा कम लघु निर्जीवन बीमाबाट रु.१ करोड ४६ लाख ९० हजार अर्थात ०.०९ प्रतिशत बीमा शुल्क आर्जन भएको छ। साथै, निर्जीवन बीमा व्यवसायतर्फ कुल सक्रिय रहेका बीमालेख मध्ये सवैभन्दा बढी मोटर/सवारी साधन बीमामा ६४.८६ प्रतिशत र सबैभन्दा कम हवाई बीमामा ०.०१ प्रतिशत रहेको छ।

तालिका ४(झ) २०७९ फागुन मसान्तसम्म बागमती प्रदेशमा रहेको निर्जीवन बीमा व्यवसाय

| बीमालेखका प्रकार | बीमाशुल्क आर्जन (रु. लाखमा) | प्रतिशत | कुल सक्रिय रहेका बीमालेख संख्या | प्रतिशत |
|---|---|---|---|---|
| सम्पत्ति | ३३,८१८.६२ | १९.८३% | १२१,८३४ | १४.२०% |
| सामुन्द्रिक | ९,६२४.३३ | ५.६४% | ४०,१६७ | ४.६८% |
| हवाई | १३,६००.५२ | ७.९७% | ७० | ०.०१% |
| मोटर | ४५,७०७.३२ | २६.७९% | ५५६,५३६ | ६४.८६% |
| इन्जिनियरिङ तथा ठेक्का जोखिम | ३७,१५३.६४ | २१.७८% | १०,२३६ | १.१९% |
| विविध | २४,६८३.१० | १४.४७% | ७७,९४५ | ९.०८% |
| कृषि तथा बाली | ५,८४७.६० | ३.४३% | ४४,०२९ | ५.१३% |
| लघु निर्जीबन बीमा | १४६.९० | ०.०९% | ७,२०२ | ०.८४% |
| **जम्मा** | **१७०,५८२.०२** | **१००.००%** | **८५८,०१९** | **१००.००%** |

**स्रोतः नेपाल बीमा प्राधिकरण**

**धितोपत्र बजार**

४.७ धितोपत्र वजारको नियमन तथा सुपरिवेक्षण गरी धितोपत्र कारोवारमा संलग्न लगानीकर्ताको जोखिम न्यूनीकरण र हित संरक्षण गर्ने उद्धेश्य सहित पुँजी बजारको क्षेत्रलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्न धितोपत्र वोर्डको स्थापना भएको छ।

४.८ २०७९ फागुन मसान्तसम्म यस प्रदेशमा धितोपत्र दलाल व्यवसायी र मर्चेन्ट बैंकरको संख्या क्रमशः ५० र ३१ रहेको छ। भने सुचीकृत कम्पनीको संख्या २४५ रहेको छ।

तालिका ४(ञ) बागमती प्रदेशभित्र धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर र सूचिकृत कम्पनी

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/०८० को फागुन मसान्त सम्म |
|---|---|---|---|---|
| धितोपत्र दलाल व्यवसायी | ५० | ५० | ५० | ५० |
| मर्चेन्ट बैंकर | ३२ | ३० | ३० | ३१ |
| सूचीकृत कम्पनी | २१२ | २१९ | २३४ | २४५ |

स्रोतः नेपाल धितोपत्र बोर्ड

४.१६ यस प्रदेशमा २०७९ को फागुन मसान्तसम्म जम्मा रु.३ खर्व ८ अर्व ८९ करोड ६० लाख रकमको धितोपत्र कारोवार भएको छ।

तालिका ४(ट) धितोपत्र कारोवार रकम

(रू. दश लाखमा)

| प्रदेशको नाम | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/०८० को फागुन मसान्त सम्म |
|---|---|---|---|---|---|
| बागमती | १०५,३२५,१.८३ | १८१,५१२,९.२४ | १,६४०,९१८.९५ | १२५७४५२ | ३०८८९६ |

स्रोतः नेपाल धितोपत्र वोर्ड

# ५. गरिबी निवारण र रोजगारी

५.१ नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्न गरिबी निवारण तथा रोजगार लक्षित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ। दिगो समावेशी आर्थिक विकास तथा दिगोपनाको दीर्घकालीन सोच हासिल गर्न नागरिकलाई गरिबीको चक्रबाट मुक्त गराउने उद्देश्यका साथ प्रदेश सरकारले गरिबी निवारण सम्वन्धी कार्यक्रमहरु तय गरी कार्यान्वयनमा ल्याइएको छ।

५.२ बि.सं. २०८७ सम्म गरिबीको रेखामुनी रहेको जनसङ्ख्या ५ प्रतिशत र वि.सं. २१०० सम्म शुन्यमा झार्ने राष्ट्रिय लक्ष्य रहेको छ। सो लक्ष्य प्राप्त गर्नेगरी बागमती प्रदेश सरकारले समेत गरिबी निवारण लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

५.३ हाल निरपेक्ष गरिबीको रेखा मुनी रहेको जनसंख्या १५.१ प्रतिशत रहेको छ भने बहुआयामिक गरिबीमा रहेको जनसंख्या १७.४ प्रतिशत रहेको छ।

**बहुआयामिक गरिबी**

५.४ नेपालको बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेको छ। बागमती प्रदेशको बहुआयामिक गरिबी ७ प्रतिशत रहेको छ।

तालिका ५(क) बहुआयामिक गरिबी


| प्रदेश | वहुआयामिक गरिबीको दर (प्रतिशत) |
|---|---|
| | २०१९ |
| कोशी | १५.९ |
| मधेश | २४.२ |
| बागमती | ७.० |
| गण्डकी | ९.६ |
| लुम्बिनी | १८.२ |
| कर्णाली | ३९.५ |
| सुदूरपश्चिम | २५.३ |
| सात वटै प्रदेशको | १७.४ |

**स्रोत : आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय**

**मानव विकास**

५.५ राष्ट्रिय योजना आयोगबाट प्रकाशित नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार राष्ट्रिय औषत मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ भने बागमती प्रदेशको मानव विकास सूचकाङ्क ०.६६१ रहेको छ ।

चार्ट ५(क) प्रदेशगत मानव विकास सम्बन्धी सूचक




**स्रोत : आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय**

**रोजगारी**

५.६ केन्द्रीय तथ्याङ्क विभागको प्रकाशन अनुसार बागमती प्रदेशमा काम गर्ने उमेरको जनसंख्या ४८,६५,००० अर्थात देशभरीको जनसंख्याको तुलनामा २३.४५ प्रतिशत रहेको छ भने रोजगार, बेरोजगार, श्रम बजारमा नरहेको र जम्मा श्रमिकको प्रतिशत राष्ट्रिय जनसंख्याको तुलनामा ३०.०८, १७.७३, २०.१९ र २८.६४ प्रतिशत रहेको देखिन्छ।

तालिका ५(ख) बागमती प्रदेशमा श्रम बजार सम्बन्धी केही सूचकहरु

**(हजारमा)**

| विवरण | बागमती प्रदेश | नेपाल |
|---|---|---|
| **काम गर्ने उमेरको जनसंख्या** | ४८६५ | २०७४४ |
| **रोजगारी** | २१२९ | ७०८६ |
| **बेरोजगार** | १६१ | ९०८ |
| **श्रम बजारमा नरहेको संख्या** | २५७५ | १२७५० |
| **जम्मा श्रमिक संख्या** | २२९० | ७९९४ |

**स्रोत : नेपाल श्रम शक्ति सर्भेक्षण, २०१८, केन्द्रीय तथ्यांग विभाग**

५.७ वागमती प्रदेशमा रोजगारीमा संलग्न श्रमिक मध्ये १० लाख २७ हजार औपचारिक क्षेत्रमा संलग्न भएको देखिन्छ भने ११ लाख २ हजार अनौपचारिक क्षेत्रमा काम गर्ने गरेको देखिएको छ। मुलुकभर कूल ४४ लाख ११ हजार अनौपचारिक क्षेत्रमा काम गर्ने जनसंख्या मध्ये २४.९८ प्रतिशत हिस्सा बागमती प्रदेशको रहेको देखिन्छ। यस प्रदेशमा औपचारिक क्षेत्रमा कार्यरत श्रमिक मध्ये १० लाख २ हजार गैर कृषि क्षेत्रमा र २५ हजार श्रमिक गैर कृषि क्षेत्रमा संलग्न रहेको देखिन्छ। अनौपचारिक क्षेत्रमा भने यस प्रदेशमा करीब ७५ प्रतिशत श्रमिक कृषि क्षेत्रमा संलग्न रहेको देखिएको छ।

तालिका ५(ग) बागमती प्रदेशमा औपचारिक र अनौपचारिक क्षेत्रमा रोजगारीको अवस्था

(संख्या हजारमा)

| विवरण | बागमती | नेपाल | बागमती प्रदेशको हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| औपचारिक क्षेत्र | १०२७ | २६७५ | ३८.३९ |
| कृषि | २५ | ९० | २७.७८ |
| गैर कृषि | १००२ | २५८६ | ३८.७५ |
| अनौपचारिक क्षेत्र | ११०२ | ४४११ | २४.९८ |
| कृषि | ८२६ | २९०४ | २८.४४ |
| गैर कृषि | ३१ | ७३ | ४२.४७ |

स्रोत: नेपाल श्रम शक्ति सर्भेक्षण, २०१७/१८, केन्द्रीय तथ्यांक विभाग

# ६. सामाजिक क्षेत्र

**शिक्षा**

६.१ बागमती प्रदेश सरकारले विद्यालय शिक्षाको भौतिक पूर्वाधार तर्फ विद्यालय भवन तथा कक्षाकोठा निर्माण, विद्यालय घेरबार निर्माण, खेलमैदान निर्माण, शौचालय निर्माण, खानेपानी व्यावस्थापन विषयगत तथा सूचना प्रविधि प्रयोगशाला स्थापना र सञ्चालन, डिजिटल कक्षा व्यवस्थापन, विद्यालय वस सेवा कार्यक्रम, लक्षित वर्ग र समूहका लागि आवासीय विद्यालय सञ्चालन, प्राविधिक शिक्षाका लागि छात्रवृत्ति र सामुदायिक क्याम्पसमा अध्ययनरत छात्राहरुको लागि छात्रवृत्ति कार्यक्रम लगायतका कार्यक्रम सञ्चालन गरेको छ। २० ओटा नमूना विद्यालय छनोट गरी भौतिक तथा शैक्षिक सुदृढीकरण गर्दै आएको छ।शिक्षक तालिम सञ्चालन, विद्यार्थी केन्द्रीत व्यवस्थापन र सिकाई उपलब्धि वृद्धिमा सुधार कार्यक्रम सञ्चालन गरी गुणस्तर सुधारमा जोड दिइएको छ।

६.२ शैक्षिक सत्र २०७९ मा बागमती प्रदेशमा सञ्चालन भएका कुल ७३९१ बाल विकास केन्द्रमा सामुदायिक तर्फ १०४३२२ जना र संस्थागत तर्फ १४०६३१ विद्यार्थी भर्ना भएका थिए।

६.३ शैक्षिक सत्र २०७८ मा बागमती प्रदेशमा आधारभूत तह कक्षा (१-५) को खुद विद्यार्थी भर्नादर ९६.८८ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०७९ मा ०.५२ प्रतिशतले बढ्न गई ९७.४ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०७९ मा आधारभूत (६-८) मा खुद विद्यार्थी भर्नादर ९४.६ प्रतिशत, (१-८) मा ९६.४ प्रतिशत, माध्यमिक तह (९-१०) मा ७७.२ प्रतिशत, माध्यमिक तह (११-१२) मा ६४.४ र माध्यमिक तह (९-१२) मा ५६.८० प्रतिशत रहेको छ।

तालिका ६(क) बागमती प्रदेशको विद्यार्थी खुद भर्नादर

| तह | | शै.व.२०७७ | शै.व.२०७८ | शै.व.२०७९ |
|---|---|---|---|---|
| आधारभूत तह(१–५) | छात्रा | ९६.३ | ९६.४१ | ९७ |
| | छात्र | ९७.७ | ९७.३३ | ९७.८ |
| | **जम्मा** | **९७** | **९६.८८** | **९७.४** |
| आधारभूत तह(६–८) | छात्रा | ९४.४ | ९४.९६ | ९४ |
| | छात्र | ९५.८ | ९६.४४ | ९५.१ |
| | **जम्मा** | **९५.१** | **९५.७** | **९४.६** |
| आधारभूत तह(१–८) | छात्रा | ९५.३ | ९५.७ | ९५.९ |
| | छात्र | ९६.७ | ९६.८९ | ९६.८ |
| | **जम्मा** | **९६** | **९६.२९** | **९६.४** |
| माध्यमिक तह (९–१०) | छात्रा | ७७.६ | ८२.२३ | ७५.६ |
| | छात्र | ७४.४ | ७८.४९ | ७८.७ |
| | **जम्मा** | **७६** | **८०.३६** | **७७.२** |
| माध्यमिक तह (११–१२) | छात्रा | ३६.१ | ३७.९७ | ६०.९ |
| | छात्र | ३२ | ३७.४४ | ६८.५ |
| | **जम्मा** | **३४** | **३७.७** | **६४.४** |
| माध्यमिक तह (९–१२) | छात्रा | ५६.८ | ६०.१ | ५४.५ |
| | छात्र | ५३.२ | ५८ | ५९.२ |
| | **जम्मा** | **५५** | **५९** | **५६.८** |

**स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय**

६.४ शैक्षिक सत्र २०७९ मा बागमती प्रदेश भित्र जम्मा ६९२४ विद्यालयहरु सञ्चालनमा रहेका छन्। मुलुकभर रहेका ३६०३२ विद्यालयमध्ये बागमती प्रदेशको अंश १९.२१ प्रतिशत रहेको छ। यस प्रदेशमा शैक्षिक सत्र २०७८ मा ६५६९ विद्यालय सञ्चालनमा रहेको जसमा शैक्षिक सत्र २०७९ मा ३५५ वटा थप विद्यालय बढ्न गएको देखिन्छ।

तालिका ६(ख) बागमती प्रदेशको विद्यालय संख्याको विवरण

| विवरण | शैक्षिक वर्ष २०७७ | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ |
|---|---|---|---|
| बागमती प्रदेश | ७०५४ | ६५६९ | ६९२४ |
| राष्ट्रिय | ३५६७४ | ३४३६८ | ३६०३२ |
| बागमती प्रदेशको प्रतिशत | १९.७७ | १९.११ | १९.२२ |

**स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय**


६.५ बागमती प्रदेशमा रहेका विद्यालयहरु मध्ये आधारभूत (१-५) मा २७८६, आधारभूत (१-८) मा १०४१ माध्यमिक (१-१०) मा १८२४, माध्यमिक (११-१२) मा ७० र माध्यमिक (१-१२) मा १२०३ वटा विद्यालय सञ्चालनमा रहेका छन्।

तालिका ६(ग) प्रदेशहरुको विद्यालयको संख्या

| प्रदेश | जम्मा सङ्ख्या | आधारभूत (१-५) | आधारभूत (१-८) | माध्यमिक (१-१०) | माध्यमिक (१-१२) | माध्यमिक (११-१२) |
|---|---|---|---|---|---|---|
| कोशी | ७०२६ | ३४३५ | १३९८ | १३१९ | ८३५ | ९ |
| मधेश | ४६६९ | २४८३ | ९१९ | ७१६ | ५४७ | ४ |
| बागमती | ६९२४ | २७८६ | १०४१ | १८२४ | १२०३ | ७० |
| गण्डकी | ४१३५ | २१५५ | ६४८ | ७२५ | ५९७ | १० |
| लुम्बिनी | ५८७८ | २८८० | ११४७ | १०४५ | ७९९ | ७ |
| कर्णाली | ३२४३ | १८५९ | ६३६ | ४१२ | ३३६ | ० |
| सुदूर पश्चिम | ४१५७ | २०३० | ९४२ | ६८३ | ४९९ | ३ |
| सात वटै प्रदेशको जम्मा | ३६०३२ | १७६२८ | ६७३१ | ६७२४ | ४८४६ | १०३ |

स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय

चार्ट ६(क) प्रदेशगत विद्यालय संख्याको विवरणः




स्रोतः आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय ।

## शिक्षक विद्यार्थी अनुपात

६.६ शैक्षिक वर्ष २०७९ मा बागमती प्रदेशमा शिक्षक र विद्यार्थीको अनुपात आधारभूत तह (कक्षा १-५) मा २४, (कक्षा ६-८) मा २८, माध्यमिक तह (९-१०) मा २० र (११-१२) मा ६८ रहेको छ ।अघिल्लो वर्ष यस्तो अनुपात क्रमशः १८, २४,१४ र ५० रहेको थियो।

तालिका ६(घ) सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

(शैक्षिक सत्र २०७९)

| प्रदेश | विद्यालय विद्यार्थी अनुपात | | | | शिक्षक विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) |
| कोशी | ९४ | ८२ | ९७ | १५० | २६ | ३० | २६ | ७५ |
| मधेश | २९६ | २१४ | २०९ | १६२ | ८७ | ९७ | ६३ | ९८ |
| बागमती | ९७ | ८२ | ८३ | १२२ | २४ | २८ | २० | ६८ |
| गण्डकी | ६८ | ६९ | ७३ | ११४ | १६ | २१ | १७ | ५१ |
| लुम्बिनी | १५१ | ११८ | १२१ | १७२ | ३७ | ३८ | २९ | ८२ |
| कर्णाली | ११६ | १०३ | १२१ | १७४ | ४१ | ३७ | ३७ | ८४ |
| सुदूर पश्चिम | १२२ | १०४ | ११७ | १५६ | ३६ | ३४ | ३२ | ६१ |
| जम्मा | १३२ | १०६ | ११२ | १४७ | ३५ | ३७ | २९ | ७३ |

स्रोत: सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश

६.७ चालु आर्थिक वर्षको फागुन मसान्तसम्म मुलुकभर स्थायी, अस्थायी र राहत गरी जम्मा १५७३५४ शिक्षक सामुदायिक विद्यालयमा कार्यरत रहेकोमा यस प्रदेश भित्र १९७२८ स्थायी, २९८२ अस्थायी र ८४४७ राहत गरी जम्मा ३११५७ जना शिक्षक कार्यरत रहेका छन्। मुलुक भरका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक मध्ये यस प्रदेशका शिक्षकहरुको हिस्सा १९.८ प्रतिशत रहेको छ। सबैभन्दा धेरै शिक्षकको संख्या आधारभूत तहमा रहेको छ जसमा स्थायी १४२४४, अस्थायी १४२० र राहतमा ३९९७ गरी जम्मा १९६६१ शिक्षकहरु कार्यरत छन्।

तालिका ६(ङ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण

| तह | | बागमती प्रदेशमा कार्यरत शिक्षक | राष्ट्रिय जम्मा |
|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | स्थायी | १४२४४ | ७४४१६ |
| | अस्थायी | १४२० | ५२०५ |
| | राहत | ३९९७ | २१८७१ |
| आधारभूत (कक्षा ६-८) | स्थायी | २९४४ | १४९४९ |
| | अस्थायी | २४६ | १२३७ |
| | राहत | २२१६ | ९६०९ |
| माध्यमिक (कक्षा ९-१०) | स्थायी | २५४० | १२०१८ |
| | अस्थायी | | ६३३ |
| | राहत | १४७३ | ६७५८ |
| माध्यमिक (कक्षा ११-१२) | स्थायी | | ० |
| | अस्थायी | ४२३ | २००० |
| | राहत | ७६१ | ४००० |
| प्राविधिक धार (९-१२) | अस्थायी | ८९३ | ४६५८ |
| कुल | स्थायी | १९७२८ | १०१३८३ |
| | अस्थायी | २९८२ | १३७३३ |
| | राहत | ८४४७ | ४२२३८ |
| | जम्मा | ३११५७ | १५७३५४ |

स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय

## विद्यार्थी भर्ना विवरण

६.८ शैक्षिक सत्र २०७९ मा मुलुकभर जम्मा ७२ लाख ६९ हजार ५ सय ५१ मध्ये बागमती प्रदेशमा १३ लाख ७८ हजार ७८४ अर्थात् १८.९७ प्रतिशत विद्यार्थीहरु भर्ना भएका छन्।

तालिका ६(च) बागमती प्रदेशमा विद्यार्थी भर्नाको विवरण

| तह | | बागमती | नेपाल | प्रतिशत |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | छात्रा | २८७९४१ | १७४०१४४ | १६.५५% |
| | छात्र | ३२८१२८ | १८७०२५० | १७.५४% |
| | अन्य | १८ | २०९ | ८.६१% |
| आधारभूत तह (कक्षा ६-८) | छात्रा | १६७५७३ | ८८७५१८ | १८.८८% |
| | छात्र | १८६१४० | ९३९८५२ | १९.८१% |
| | अन्य | ६ | ६३ | ९.५२% |
| आधारभूत तह (कक्षा १-८) | छात्रा | ४५५५१४ | २६२७६६२ | १७.३४% |
| | छात्र | ५१४२६८ | २८१०१०२ | १८.३०% |
| | अन्य | २४ | २७२ | ८.८२% |
| माध्यमिक तह (कक्षा ९-१०) | छात्रा | १०५०५९ | ५३२३६८ | १९.७३% |
| | छात्र | ११००७१ | ५५०३९५ | २०.००% |
| | अन्य | २ | १७ | ११.७६% |
| माध्यमिक तह कक्षा (११-१२) | छात्रा | ९४०८७ | ३८१३९३ | २४.६७% |
| | छात्र | ९९७४४ | ३६७२९० | २७.१६% |
| | अन्य | १५ | ५२ | २८.८५% |
| माध्यमिक तह (कक्षा ९-१२) | छात्रा | १९९१४६ | ९१३७६१ | २१.७९% |
| | छात्र | २०९८१५ | ९१७६८५ | २२.८६% |
| | अन्य | १७ | ६९ | २४.६४% |
| कुल | छात्रा | ६५४६६० | ३५४१४२३ | १८.४९% |
| | छात्र | ७२४०८३ | ३७२७७८७ | १९.४२% |
| | अन्य | ४१ | ३४१ | १२.०२% |
| | **जम्मा** | **१३७८७८४** | **७२६९५५१** | १८.९७% |

**स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय**

६.९ राष्ट्रिय जन गणना २०७८ अनुसार बागमती प्रदेशको साक्षरता प्रतिशत ८२.१ प्रतिशत रहेको छ। जस मध्ये पुरुषको साक्षरता ८८.३० प्रतिशत र महिलाको साक्षरता ७६ प्रतिशत रहेको छ।

**एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम**

६.१० विद्यालय तहबाट बालबालिकालाई सन्तुलित र पोसिलो खानेकुरा खाने तथा स्वस्थ जीवनशैली, समग्र स्वास्थ्य, सरसफाई र पोषण प्रवर्द्धन, मानसिक स्वास्थ्य, किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य अवस्थामा सुधार गरी विद्यार्थीको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन प्रदेश सरकारबाट नमुना कार्यक्रमको रूपमा आर्थिक वर्ष २०७५/०७६ देखि एक विद्यालय एक नर्स कार्यक्रम सुरुवात गरिएको हो।

६.११ आर्थिक वर्ष २०७५/०७६ मा एक विद्यालय एक नर्स कार्यक्रम २० ओटा सामुदायिक विद्यालयमा परीक्षणको रुपमा सुरुवात गरिएकोमा आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा प्रदेश भित्रका १ स्थानीय तहको २ माध्यमिक विद्यालयमा विस्तार गरिएको थियो भने आर्थिक वर्ष २०७८/०७९ मा थप १०० विद्यालय र आर्थिक वर्ष २०७९।८० मा थप ६० विद्यालयमा कार्यक्रम कार्यान्वयमा लगिएको छ। चालु आर्थिक वर्ष सम्मा प्रदेश भित्रका ११९ स्थानीय तहका कुल ५१९ माध्यमिक विद्यालयहरूमा यो कार्यक्रम कार्यान्वयन गरिएको छ।

तालिका ६(छ) एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन अवस्था

| कार्यक्रमको विवरण | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ व २०७८/०७९ | आ व २०७९।०८० | जम्मा |
|---|---|---|---|---|---|---|
| एक माध्यमिक विद्यालय एक नर्स | २० विद्यालय | १०१ विद्यालय | २३८ विद्यालय | १०० विद्यालय | ६० विद्यालय | ५१९ विद्यालय |

**स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश**

### प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

६.१२ प्रदेश भित्र १८ वटा आङ्गिक शिक्षालयहरु सञ्चालनमा रहेका छन् । प्रदेश भित्रका ११९ स्थानीय तह मध्ये ६७ स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) अन्तर्गत प्राविधिक शिक्षाको पहुँच पुगेको छ। यसै गरी कक्षा ९ देखि १२ को प्राविधिक धार ८४ विद्यालयमा सञ्चालनमा रहेको छ।

### विश्वविद्यालय तथा प्रतिष्ठान

६.१३ चालु आर्थिक वर्षको फागुन मसान्तसम्म बागमती प्रदेश भित्र त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय र नेपाल खुला विश्वविद्यालय गरी चार वटा विश्वविद्यालयहरु यस प्रदेशमा नै स्थापना भई सञ्चालनमा रहेका छन्। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान गरी चार वटा प्रतिष्ठान समेत रहेका छन् ।

६.१४ प्रदेश उच्च शिक्षा ऐन तथा नियमावली जारी भएको छ। शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका २०७९ जारी गरी प्रदेश भित्र २३२ वटा शैक्षिक संस्थालाई शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन गर्ने संस्थालाई अनुमति दिइएको छ।

## विज्ञान प्रविधि

६.१५ प्रदेशस्तरीय विज्ञान तथा प्रविधि नीति जारी गरिएको छ। प्रदेश भित्र विभिन्न विषय क्षेत्रहरूमा युवा वैज्ञानिकहरूलाई संलग्न गराई प्रविधि, विकास र नवप्रर्वतनमा क्षमता विकास गर्दै प्रदेशको उच्च आर्थिक वृद्धि हासिल गर्न र नागरिकको जीवन पद्धतिलाई सरल र सहज बनाउन युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना गरिएको छ। सो कोष अन्तर्गत ५ वटा अनुसन्धान प्रस्ताव/आयोजनाहरू छनोट भई अनुसन्धान कार्य भईरहेकोमा २ वटाको कार्य सम्पन्न भएको छ।

## युवा तथा खेलकुद

६.१६ प्रदेश युवा परिषद् ऐन तथा नियमावली जारी गरी प्रदेशका युवाहरुको सशक्तिकरण गर्न युवाको सीप र उद्यमशीलता विकासका लागि प्रदेश युवा परिषद्को स्थापना गरी सञ्चालनमा रहेको छ। यस परिषद् मार्फत सचेतनामूलक, युवा सहभागिता, नेतृत्व विकास र सीपको विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालनमा गरिएको छ।

६.१७ प्रदेश खेलकुद ऐन तथा नियमावली जारी गरी प्रदेश खेलकुद विकास परिषद् स्थापना भई सञ्चालनमा आएको छ। बागमती प्रदेशस्तरीय दोस्रो खेलकुद प्रतियोगिता सम्पन्न भइसकेको छ । यसका साथै अन्य खेलकुद प्रतियोगिताहरु सञ्चालन भएका छन्।

६.१८ बागमती प्रदेश सरकारको स्रोतबाट २०७९ फागुन मसान्तसम्म ४ वटा रंगशाला निर्माणाधिन अवस्थामा रहेका छन्। २३ वटा कभर्डहलको निर्माण सम्पन्न भएको छ भने ६ वटा कभर्डहल निर्माणाधिन अवस्थामा रहेको छ। त्यसैगरी १०० भन्दा बढी स्थानीय खेलमैदानको निर्माणकार्य सम्पन्न भइसकेको छ।

## महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक

६.१९ आर्थिक वर्ष २०७८/०७९ मा महिला पत्रकारहरुको लागि विद्धतवृति fellowship कार्यक्रम अन्तर्गत २४ जनालाई सो वृत्ति उपलब्ध गराईएको छ। ४४ जना महिला उद्यमी, ३ समूह र ३ समुन्नति गरी कुल ५० लाई राष्ट्रपति महिला उद्यमशिलता अन्तर्गत प्रविधि सहयोग उपलब्ध गराइएको छ।

६.२० प्रदेश बाल अधिकार सम्बन्धी ऐन, २०७६ जारी भई कार्यान्वयनमा रहेको छ। ११८२ जना बाबु आमा विहीन बालबालिकालाई स्थानीय तह मार्फत प्रोत्साहन रकम उपलब्ध गराईएको छ।

६.२१ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनमा सहयोग र ज्येष्ठ नागरिक आश्रम भवन निर्माणमा अनुदान सहयोग गरिएको छ।

६.२२ राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशसँगको साझेदारीमा दोभाषे सहितको अपाङ्गता सूचना केन्द्र २०७६ देखि निरन्तर सञ्चालन गरिएको छ।

६.२३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको आत्मनिर्भरताको लागि मागमा आधारित सीप विकास तालिम उपलब्ध गराईएको छ।

**स्वास्थ्य क्षेत्र**

६.२४ प्रदेश सरकारले जनताको स्वास्थ्य अवस्था सुधार्न विभिन्न स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरु स्वास्थ्य मन्त्रालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, जनस्वास्थ्य प्रयोगशाला र आयुर्वेद औषधी उत्पादन केन्द्र, अस्पतालहरु (१३ वटा), स्वास्थ्य कार्यालयहरु (१३ वटा) तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु (१३ वटा) मार्फत सञ्चालन भईरहेका छन्।

६.२५ विभिन्न स्वास्थ्यका क्षेत्रहरुमा हासिल गरेका उपलब्धिहरु र मापन गरिएका सूचकहरु तपसिल बमोजिम छन्। सूचकहरुको मापन विभिन्न राष्ट्रिय तथा प्रादेशिक सर्वेक्षण र तथ्यांक अनुसार उल्लेख गरिएका छन्।

तालिका ६(ज) बागमती प्रदेशका स्वास्थ्य सूचकका प्रमुख नतिजाहरु

| सूचकहरु | NDHS 2016 | NDHS 2022 |
|---|---|---|
| **प्रजनन** | | |
| कुल प्रजनन दर (प्रति महिलामा जीवित जन्म हुने बच्चाहरुको संख्या) | २.३ | २.१ |
| १५-१९ वर्षका आमा भइसकेका वा हाल गर्भवती महिलाहरु (%) | १७ | १४ |
| **परिवार नियोजन** | | |
| हाल प्रयोग गरिरहेका कुनै न कुनै परिवार नियोजनका साधन/सेवाहरु (%) | ६१ | ५७ |
| हाल प्रयोग गरिरहेका परिवार नियोजनका आधुनिक साधन/सेवाहरु (%) | ४३ | ४३ |
| परिवार नियोजनका साधन/सेवाहरुको आपूर्ति (%) | २० | १५ |
| परिवार नियोजनका आधुनिक साधन/सेवाहरुको मागमा सन्तुष्टी (%) | ६१ | ५५ |
| **मातृ स्वास्थ्य** | | |
| दक्ष स्वास्थ्यकर्मीहरु सँग गर्भवती सेवा लिन गएका महिलाहरु (%) | ८५ | ८० |
| स्वास्थ्य संस्थामा सुत्केरी भएका (%) | ७१ | ७९ |
| दक्ष स्वास्थ्यकर्मीबाट बच्चा जन्माउन सहयोग गरेका (%) | ७० | ८० |
| **बाल स्वास्थ्य** | | |
| सम्पूर्ण खोप पाएका १२-२३ महिनाका बालबालिकाहरु (%) | ८५ | ८० |
| **पोषण** | | |
| ५ वर्ष मुनिका बालबालिकाहरु उमेर अनुरुप उचाई नपुगेका मध्यम वा गम्भीर | २९ | २५ |
| १५-४९ वर्षका पुरुषहरु जसमा धेरै तौल भएको वा धेरै मोटोपना भएका (%) | २४ | |
| ६-५९ महिनाका बालबालिका हरुमा कुनै न कुनै किसिमको रक्त अलपत्ता भएका (%) | ४३ | ४३ |
| १५-४९ महिनाका बालबालिका हरुमा कुनै न कुनै किसिमको रक्त अलपत्ता भएका (%) | २९ | ३४ |
| नवजात शिशुको मृत्यु-जन्मेको २८ दिन भित्र | २१ | २१ |
| शिशु मृत्यु (जन्मेको १ वर्ष भित्र) | ३२ | २८ |
| पाँच वर्ष मुनिका बाल मृत्यु (जन्मेको ५ वर्ष पुरा नहुँदै ) | ३९ | ३३ |

**स्रोतः स्वास्थ्य मन्त्रालय, वागमती प्रदेश र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२.**

## स्वास्थ्य संस्था, शैय्या र जनशक्ति

६.२६ बागमती प्रदेशमा २०७९ फागुन मसान्तसम्म प्रदेश सरकार अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाइ, आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, निजी अस्पताल गरी जम्मा २७३३ वटा सरकारी तथा निजी स्तरवाट स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका छन्। गत आर्थिक वर्षमा यस्ता स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको संख्या २७४६ वटा रहेको थियो।

तालिका ६(झ) स्वास्थ्य संस्था, अस्पताल शैय्या, महिला स्वास्थ्य स्वयंसेविकाः

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९ फागुन मसान्तसम्म |
|---|---|---|---|---|---|
| १.जम्मा स्वास्थ्य संस्था | २३२० | २४६४ | २६४१ | २७४६ | २७३३ |
| क) प्रदेश अन्तर्गतका अस्पताल | ८ | ८ | १३ | १३ | १३ |
| (ख)स्वास्थ्य कार्यलय | १३ | १३ | १३ | १३ | १३ |
| ग) आयुर्वेद स्वास्थ्य केन्द्र | १२ | १२ | १३ | १३ | १३ |
| घ) आयुर्वेद औषधी उत्पादन केन्द्र | ० | ० | ० | ० | १ |
| ङ) प्राथमिक स्वास्थ्य केन्द्र | ४३ | ४३ | ४० | ४० | ४० |
| च) स्वास्थ्य चौकी | ६४० | ६१३ | ६४३ | ६४३ | ६४३ |
| छ) शहरी स्वास्थ्य केन्द्र | ११० | १४० | १८२ | १८२ | २०० |
| ज) सामुदायिक स्वास्थ्य ईकाइ | ९० | १२६ | १७३ | १७३ | १८८ |
| झ) आयुर्वेद औषधालय | ५० | ५० | ५० | ५० | ५१ |
| ञ) निजी अस्पताल | १३८६ | १४५० | १४५० | १४७० | १५२० |
| ट) नागरिक आरोग्य केन्द्र | ० | ० | ४१ | ५१ | ५१ |
| २. सरकारी अस्पताल शैया | १६२ | १६२ | ७०४ | ८३६ | ८३६ |
| ३. महिला स्वास्थ्य स्वयंसेविका | ८६८५ | ८६८५ | ८६८५ | ८६८५ | ९००४ |

**स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश ।**

६.२७ बागमती प्रदेशमा स्वास्थ्य सेवा तर्फको कुल दरवन्दी संख्या ८३९ रहेकोमा २०७९ फागुन मसान्तसम्म २५६ स्थायी पदपूर्ति भएको छ भने ५१२ दरवन्दी रिक्त रहेको छ।१२४ चिकित्सकको दरबन्दीमा ७१ मात्र पदपूर्ति भएको छ।

तालिका ६(ञ) बागमती प्रदेशमा स्वास्थ्य क्षेत्रमा विद्यमान जनशक्तिको अवस्थाः

| | दरवन्दी | पदपूर्ति | रिक्त | |
|---|---|---|---|---|
| जम्मा जनशक्ति | ८३९ | २५६ | ५१२ | गत आ.व. २०७९/८० सम्मको तथ्यांक |
| क) चिकित्सक | १२४ | ७१ | ५३ | |
| ख) नर्स/अ.न.मी | ११७ | ११७ | ० | |

**स्रोतः स्वास्थ्य मन्त्रालय,बागमती प्रदेश**

**स्वास्थ्य संस्थाबाट उपलब्ध सेवा र लाभान्वित जनसंख्या**

६.२८ आर्थिक बर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रदेश भित्र विभिन्न किसिमका स्वास्थ्य सेवावाट (निवारक, प्रवर्द्धनात्मक, उपचारात्मक, आदि) ७३,३१,००० जनताहरु लाभान्वित भएका छन्। सो मध्ये ५,५०,००० जनाले आकस्मिक सेवा, ६५,२३,००० जनाले बहिरङ्ग सेवा २,५८,००० जनाले अन्तरङ्ग सेवा प्राप्त गरेका छन्।

तालिका ६(ट) बागमती प्रदेशमा अस्पतालवाट स्वास्थ्य सुविधा लिनेको विवरण

| सेवाको विवरण | आ.ब.२०७६/७७ | आ.ब.२०७७/७८ | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० |
|---|---|---|---|---|
| अन्तरंग | ४८०२४३ | ३४४५४८ | ३६६३५५ | २५८००० |
| बहिरङ्ग | ७३०६४२० | ६०००३०९ | ६८८८३५६ | ६५२३००० |
| आकस्मिक | ९९५३८२ | ८१४२५९ | १०४१३३४ | ५५०००० |
| **जम्मा** | **८७८२०४५** | **७१५९११६** | **८२९६०४५** | **७३३१०००** |

**स्रोतः आर्थिक सर्भेक्षण २०७९/८०, अर्थ मन्त्रालय**

**खोप सेवा**

६.२९ यस प्रदेशमा पूर्ण रुपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशत आर्थिक वर्ष २०७८/०७९ मा ५५.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/०८० मा ८८ प्रतिशत पुगेको छ।

तालिम ६(ठ) बागमती प्रदेशमा लगाएको खोपको विवरण

(संख्यामा)

| सूचकाङ्क | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | आ.ब.२०७९/८० |
|---|---|---|---|---|---|
| वि.सी.जी. भ्याक्सिन | १०४८३४ | १०५८७५ | १०१३९४ | ७१९८६ | १०९९६९ |
| डी.पि.टी., हेपाटाइटिस बि, हेपबि(तेस्रो मात्रा) | ९२३०८ | ८८४४८ | ९२२२८ | ६१६९५ | ८६६७१ |
| पोलियो(तेस्रो मात्रा) | ९१३१६ | ८७८४९ | ९०९२० | ६१४४६ | ८६९५० |
| दादुरा रुबेला विरुद्धको खोप | ७९२९५ | ७९९४१ | ८५९०६ | ६३४७४ | ८६६२६ |
| टिटानस (TD 2 and 2+) | ७५१५८ | ७०७५४ | ६५३२० | ४८३५८ | ५६८५७ |
| FIPV | ५७०६४ | ८२८०८ | ८९९८३ | ६०९६० | ८८८९९ |
| रोटा खोप | ६९३ | १६९ | ७७८३७ | ६१७७५ | ८४८२५ |
| JE खोप | ९०६७० | ८९७६६ | ९२४९२ | ७६१२४ | ९११७० |
| पूर्ण रुपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशत | ५४ | ५४.५ | ५६.५ | ५५.५ | ८८ |

**स्रोतः स्वास्थ्य निर्देशनालय, बागमती प्रदेश**

### गर्भवती एवं सुत्केरी महिलाको स्वास्थ्यमा पहुँच

६.३० मातृमृत्युदर कम गरी दिगो विकास लक्ष्य हासिल गर्न गर्भवती एवं सुत्केरी महिलाको स्वास्थ्यमा पहुंच अभिवृद्धि सम्बन्धी राष्ट्रिय कार्यक्रम मार्फत यस प्रदेशमा कम्तिमा ४ पटक गर्भजाँच गराउने गर्भवती महिलाको प्रतिशत ७८.६ प्रतिशत बाट वृद्धि भई आर्थिक वर्ष २०७९/२०८० मा १३९.१ प्रतिशत पुगेको छ। साथै आर्थिक वर्ष २०७८/०७९ मा स्वास्थ्य संस्थामा प्रसूति गराउने महिलाको प्रतिशत ६६.७ रहेकोमा आर्थिक वर्ष २०७९/८० मा बढेर ९८.६ प्रतिशत पुगेको छ। स्वास्थ्य क्षेत्रमा राज्यले गरेको लगानी, विभिन्न साझेदार संस्थाहरुको समन्वय र स्थानीय तहको कार्यक्रम कार्यन्वयनमा विशेष योगदानको प्रतिफल स्वरूप स्वास्थ्य सूचकाङ्कमा उल्लेख्य सुधार आएको छ।

तालिका ६(ड) गर्भवती एवं सुत्केरी महिलाको स्वास्थ्यमा पहुँचको तुलनात्मक अवस्था

| सूचक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कम्तिमा ४ पटक गर्भजाँच गराउने गर्भवती महिलाको प्रतिशत | ५०.८ | ४८.९ | ५६.७ | ७८.६ | १३९.१ |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ६१ | ६७ | ६०.४ | ६६ | ९७.७ |
| स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ६१ | ६८ | ६१.४ | ६६.७ | ९८.६ |

**स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश**

६.३१ नेपालमा प्रति १ लाख जीवित जन्ममा मातृ मृत्युदर १५१ रहेकोमा बागमती प्रदेशमा सो दर ९८ रहेको छ।

६.३२ बागमती प्रदेशले आर्थिक वर्ष २०७७/०७८ बाट शुरुवात गरेको विपन्न नागरिक सहुलियत कार्यक्रम अन्तर्गत क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा सहयोग कार्यक्रम हाल १२ वटा अस्पतालसँग सम्झौता गरी कार्यान्वयनमा रहेको छ। यसै गरी नसर्ने रोगको प्रकोपको न्युनिकरणको लागि मुख्यमन्त्री जनता कार्यक्रम कार्यन्वयनमा रहेको छ। यस कार्यक्रमबाट स्थानीय तहको सहकार्यमा नसर्ने रोगको निदान, उपचार र परामर्श सेवा प्रदान भइरहेको छ।

### स्वास्थ्य बीमा कार्यक्रम

६.३३ बागमती प्रदेश भित्रका सबै जिल्लामा स्वास्थ्य बीमा मार्फत विभिन्न स्वास्थ्य सेवाहरु उपलब्ध भईरहेका छन्। यसै गरी स्थानीय तहबाट पनि स्वास्थ्य बीमा कार्यक्रम लागू भएको छ जस मध्ये ११ जिल्लाका सबै स्थानीय तह र ललितपुर जिल्लाको बागमती, कोन्ज्योसोम र महाङ्काल गाउँपालिका, काठमाण्डौ जिल्लाको ६ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा आएको

छ। यसै अन्तर्गत प्रदेशमा आर्थिक वर्ष २०७८/०७९ मा ४,३९,५९५ जनालाई बीमा सेवामा आवद्ध गराइएको थियो भने आर्थिक वर्ष २०७९/०८० मा सो संख्यामा उल्लेख्य वृद्धि भई फागुन मसान्तसम्म ११,८९,१९५ जना स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भएका छन्।

तालिका ६(ढ) स्वास्थ्य बीमा कार्यकमको अवस्थाः

| कार्यक्रमको विवरण | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन भएको जिल्लाको संख्या | ५ | २ | ४ | २ | १३ |
| स्वास्थ्य बीमा कार्यक्रममा बीमितको संख्या | ३,६९,७८३ | ४,६४,११७ | ५,४८,२५९ | ४,३९,५९५ | १,१८९,१९५ |

स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश

### कोरोना महामारीको व्यवस्थापन

६.३४ यस प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा कोभिड परीक्षण (PCR+Antigen) संख्या ४१,३०,१४० रहेकोमा आर्थिक वर्ष २०७९ चैत्र मसान्तसम्म पुग्दा परीक्षण संख्या ४३,७९,४६० पुगेको छ। कोभिड संक्रमित बिरामीहरु आर्थिक वर्ष २०७९ चैत्र मसान्तसम्म ५,९२,४२५ पुगेको थियो भने मृत्यु हुनेको संख्या ५,३६९ रहेको थियो। प्रदेशमा आर्थिक वर्ष २०७९ फागुन मसान्तसम्म पहिलो मात्राको खोप लगाउने १२ बर्ष माथिको उमेर समूहको संख्या ५६,५९,८३५ जना रहेको छ भने पूर्ण खोप लगाउने संख्या ५४,७८,२०२ रहेको छ। साथै, पहिलो र दोस्रो थप खोप लगाउनेको संख्या क्रमशः १८,९२,२८९ र १,१०,५९१ जना रहेका छन्। ५-११ बर्ष उमेर समूहका ६,१६,२७९ जना (९६.८ प्रतिशत) ले पहिलो मात्राको खोप लगाएका छन् भने सोही उमेर समूहका ५,८१,१६४ जना (९१.३ प्रतिशत) ले पूर्ण खोप लगाएका छन् ।


तालिका ६(ण) कोभिड-१९ रोकथाम नियन्त्रण सम्बन्धी विवरण

| खोप विवरण | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | २०७९ फागुन मसान्तसम्म |
|---|---|---|---|---|
| Antigen परीक्षण | ३५३८७ | ७९३३२ | २०६०७३ | २२९७७२ |
| PCR परीक्षण | २२०४० | २०१७०२९ | ३९२४०६७ | ४१४९६८८ |
| जम्मा परीक्षण (PCR + Antigen) | ५७४२७ | २०९६३६१ | ४१३०१४० | ४३७९४६० |
| Antigen परीक्षण गरेको मध्ये कोभिड पोजेटिभ बिरामी | ८१४ | १७७६७ | ४३०३३ | ४६०१९ |
| PCR परीक्षण गरेको मध्ये कोभिड पोजेटिभ बिरामी | ८३७ | ३३८४५१ | ५३१३३७ | ५४६४०६ |
| जम्मा कोभिड संक्रमित बिरामीहरु (PCR + Antigen) | १६५१ | ३५६२१८ | ५७४३७० | ५९२४२५ |
| कोभिड संक्रमित बिरामीहरुमध्ये जम्मा निको भएको | ३६९ | ३४३१४६ | ५६७९३६ | ५८६७३७ |
| जम्मा पहिलो मात्राको खोप लगाएका (१८ बर्ष माथिका) | ० | ८६७१७८ (२०.२५%) | ४९८३२५१ (१०४.४%) | ५६५७२३२ (१००.४४% ) |
| जम्मा पहिलो मात्राको खोप लगाएका (१२-१७ बर्ष माथिका) | ० | ० | ४०७७६७ (८४.२८%) | ५६५७२३२ (१२वर्षमाथिका सबै) |
| जम्मा पूर्ण खोप लगाएका (१८ बर्ष माथिका) | ० | ६०१५३६ (१४.०४%) | ४७७६८९१ (१०३.६%) | ५४७५८४७ (९७.५३%) |
| जम्मा पूर्ण खोप लगाएका (१२-१७ बर्ष माथिका) | ० | ० | ३३७५१० (७१.६४%) | ५६५७२३२ |
| अतिरिक्त मात्रा (१२ बर्ष माथीका) | ० | ० | १५७४४८१ (३०.२%) | १८४५०४२ (३६.७०%) |
| जम्मा पहिलो मात्राको खोप लगाएका (५-११ बर्ष ) | ० | ० | ० | ६१५४०३ (९६.६३%) |
| जम्मा पूर्ण खोप लगाएका (५-११ बर्ष) | ० | ० | ० | ५८०४०१ (९१.१३%) |
| जम्मा मृत्यु | ९ | ३९३० | ५३२८ | ५३६९ |

स्रोतः स्वास्थ्य मन्त्रालय,वागमती प्रदेश

६.३५ बागमती प्रदेशमा कोभिड-१९ संक्रमणमा मृत्यु हुनेको संख्या २०७९ फागुन मसान्तसम्म ५,३६९ पुगेको छ। पहिलो लहरमा जम्मा १,००४ जनाको मृत्यु भएको पुष्टि भएको थियो भने मृत्युदर उच्च रहेको दोस्रो लहरमा २०७८ जेष्ठ महिनामा मात्र १,७३१ जनाको मृत्यु भएको पुष्टि भएको थियो। २०७९ साउनदेखि २०७९ फागुन मसान्तसम्म ४१ जनाको कोभिड-१९ का कारण मृत्यु भएको पुष्टि भएको थियो।

चार्ट ६(ख) आर्थिक बर्ष २०७६/७७ देखि २०७९ फागुन मसान्तसम्म कोभिड-१९ बाट मृत्यु हुनेको विवरण




**स्रोतः स्वास्थ्य मन्त्रालय, वागमती प्रदेश**

६.३६ प्रदेश अन्तर्गतका १३ वटै अस्पतालहरुमा कोभिड-१९ को उपचारका लागि आइसोलेसन र त्रिशुली, भक्तपुर, हेटौंडा, धादिङ र सिन्धुली अस्पतालबाट ICU, NICU र HDU सेवा प्रवाह भईरहेको छ। साबिकमा प्रदेश भित्रका अस्पताल एवं स्वास्थ्य सेवा प्रदायक सरकारी संस्थाहरुमा ५१९ बेड रहेकोमा आर्थिक वर्ष २०७७/०७८ मा कोभिड-१९ को उपचारका लागि ४०२ सामान्य बेड, ४६ बेड ICU, २६ बेड ventilator र १२५ बेड HDU गरी जम्मा ५९९ बेड थप गरी जम्मा १११८ बेड सञ्चालनमा ल्याईएको थियो। कोभिड-१९ बाट संक्रमित व्यक्तिको उपचारका लागि बागमती प्रदेश मातहत रहेका १२ वटा अस्पतालमा अक्सिजन प्लान्ट जडान गरिएको र रसुवा जिल्लामा जिबजिबे ग्रामीण अस्पतालमा स्थापना गरिएको छ। प्रदेश सरकार अन्तर्गतका १२ वटा अस्पतालमा (रसुवा बाहेक) पिसिआर ल्याब स्थापना गरी कोभिड-१९ को द्रुत परीक्षण सेवा प्रदान गर्ने व्यवस्था गरिएको थियो।

## ७. आर्थिक क्षेत्र

### कृषि तथा पशुपन्छी विकास

७.१ मुलुकको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको योगदान १७ प्रतिशत रहेको छ। बागमती प्रदेश भित्र भित्री मधेश, प्रशस्त खेतीयोग्य वेशी तथा समथर स-साना फाँटहरु, मध्य पहाडमा खेतीयोग्य जमीनहरुको उपलब्धता र उच्च हिमाली क्षेत्रमा फलफूल खेती तथा पशुपालनका प्रशस्त संभावनाहरु रहेको हुँदा आधुनिक प्रविधिको प्रयोग, प्रतिस्पर्धात्मक क्षमताको विकास, कृषि उपजको उचित बजारीकरणको व्यवस्था, कृषि सामाग्री र औषधि तथा विषादीको उचित व्यवस्थापन गर्न सके प्रदेशमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वको थप वृद्धि हुने देखिन्छ।

७.२ बागमती प्रदेशको पहिलो आवधिक योजनाको आधार वर्ष २०७५/७६ मा आर्थिक वृद्धि दर ७.५ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धि दर १०.३ प्रतिशत पु¥याउने लक्ष्य रहेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आधार वर्षमा १३ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षमा कुल ग्रार्हस्थमा कृषि क्षेत्रको योगदान १०.३ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेको छ।

७.३ बागमती प्रदेशको कुल जनसंख्यामा ३३ लाख ६४ हजार २ सय ७६ जना नागरिकहरु अर्थात् बागमती प्रदेशको कुल जनसंख्याको ५५ प्रतिशत कृषि पेशामा संलग्न छन्। प्रदेश सरकारले लिएको बांझो जमीनको प्रयोग गरी उत्पादन वढाउने नीति अनुरुप आ.व. २०७८/७९ मा बांझो रहेको ३०९१ रोपनी थप जमीनमा खेती गरिएको थियो भने सोको लागि प्रदेश सरकारले प्रति रोपनी २ हजारका दरले रु.६१ लाख ८२ हजार प्रोत्साहन रकम उपलब्ध गराएको थियो।

### प्रयोगशाला सेवा

७.४ आर्थिक वर्ष २०७८/७९ मा विभिन्न बालीको २६०.२ मेट्रिक टन बिउ प्रमाणीकरण भएकोमा आर्थिक वर्ष २०७९/०८० को फागुन मसान्तसम्म २००.६८ मेट्रिक टन प्रमाणीकरण भएको छ । जसले गर्दा गुणस्तरीय रुपमा मुल वीउ तथा प्रमाणित वीउ उपलब्ध भई गुणस्तरीय वीउ उत्पादनमा टेवा पुगेको छ। विभिन्न बालीको ८९४.३८ हेक्टर वीउ बाली परीक्षण गरेर अनुमानित २३८३.१४ मेट्रिक टन बिउ उत्पादन अनुमान गरिएको थियो र ९२४ वटा विभिन्न बालिका वीउ नमूना परीक्षण भई वीउको गुणस्तर कायम गर्न सहयोग पु¥याइएको थियो।

७.५ २०७९ फागुन मसान्तसम्म जम्मा २१० हेक्टर क्षेत्रफलमा बालीको विभिन्न अवस्थामा खडा बाली निरीक्षण भएको छ । प्रदेशभर ४४७ मेट्रिक टन वीउ उत्पादनको लागि प्रति के.जी. २० का दरले रु. ८९ लाख ३७ हजार रुपैया बीउ उत्पादक समूह तथा सहकारीको बैक खातामा अनुदान उपलब्ध गराइएको छ ।

७.६ आ.व २०७८/७९ मा प्रदेश भित्र घुम्ती शिविर मार्फत ३७०० वटा र माटो तथा मल परीक्षण प्रयोगशालावाट १४०० वटा माटोको नमुना परीक्षण सम्पन्न गरिएको थियो भने आ.व २०७९/८० को फागुन मसान्तसम्म प्रदेश भित्र तीन स्थानमा घुम्ती शिविरमार्फत माटो परीक्षण शिविर संचालन गरी ११२३ वटा माटोको नमूना परीक्षण गरिएको छ । विश्व माटो दिवस कार्यक्रमको अवसरमा १५.३ मेट्रिक टन कृषि चुन माटो नतिजाको आधारमा निःशुल्क वितरण गरियो र माटो तथा मल परिक्षण प्रयोगशालावाट ५१० वटा माटोको नमूना परीक्षण पनि यस प्रयोगशालाले सम्पन्न गरेको छ।

**प्रमुख खाद्यान्न बालीको उत्पादन**

७.७ चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा धान र मकैको उत्पादन क्रमशः ४,५३,४७० मेट्रिक टन र ४,४६,२५० मेट्रिक टन रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा धान उत्पादन ०.३८ प्रतिशतले घटेको छ भने मकैको उत्पादन ०.४५ प्रतिशतले बढेको देखिन्छ। बेमौसमी वर्षा, रासायनिक मलको अभाव, रोग, किराको प्रकोप आदिको कारणले धानको उत्पादन घट्न गएको छ। त्यसैगरी रैथाने बाली अन्तर्गत रहेको कोदो बालीको उत्पादन गत आर्थिक वर्षको तुलनामा १.३८ प्रतिशतले वृद्धि भई ६८,८४५ मेट्रिक टन पुगेको छ। कृषकहरुको जौ खेती प्रति रुची घटदै जानाले चालु आर्थिक वर्षमा जौ को उत्पादन घट्ने अनुमान छ।

तालिका ७(क) प्रमुख खाद्यान्न बालीको उत्पादन

| बाली | | धान | मकै | गहुँ | कोदो | जौ | फापर | कुल |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०७५/७६ | उत्पादन(मे.टन) | ५२१४४६ | ५९८००० | १५९४४५ | ६९४६६ | २४६३ | २६३१ | १३५३४५१ |
| | उत्पादकत्व(मे.टन/हे.) | ३.९ | ३.१२ | २.९३ | १.१८ | १.३९ | १.०६ | ३.०५ |
| आ.व. २०७६/७७ | उत्पादन(मे.टन) | ५१०२०० | ६१७७६० | १६८४२९ | ६९६७६ | २४८९ | २६९८ | १३७१२५२ |
| | उत्पादकत्व(मे.टन/हे.) | ३.९३ | ३.२३ | ३.०१ | १.१७ | १.४ | १.०९ | ३.९३ |
| आ.व. २०७७/७८ | उत्पादन(मे.टन) | ५०९५९० | ६९१४३६ | १७२७८९ | ७०८६७ | २४१६ | ३५९८ | १४५०६९६ |
| | उत्पादकत्व(मे.टन/हे.) | ३.८४ | ३.३५ | २.९४ | १.१८ | १.४२ | ०.८८ | ३.१३ |
| आ.व. २०७८/७९ | उत्पादन(मे.टन) | ५०७७८९ | ६६६०५२ | १६३६२४ | ६७९०२ | १६८६ | २६५५ | १४२४७९८ |
| | उत्पादकत्व(मे.टन/हे.) | ३.७३ | ३.७९ | २.७८ | १.१४ | १.२७ | ०.८४ | ३ |
| आ.व. २०७९/८० फागुन सम्म | उत्पादन(मे.टन) | ४५३४७० | ४४६२५० | | ६८८४५ | | ५५० | ९६९११५ |
| | उत्पादकत्व(मे.टन/हे.) | ३.७७ | ३.७९ | | १.१५ | | ०.८३ | २.९ |

**स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय,बागमती प्रदेश**

७.८ आर्थिक वर्ष २०७८।७९ मा दलहनबालीको उत्पादन आर्थिक वर्ष २०७७।७८ को तुलनामा २.६५ प्रतिशतले बढेको छ। मुख्य तेलहनबालीको रुपमा रहेको तोरी उत्पादन हुने चितवन, सिन्धुली र काभ्रे जिल्लाका कृषकहरु तरकारी, फलफूल लगायतका बालीमा आकर्षित हुनुले गर्दा तेलहन बालीको प्रयोग गर्ने जमीनको क्षेत्रफल र उत्पादन क्रमशः घट्ने क्रममा रहेको छ। प्रदेशको प्रायः सबै जिल्लाहरुमा

आलु खेती गरिएतापनि काभ्रे, नुवाकोट, दोलखा, मकवानपुर, सिन्धुपाल्चोक जिल्लाहरुमा आलुको खेती बढी गरिन्छ। आर्थिक वर्ष २०७८/७९ मा आलुको उत्पादन ७,३४,९१७ मेट्रिक टन, र उत्पादकत्व १५.६ मेट्रिक टन प्रति हेक्टर रहेको थियो भने आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म ७,३६,५२५ मेट्रिक टन उत्पादन भएको छ।

तालिका ७(ख) दलहन, तेलहन, तरकारी र फलफुलको उत्पादन मेट्रिक टन

| बाली | | दलहन | तेलहन | आलु | तरकारी | फलफुल |
|---|---|---|---|---|---|---|
| आ.व. २०७५/७६ | उत्पादन | २६४०४ | ४१३४१ | ७३०३७० | ७३५५४१ | १५३२११ |
| | उत्पादकत्व | १.१ | १.०४ | १७.९२ | १४.७८ | १०.८८ |
| आ.व. २०७६/७७ | उत्पादन | २२३६२ | ३५१७१ | ६४६८४५ | ७१७०८९ | १५३६२६ |
| | उत्पादकत्व | १.१५ | १. | १८.६४ | १४.४३ | १०.३३ |
| आ.व. २०७७/७८ | उत्पादन | २२९६५ | ३४९३६ | ७०८६३३ | ७२८४३२ | १७९६२५ |
| | उत्पादकत्व | १.१९ | १.०९ | १५.६ | १४.५७ | ११.२७ |
| आ.व. २०७८/७९ | उत्पादन | २३५७५ | ३४८६५ | ७३४९१७ | ७३०३५० | १८०२७५ |
| आ.व. २०७९/८० फागुन मसान्तसम्म | उत्पादन | २२५६० | ३४८२५ | ७३६५२५ | ४९५३४५ | १२७६९५ |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय,बागमती प्रदेश

७.९ आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा माछाको उत्पादन १५ मे.टनले बढेर २१६५ मे.टन पुगेको छ। प्रदेशमा माछा उत्पादनको प्रमुख पकेटको रुपमा रहेको चितवन जिल्लामा माछा पोखरीको विस्तार हुनु यसको प्रमुख कारण रहेको छ। प्रदेश सरकारबाट सञ्चालनमा ल्याएको मत्स्य प्रवर्द्धनको लागि यान्त्रिकीकरण तथा मत्स्य क्षेत्र विस्तार कार्यक्रम मार्फत चितवन, मकवानपुर, सिन्धुली र काभ्रे जिल्लामा गरी ३२ हेक्टर क्षेत्रफलमा माछा पोखरी विस्तार गरिएको हुँदा चालु आर्थिक वर्षमा माछाको उत्पादन ३७१० मे.टन. हुने अनुमान छ।

७.१० आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म दुध उत्पादन ४९०३०४ मे.टन रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म ०.५ प्रतिशतले वृद्धि भई ४९२७५५ मे.टन पुगेको छ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म मासु उत्पादन २००९५५ मे.टन रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म ०.६३ प्रतिशतले वृद्धि भई २०२२२१ मे.टन पुगेको छ। त्यसैगरी चालु आ.व.को फागुन मसान्तसम्म अण्डाको उत्पादन संख्या ९८२५३०००० पुगेको छ ।

तालिका ७(ग) पशुपन्छीजन्य उत्पादनको विवरण

| आर्थिक वर्ष | दुध उत्पादन(मे.टन.) | मासु उत्पादन(मे.टन.) | अण्डा उत्पादन(हजारमा) |
|---|---|---|---|
| २०७५/७६ | ३९७९७४ | ७८७९२ | ८०४५४३ |
| २०७६/७७ | ४३७७७१ | १८६७१८ | १०१९१६० |
| २०७७/७८ | ४४५७३१ | १९६०५४ | १०२९३५२ |
| २०७८/७९ | ५२५२०५ | २२०४०५ | १२०३५४५ |
| २०७९/८० फागुन मसान्तसम्म | ४९२७५५ | २०२२२१ | ९८२५३० |

**स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय,बागमती प्रदेश**

**पशु स्वास्थ्य**

७.११ पशुमा देखिने खोरेत रोग नियन्त्रणको लागि आर्थिक वर्ष २०७८/७९ मा जिल्लास्थित कार्यालयहरुवाट ४,४९,००० पशुहरुमा खोरेत रोगको खोप लगाईएको थियो भने चालु आर्थिक वर्षको फागुन मसान्तसम्म २ लाख ९० हजार पशुहरुमा खोरेत रोगको खोप लगाईएको छ। त्यसै गरी भेडा बाखामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि गत आ.व. २०७८/७९ मा ८ लाख ३० हजार १ सय ८७ वटा भेडा बाखालाई खोप लगाईएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म १० लाख १८ हजार ३ सय २१ वटा भेडाबाखालाई खोप लगाइएको छ ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

७.१२ कृषि उत्पादनका विशिष्टीकृत क्षेत्र निर्धारण गरी उत्पादन एवम उत्पादकत्व वृद्धि गर्ने र कृषिको आधुनिकीकरण एवम् व्यवसायीकरण मार्फत कृषि क्षेत्रको रुपान्तरण गर्न संघीय सरकारको सशर्त अनुदान मार्फत ब्लक विकास कार्यक्रम सञ्चालनमा रहेको छ। ब्लक विकास कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ मा कृषि तथा पशुपन्छीका ८० पुराना तथा ५१ नयाँ ब्लक सञ्चालनमा रहेकोमा विभिन्न ५१ वटा पुराना ब्लक चालु आर्थिक वर्षको फागुन मसान्तसम्म निरन्तरताका साथ सञ्चालनमा रहेका छन्।

७.१३ मुलुकको कुल राष्ट्रिय उत्पादनसँग तुलना गरी विश्लेषण गर्दा अण्डा उत्पादन सबैभन्दा बढी ६०.२१ प्रतिशत यस प्रदेशको हिस्सा रहेको छ। त्यसै गरी कुल राष्ट्रिय उत्पादनमा यस प्रदेशको धान उत्पादन ९.०६ प्रतिशत, मकै उत्पादन २३.१० प्रतिशत, तरकारी उत्पादन १८.२४ प्रतिशत, आलु उत्पादन २२.७५ प्रतिशत र मासु उत्पादन ३१.४८ प्रतिशत हिस्सा रहेको छ।

**वन तथा वातावरण**

७.१४ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म नेपालमा रहेको कुल वन क्षेत्र ६१६६७६६ हेक्टर मध्ये बागमती प्रदेशमा ११५४६८५ हेक्टर वन क्षेत्र रहेको छ। नेपालको कुल वन क्षेत्रमा बागमती प्रदेशको हिस्सा १८.७ प्रतिशत रहेको छ भने प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल ५६.९३ प्रतिशत रहेको छ। त्यसैगरी यस प्रदेश भित्र संरक्षित सामुदायिक बन र कबुलियती वनको संख्या क्रमशः ४,४८९ र ३,३३७ रहेको छ।

तालिका ७(घ) प्रदेशगत वन क्षेत्रको विवरण

| प्रदेश | प्रदेशको क्षेत्रफल (हेक्टर) | वन क्षेत्र (हेक्टर) | नेपालको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत) | प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| बागमती | २०३०४४३ | ११५४६८५ | १८.७ | ५६.९३ |
| सात वटै प्रदेशको जम्मा | १४७९३०१५ | ६१६६७६६ | ४१.६९ | |

**स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय**

७.१५ बागमती प्रदेशमा सबै भन्दा बढी वन क्षेत्र मकवानपुर जिल्लामा १,६६,५३० हेक्टर रहेको छ जुन जिल्लाको कुल क्षेत्रफलको ६८.०८ प्रतिशत हुन आउँछ। साथै, सबै भन्दा कम भक्तपुर जिल्लामा २,४७० हेक्टर अर्थात जिल्लाको कुल क्षेत्रफलको २०.७५ प्रतिशत हिस्सा वन क्षेत्रले ओगटेको छ।

तालिका ७(ङ) बागमती प्रदेशको वन क्षेत्रको जिल्लागत विवरण

| जिल्ला | जिल्लाको क्षेत्रफल (हेक्टरमा) | वन क्षेत्र(हेक्टरमा) | कुल वन क्षेत्रको हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| रामेछाप | १५४६०० | ६९३७० | ४४.८७ |
| दोलखा | २१९१०० | १०७८४० | ४९.२१ |
| भक्तपुर | ११९०० | २४७० | २०.७५ |
| धादिङ्ग | १९२६०० | ९२७४० | ४८.१५ |
| काठमाण्डौ | ३९५०० | १५२८० | ३८.६८ |
| काभ्रे | १३९६०० | ७५३१० | ५३.९४ |
| ललितपुर | ३८५०० | २४४६० | ६३.५३ |
| नुवाकोट | ११२१०० | ५२०४० | ४६.४२ |
| रसुवा | १५४४०० | ५४७६० | ३५.४६ |
| सिन्धुपाल्चोक | २५४२०० | ११५८८० | ४५.५८ |
| चितवन | २२१८०० | १४७४९० | ६६.४९ |
| मकवानपुर | २४२६०० | १६६५३० | ६८.०८ |
| सिन्धुली | २४९१०० | १६६७०० | ६६.९२ |
| जम्मा | २०३०००० | १०९०८७० | ६०३ |

**स्रोतः वन तथा वातावरण मन्त्रालय,बागमती प्रदेश**

७.१६ आर्थिक वर्ष २०७८/०७९ मा वन क्षेत्रको अन्य आय र संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने वन रोयल्टी गरी जम्मा रु.११ करोड ७१ लाख संकलन भएकोमा आर्थिक वर्ष २०७९/०८० को फागुन मसान्तसम्म जम्मा ६ करोड ४९ लाख संकलन भएको छ। उक्त आय आर्थिक २०७८/०७९ को सोही अवधिको तुलनामा ४५.०३ प्रतिशतले कमी देखिएको छ। सोही अवधिमा वन क्षेत्रको अन्य आयमा ४०.३७ प्रतिशतले र वन रोयल्टीमा ४.६६ प्रतिशतले कमी आएको छ।

तालिका ७(च) वन क्षेत्रबाट संकलन भएको राजस्वको विवरण

**(रू. करोडमा)**

| राजस्व शीर्षक | २०७८ फागुन मसान्तसम्म | आर्थिक वर्ष २०७८/०७९ | २०७९ फागुन मसान्तसम्म | अघिल्लो आर्थिक वर्षको फागुन मसान्तसम्मको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| वन क्षेत्रको अन्य आय | ४.१८ | ५.०७ | २.४९ | -४०.३७% |
| वन रोयल्टी (संघ, प्रदेश र स्थानीय तह बीच बाँडफाँड हुने) | ४.१९ | ६.६४ | ४.०० | -४.६६% |
| जम्मा | ८.३७ | ११.७१ | ६.४९ | -४५.०३% |

**स्रोत : वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश**

७.१७ नेपालको कुल भू-भागमध्ये २३.३९ प्रतिशत भू-भाग संरक्षित क्षेत्रमा पर्दछ। यस प्रदेशमा शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज, लाङ्टाङ राष्ट्रिय निकुञ्ज र गौरीशङ्कर संरक्षण क्षेत्रको पूरै भू-भाग तथा चितवन र पर्सा राष्ट्रिय निकुञ्जको केही भू-भाग पर्दछन्। यस प्रदेशको ६०८५.४१ वर्ग कि.मी. क्षेत्रफल (२९.९८ प्रतिशत) संरक्षित क्षेत्रले ओगटेको छ। प्रदेशको संरक्षित क्षेत्रहरूको विवरण निम्नानुसार रहेको छ।

तालिका ७(छ) संरक्षित क्षेत्रको विवरण:

| सि.न. | संरक्षित क्षेत्रको नाम | जिल्ला | भित्री क्षेत्र (Core Area) | मध्यवर्ती क्षेत्र | जम्मा क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | चितवन रा.नि. | चितवन | ७१२.१३ | ४५६.५३ | १२३३.७५ |
| | | मकवानपुर | ५१.१७ | १३.९२ | |
| २ | पर्सा रा.नि. | मकवानपुर | ७२.९० | १९२.१५ | २६५.०५ |
| ३ | शिवपुरी नागर्जुन रा.नि. | काठमाण्डौं | १०३.५४ | ४८.३१ | २७७.६१ |
| | | नुवाकोट | ३४.७२ | ५६.८९ | |
| | | सिन्धुपाल्चोक | ९.८७ | ७.९० | |
| | | धादिङ्ग | १०.८७ | ५.५१ | |

| सि.न. | संरक्षित क्षेत्रको नाम | जिल्ला | भित्री क्षेत्र (Core Area) | मध्यवर्ती क्षेत्र | जम्मा क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| ४ | लाङ्टाङ रा.नि. | नुवाकोट | ७३.१९ | ८९.९६ | २१३० |
| | | रसुवा | ९६८.१९ | ९७.४३ | |
| | | सिन्धुपाल्चोक | ६६८.६२ | २३२.६१ | |
| ५ | गौरीशङ्कर सं.क्षे. | दोलखा | १३४६.९९ | ०.०० | २१७९ |
| | | रामेछाप | ४०५.५९ | ०.०० | |
| | | सिन्धुपाल्चोक | ४२६.४२ | ०.०० | |
| | | जम्मा | ४८८४.२ | १२०१.२१ | ६०८५.४१ |

**स्रोत : वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश**

### वनस्पति उद्यान

७.१८ नेपालमा जम्मा ११ वटा वनस्पति उद्यानहरु रहेका छन्। यी उद्यानहरुको व्यवस्थापन वनस्पति विभाग ले गरिरहेको छ। यस प्रदेशमा जम्मा ४ वटा वनस्पति उद्यानहरू रहेका छन्। यस प्रदेशमा रहेका वनस्पति उद्यानहरू निम्नानुसार रहेका छन् ।

- राष्ट्रिय वनस्पति उद्यान, गोदावरी, ललितपुर
- वृन्दावन वनस्पति उद्यान, मकवापुर
- टिस्टुङ्ग वनस्पति उद्यान, मकवानपुर
- पर्वतीय वनस्पति उद्यान, दामन, मकवानपुर

७.१९ वन क्षेत्रबाट आर्थिक वर्ष २०७८/०७९ मा कुल ५८७६७५ जना लाई रोजगारी सिर्जना भएकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रत्यक्ष ५०५३४ र अप्रत्यक्ष ६९१४२ जनालाई रोजगारीको अवसर प्राप्त भएको छ ।

७.२० आर्थिक वर्ष २०७८/७९ मा १२५४७९७ बिरुवा वितरण गरिएकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म १२५४७९७ बिरुवा वितरण गरिएको छ भने आर्थिक वर्ष २०७८/७९ मा वन क्षेत्रबाट १८८३२४० क्यु.फि. काठ उत्पादन भएकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म २९९३५५ क्यु.फि. काठ उत्पादन भएको छ ।

तालिका ७(ज) वन पैदावार उत्पादन तथा आपूर्ति, खहरे तथा पहिरो उपचार र संरक्षण पोखरी निर्माण

| आर्थिक वर्ष | विरुवा उत्पादन र वितरण (संख्या) | काठ (क्यु.फि.) | दाउरा (चट्टा) | गैह्रकाष्ट वन पैदावार (जडीबुटी तथा अन्य) (के.जी.) | खहरे तथा पहिरो उपचार संख्या | संरक्षण पोखरी निर्माण संख्या |
|---|---|---|---|---|---|---|
| २०७८/०७९ | १२५४७९७ | १८८३२४० | २१९५ | ५२५६५९ | १२८४ | ८६ |
| २०७९/०८० (फागुन मसान्तसम्म) | १२५४७९७ | २९९३५५ | १२९८ | ३९१५५८ | ४९५ | २० |

**स्रोत : वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश**

**उद्योग क्षेत्र**

७.२१ उद्योग क्षेत्रको विकास एवं विस्तारको माध्यमबाट अर्थतन्त्रको सुदृढीकरणमा जोड दिन औद्योगिक विकासका लागि उपयुक्त वातावरण निर्माण, उद्योग स्थापना एवं सञ्चालनका लागि प्रक्रियागत सरलीकरण र सहजीकरणलाई प्राथमिकता दिई प्रादेशिक तथा जिल्लास्तरमा उद्योग अनुगमनलाई उद्यमी मैत्री बनाउदै लगिएको छ।

७.२२ यस प्रदेशमा संघीय सरकार अन्तर्गतको वालाजु औद्योगिक क्षेत्र, काठमाडौं, पाटन औद्योगिक क्षेत्र, ललितपुर, भक्तपुर औद्योगिक क्षेत्र, भक्तपुर तथा हेटौंडा औद्योगिक क्षेत्र, मकवानपुर गरी कुल ४ वटा औद्योगिक क्षेत्रमा उद्योगहरु सञ्चालनमा रहेका छन्।

७.२३ २०७९ फागुन मसान्तसम्म बागमती प्रदेशमा सिन्धुली जिल्लाको हरिहरपुरगढी औधोगिक क्षेत्रको स्थापना कार्य सुरु भएको छ। दोलखा, चितवन र काभ्रेपलाञ्चोक जिल्लामा ३ उद्योग ग्रामको निर्माण कार्य प्रारम्भ भएको छ।


तालिका ७(झ) बागमती प्रदेशमा निर्माणाधिन उद्योग ग्राम

| उद्योग ग्राम स्थापना कार्य प्रारम्भ भएका स्थान | आ.व. |
|---|---|
| औधोगिक ग्राम, भरतपुर-२०, चितवन | २०७७/०७८ |
| औधोगिक ग्राम, मण्डन देउपुर, काभ्रेपलाञ्चोक | २०७७/०७८ |
| औधोगिक ग्राम, बैत्येश्वर गा.पा., दोलखा | २०७८/०७९ |

स्रोतः पर्यटन,उद्योग, सहकारी मन्त्रालय, बागमती प्रदेश

७.२४ बागमती प्रदेशको पर्यटन,उद्योग, सहकारी मन्त्रालय मातहत रहेका १३ जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय मार्फत आर्थिक वर्ष २०७९/०८० फागुन मसान्तसम्म ६,१२६ नयाँ उद्योग दर्ता भएका छन्। गत बर्षको सोही अवधिमा यो संख्या ९८६० थियो।


चार्ट ७(क) आ.व. २०७५/७६ देखि २०७९ फागुन मसान्तसम्मको उद्योगको दर्ता संख्या




स्रोतः पर्यटन,उद्योग, सहकारी मन्त्रालय, बागमती प्रदेश

७.२५ चालु आर्थिक बर्ष २०७९/०८० को फागुन मसान्त सम्म रु.१६ करोड ८८ लाख ७६ हजार ५ सय ८५ रुपैया राजस्व संकलन भएको छ। आर्थिक वर्ष २०७८/०७९ मा रु.३३ करोड ५९ लाख ९१ हजार ८ सय ३२ रुपैंया राजस्व संकलन भएको थियो।

चार्ट ७(ख) २०७९ फागुन मसान्तसम्म उद्योग क्षेत्रको राजश्व संकलन रु.




**स्रोतः पर्यटन,उद्योग, सहकारी मन्त्रालय, बागमती प्रदेश**

## विदेशी लगानी


७.२६ नेपालमा २०७९ साल फागुन मसान्तसम्म ५,६९२ वटा उद्योगमा विदेशी लगानी स्वीकृत भएकोमा अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा सवैभन्दा बढी ४,६५८ वटा (८१.८ प्रतिशत) उद्योगमा विदेशी लगानी स्वीकृत भएको छ।

तालिका ७(ञ) प्रदेशगत विदेशी लगानी स्वीकृत भएका उद्योग संख्या

| प्रदेश | विदेशी लगानी | प्रतिशत अंश |
|---|---|---|
| कोशी | १४७ | २.५८% |
| मधेश प्रदेश | १७१ | ३.००% |
| बागमती प्रदेश | ४६५८ | ८१.८३% |
| गण्डकी प्रदेश | ४६९ | ८.२४% |
| लुम्बिनी प्रदेश | १६३ | २.८६% |
| कर्णाली प्रदेश | २२ | ०.३९% |
| सुदूरपश्चिम प्रदेश | ६२ | १.०९% |
| सात वटै प्रदेशको जम्मा | ५६९२ | १००.००% |

**स्रोतः आर्थिक सर्वेक्षण, २०७९/८०, अर्थ मन्त्रालय**

चार्ट ७(ग) विदेशी लगानी स्वीकृत भएका उद्योग




**स्रोतः आर्थिक सर्वेक्षण, २०७९/०८०, अर्थ मन्त्रालय**

यस प्रदेशमा २०७९ फागुन मसान्तसम्म लगानी स्वीकृति पाएका ८,९४७ उद्योग मध्ये उद्योग स्तरका आधारमा सबैभन्दा धेरै ८३.३० प्रतिशत साना उद्योगमा तथा सबै भन्दा कम ४.०६ प्रतिशत ठूला उद्योगहरुमा लगानी भएको छ।

# ८. भौतिक पूर्वाधार

## सडक तथा पुल पूर्वाधार

८.१ यस प्रदेश भित्र २०७९ फागुन मसान्तसम्म कच्ची, खण्डास्मित र कालोपत्रे गरी प्रादेशिक तथा स्थानीय स्तरका सडक सञ्जाल जम्मा १६४८० किलोमिटर पुगेको छ। सडक घनत्व दृष्टिले ०.८१ कि.मि प्रति वर्ग कि.मि. हुन आउँछ।

तालिका ८(क) प्रादेशिक र स्थानीय सडक सञ्जालको प्रदेशगत सडकको विवरण

(किलो मिटर)

| प्रदेश | धुलो/कच्ची | ग्रावेल | कालोपत्रे | जम्मा सडक | कुल सडकमा यस प्रदेशको अंश (प्रतिशत) | सडक घनत्व (कि.मी. प्रति वर्ग कि.मी) |
|---|---|---|---|---|---|---|
| **बागमती प्रदेश** | १२१२२ | २८९७ | १,४६१ | १६४८० | २४.९५ | ०.८१ |
| **सात वटै प्रदेशको** | ४७३२० | १४००० | ४७३७ | ६६०५७ | १०० | ०.४५ |

**स्रोतः आर्थिक सर्वेक्षण २०७९/०८०, अर्थ मन्त्रालय**

८.२ बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार फागुन मसान्तसम्म कच्ची सडक ५३.५० किलोमिटर, ग्राभेल सडक ६१.७० किलोमिटर, कालोपत्रे सडक ५९.५० किलोमिटर र ढलान सडक ३०.८३ किलोमिटर गरी जम्मा २०५.५३ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ। बागमती प्रदेश सरकारले २०७९ फागुन मसान्तसम्म कुल २४३७.९४ किलोमिटर सडक निर्माण गरेको छ।

८.३ गत आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म बागमती प्रदेशमा कुल ६९ वटा सडक पुल निमार्ण सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म थप ७ वटा सडक पुल निर्माण भएका छन्। त्यसै गरी गत आर्थिक वर्ष असार मसान्त सम्म कुल ७ वटा झोलुंगेपुल/ट्रस पुल निमार्ण सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म थप ३ वटा झोलुंगेपुल/ट्रस पुल निर्माण सम्पन्न भएका छन्।

तालिका ८(ख) प्रदेश सरकारवाट निर्मित पुलको विवरण

| सि.नं. | विवरण | एकाई | हाल सम्मको उपलब्धि | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | जम्मा |
| १ | सडक पुल | गोटा | १४.०० | ३२.०० | ५०.०० | ६९.०० | ७६.०० | ७६.०० |
| २ | झोलुंगेपुल/ट्रस पुल | गोटा | ०.०० | ०.०० | १.०० | ७.०० | १०.०० | १०.०० |

**स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश**

८.४ २०७९ फागुन मसान्तसम्म बागमती प्रदेश भित्रका ११९ वटै स्थानीय तहहरु राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन्। धादिङ जिल्लाको रुवि भ्याली गाँउपालिकामा कच्ची सडकको पहुँच पुगेकोमा स्तरोन्नति सुधार हुन अत्यावश्यक रहेको छ।

## खानेपानी तथा सरसफाई तथा वैकल्पिक उर्जा

८.५ बागमती प्रदेशमा रहेका १५,६७,९१७ घरधुरी मध्ये २०७९ फागुन मसान्तसम्म आधारभूत खानेपानी पुगेका घरधुरीहरू १४,९७,२६० अर्थात ९५.४९ प्रतिशत रहेको छ भने शत् प्रतिशत घरमा शौचालयको निर्माण भएको छ। यस प्रदेशमा सुरक्षित खानेपानी सुविधा पुगेको जनसंख्या २४.३४ प्रतिशत रहेको छ भने शत् प्रतिशत जनसंख्यालाई आधारभूत सरसफाई सुविधा पुगेको छ। ठोस उर्जाको उपयोग गर्ने जनसंख्या ४४.१५ प्रतिशत रहेको छ।

तालिका ८(ग) खानेपानी सेवा पुगेको जिल्लागत विवरण

| जिल्ला | घरधुरी (२०७८ को जनगणना अनुसार) | लाभान्वित घरधुरी | प्रतिशत |
|---|---|---|---|
| चितवन | १७९१६७ | १६७२४१ | ९३.३४ |
| मकवानपुर | १०५६२० | १०१८५५ | ९६.४४ |
| रसुवा | १११३१ | १०७९२ | ९६.९५ |
| नुवाकोट | ६८६४६ | ६३१५० | ९१.९९ |
| धादिङ्ग | ८३६२२ | ८०८५१ | ९६.६९ |
| सिन्धुपाल्चोक | ७१६९७ | ६६१६७ | ९२.२९ |
| काभ्रेप्लान्चोक | ९१३३० | ८०८७१ | ८८.५५ |
| रामेछाप | ४६४६६ | ४३५०४ | ९३.६३ |
| दोलखा | ४९४९३ | ४८८४० | ९८.६८ |
| सिन्धुली | ६९३१७ | ६११३० | ८८.१९ |
| भक्तपुर | १०८४०६ | १०७०३१ | ९८.७३ |
| काठमाडौं | ५४२८९२ | ५३४१३२ | ९८.३९ |
| ललितपुर | १४०१३० | १३१६९६ | ९३.९८ |
| कुल जम्मा | १५६७९१७ | १४९७२६० | ९५.४९ |

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश।

| प्रदेश | आधारभुत खानेपानीको सुविधा प्राप्त गर्ने घरधुरी प्रतिशत | सुरक्षित खानेपानी पुगेको जनसंख्या प्रतिशत | खाना बनाउनको लागि ठोस उर्जाको उपयोग | शौचालयको सुविधा प्राप्त घरधुरी | आधारभूत सरसफाई सुविधा पुगेको जनसंख्या प्रतिशत |
|---|---|---|---|---|---|
| बागमती | ९५.४९ | २४.३४ | ४४.१५ | १००% | १०० |

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश।

## सिंचाइ पूर्वाधार

८.६ बागमती प्रदेशको कुल क्षेत्रफल २०,३०,४४३ हेक्टर मध्ये खेती योग्य जमिन ५,३१,१३० हेक्टर र सिंचाइ योग्य जमिन २,७७,६९३ हेक्टर अर्थात कुल क्षेत्रफलको १३.६८ प्रतिशत रहेको छ। जिल्लागत रूपमा सबैभन्दा बढी सिंचाइ योग्य जमीन सिन्धुली जिल्लामा ४९,७८९ हेक्टर र सबैभन्दा कम भक्तपुर जिल्लामा ४,५६१ हेक्टर रहेको छ।

तालिका ८(ङ) जिल्लागत रुपमा क्षेत्रफल, खेतीयोग्य जमिन र सिंचाइ योग्य जमिनको विवरण

| जिल्ला | कुल क्षेत्रफल (हेक्टर) | खेतीयोग्य जमिन (हेक्टर) | सिंचाईयोग्य जमिन (हेक्टर) |
|---|---|---|---|
| चितवन | २२३९९७ | ६०२२३ | ३८४७४ |
| भक्तपुर | १२३५९ | ६४५० | ४५६१ |
| धादिङ | १९०६६४ | ४८१३६ | ३५१५० |
| काभ्रेपलान्चोक | १३९४३६ | ५८१३८ | १६५०० |
| काठमाडौ | ४१३२९ | १५२०७ | ४९७१ |
| ललितपुर | ३९६३७ | ११८२४ | ७४२५ |
| मकवानपुर | २४४३२३ | ६२०१७ | २०००० |
| नुवाकोट | ११९३२७ | ४५२५२ | ४२२४२ |
| रामेछाप | १५६५३९ | ५९९९२ | २१९०७ |
| सिन्धुली | २४८६१९ | ६२७१३ | ४९७८९ |
| दोलखा | २१४८८५ | ५६६८३ | २१०६७ |
| रसुवा | १५०११५ | ८८३६ | ४७३८ |
| सिन्धुपाल्चोक | २४९२१३ | ३५६५९ | १०८६९ |
| जम्मा | २०३०४४३ | ५३११३० | २७७६९३ |

स्रोतः खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय, बागमती प्रदेश

८.७ बागमती प्रदेशमा रहेको कुल सिंचाइ योग्य भूमि मध्ये २०७९ फागुन मसान्तसम्म जम्मा १,४६,४४३.५७ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको छ।

८.८ प्रदेश स्थापना पश्चात बागमती प्रदेश भित्र विभिन्न नदी नियन्त्रण संरचनाहरु मार्फत २०७९ फागुन मसान्त सम्म १०१.१५८ कि.मी तटबन्ध निर्माण भएको छ।

### बिद्युत उत्पादन र पहुँच

८.९ यस प्रदेशमा २०७९ फागुन मसान्तसम्म ११४९ मेगावाट अर्थात ४४.४६ प्रतिशत क्षमताका आयोजनाहरु सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म विद्युत उत्पादनमा आर्थिक वर्ष २०७८/७९ को तुलनामा ९.८५ प्रतिशतले वृद्धि भएको छ।

तालिका ८(च) प्रदेशगत विद्युत उत्पादन (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)

मेगावाट

| प्रदेश | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म |
|---|---|---|---|---|---|
| बागमती | ४००.९ | ४५६ | ४७२ | १०४६ | ११४९ |
| राष्ट्रिय जम्मा | ११२८.७ | १२८९.५९ | १३८८ | २१०८ | २५८४ |

स्रोतः अर्थ मन्त्रालय, २०८० आर्थिक सर्वेक्षण

८.१० विद्युतीय ग्रिडमा आधारित विद्युत सुविधाको पहुँच चालु आर्थिक वर्ष २०७९/०८० को फागुन मसान्तसम्म यस प्रदेशमा ९६ प्रतिशत परिवारमा पुगेको छ। गत आर्थिक वर्ष सम्म विद्युतीय ग्रिडमा आधारित विद्युत सुबिधाको पहुँच पुगेको परिवार ९५.९१ प्रतिशत रहेको थियो ।

तालिका ८(छ) राष्ट्रिय प्रशारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसंख्या

(प्रतिशतमा)


| प्रदेशगत विद्युत पहुँचको विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० को फागुन मसान्तसम्म |
|---|---|---|---|---|---|
| बागमती प्रदेश | ९०.३ | ९५.८३ | ९४.४४ | ९५.९१ | ९६.०० |

स्रोतः आर्थिक सर्वेक्षण, २०८०

### यातायात क्षेत्र

८.११ २०७९ फागुन मसान्तसम्म बागमती प्रदेशमा ५३,९५६ नयाँ सवारी साधन दर्ता भएका छन्। यस अवधिमा सबैभन्दा बढी यातायात व्यवस्था कार्यालय मोटरसाईकल गुर्जुधारामा ७५.०७ प्रतिशत सवारी साधन दर्ता भएका छन् भने सबैभन्दा कम ०.०४ प्रतिशत यातायात व्यवस्था कार्यालय, खुर्कोट सिन्धुलीमा दर्ता भएका छन्।

चार्ट ८(क) २०७९ फागुन मसान्तसम्म सवारी दर्ता संख्याः




**स्रोतः श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश**

८.१२ आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म बागमती प्रदेशमा यातायात क्षेत्रबाट रु.५ अर्ब ३१ करोड ८९ लाख राजस्व संकलन भएको छ। आर्थिक वर्ष २०७८/०७९ मा यो रकम ११ अर्ब ९६ करोड ९७ लाख रहेको थियो।

तालिका ८(ज) हाल सम्मको राजस्व संकलनको विवरण

(रू. लाखमा)

| आ.व. | राजस्व संकलन |
|---|---|
| २०७६/२०७७ | ७,६९,४६ /- |
| २०७७/२०७८ | ९,५८,४३/- |
| २०७८/२०७९ | १,१९,६९७/- |
| २०७९/८० को फागुन मसान्त सम्म | ५३,१८९/- |
| जम्मा राजस्वः | ३,४५,६७५/- |

**स्रोतः श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश**

# ९. सार्वजनिक सेवा र सुशासन

## सुशासन र प्रशासन

९.१ बागमती प्रदेश अन्तर्गत सचिवालय/मन्त्रालय/निकाय/आयोग गरी कुल १५ वटा निकाय रहेका छन् जस अन्तर्गत १८४ वटा कार्यालयहरू सञ्चालनमा रहेका छन्। उक्त निकाय/कार्यालय अन्तर्गत जम्मा ४ हजार १ सय ९९ कर्मचारीहरुको दरबन्दी रहेको छ।

तालिका ९(क) बागमती प्रदेशका मन्त्रालय/निकाय/कार्यालय र मौजुदा कर्मचारी दरबन्दी संख्या

| सि.नं. | मन्त्रालय/निकाय | अन्तर्गत मौजुदा कार्यालय संख्या | मौजुदा दरबन्दी |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ | ८७ |
| २ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १ | ४७ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ | ६७ |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३६ | ५८२ |
| ५ | खानेपानी उर्जा तथा सिँचाइ मन्त्रालय | २१ | २९८ |
| ६ | पर्यटन उद्योग तथा सहकारी मन्त्रालय | १९ | १५७ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १६ | ३०४ |
| ८ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | ११ | ३९९ |
| ९ | वन तथा वाताबरण मन्त्रालय | २४ | १०४१ |
| १० | सामाजिक विकास मन्त्रालय | ८ | १८५ |
| ११ | स्वास्थ्य मन्त्रालय | ४५ | ८९१ |
| १२ | प्रदेश सभा सचिवालय | ० | ६६ |
| १३ | प्रदेश लोक सेवा आयोग | ० | ३७ |
| १४ | प्रदेश नीति तथा योजना आयोग | ० | १९ |
| १५ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | १९ |
| जम्मा | | १८४ | ४१९९ |

**स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश**

९.२ चालु आर्थिक वर्षको फाल्गुन मसान्त सम्मको अवधिमा प्रदेश मन्त्रिपरिषद्को निर्णयानुसार अस्थायी तर्फ कुल १३५५ जनाको दरबन्दी स्वीकृत भएको छ।

## कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास


९.३ चालु आर्थिक बर्ष २०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार फागुन मसान्त सम्म ८ सय जना महिला तथा २ हजार ४ सय ८६ जना पुरूष गरी कुल ३ हजार २ सय ८६ जनालाई क्षमता विकास तालिम प्रदान गरिएको छ।

तालिका ९(ख) कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्रदेश-कर्मचारी | ८९ | ३२९ | ४१८ |
| स्थानीय तह-कर्मचारी | ३२० | १२४० | १५६० |
| स्थानीय तह-जनप्रतिनिधि | ३९१ | ९१७ | १३०८ |
| **जम्मा** | ८०० | २४८६ | ३२८६ |

**स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश**

चार्ट ९(क) कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास




**स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश**

९.४ आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश लोक सेवा आयोगबाट तह ४ देखि ९ सम्मका रिक्त ९ सय १३ पदका लागि विज्ञापन आह्वान गरिएकोमा ७६ हजार ७ सय १४ जनाको दरखास्त परेको थियो। २१ हजार ७ सय ९१ जना महिला र २६ हजार ६ सय ७ जना पुरुष गरी जम्मा ४८ हजार ३ सय ९८ जना परीक्षामा सम्मिलित भएकोमा सो मध्ये ६ सय ९५ जनाको सिफारिस भएको थियो।

तालिका ९(ग) आर्थिक वर्ष २०७८/०७९ को पदपूर्ति सम्बन्धी विवरण

| तह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवारको सङ्ख्या | परीक्षामा सम्मिलित उम्मेदवारको सङ्ख्या | | | सिफारिस सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | २०७८-७९ | २०७८-७९ | २०७८-७९ | | | २०७८-७९ |
| | | | महिला | पुरुष | जम्मा | |
| ४ | ४२२ | ४९९९१ | १७४७२ | १८२७९ | ३५७५१ | ३८७ |
| ५ | ३३२ | १७०७९ | ३२९३ | ६४०४ | ९६९७ | २८५ |
| ६ | ५५ | ५३५० | ५७५ | १२०६ | १७८१ | |
| ७ | ३१ | २८५१ | २६२ | २३९ | ५०१ | १ |
| ८ | १९ | १३७० | १७९ | ४६१ | ६४० | १४ |
| ९ | ५४ | ७३ | १० | १८ | २८ | ८ |
| जम्मा | ९१३ | ७६७१४ | २१७९१ | २६६०७ | ४८३९८ | ६९५ |

स्रोतः प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश

९.५ आर्थिक वर्ष २०७९/०८० मा प्रदेश लोक सेवा आयोगबाट तह ५, ७, ८ र ९ का रिक्त ८ सय ९३ पदका लागि विज्ञापन आह्वान गरिएको छ। कूल ४२ हजार ७ सय १५ जनाको दरखास्त परेकोमा सो मध्ये ९ हजार ५ सय ५९ जना महिला, १५ हजार ६ सय ४९ जना पुरुष गरी जम्मा २५ हजार २ सय ८ जना परीक्षामा सम्मिलित भएका छन्।

तालिका ९(घ) आर्थिक वर्ष २०७९/०८० को दरखास्त आह्वान र परीक्षामा सम्मिलित उम्मेदवारको विवरण

| तह | माग पद सङ्ख्या | दरखास्त दिने उम्मेदवारको सङ्ख्या | परीक्षामा सम्मिलित उम्मेदवारको सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | २०७९-८० | २०७९-८० | २०७९-८० | | |
| | | | महिला | पुरुष | जम्मा |
| ४ | | | | | |
| ५ | ६३४ | ३६९३२ | ८६५८ | १३०७० | २१७२८ |
| ६ | | | | | |
| ७ | १८० | ४८४९ | ७८२ | २१७४ | २९५६ |
| ८ | १७ | ५५८ | ९० | २४९ | ३३९ |
| ९ | ६२ | ३७६ | २९ | १५६ | १८५ |
| जम्मा | ८९३ | ४२७१५ | ९५५९ | १५६४९ | २५२०८ |

**स्रोतः प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश**

९.६ आर्थिक वर्ष २०७८/७९ मा अनलाइन पत्रकारिता ५९ वटा नयाँ दर्ता तथा ४६ वटा नविकरण गरिएकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तमा ५५ वटा नयाँ दर्ता तथा ७० वटा नविकरण गरिएको थियो। आर्थिक वर्ष २०७८/७९ मा केबुल टेलिभिजन २ वटा नयाँ दर्ता तथा २४ वटा नविकरण भएको थियो भने आर्थिक वर्ष २०७९/८० मा २९ वटा नविकरण भएका छन्। आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा एफ.एम. रेडियो ५०० वाट क्षमताको १ वटा नयाँ दर्ता ४९ वटा नविकरण भएको छ भने एफ.एम. रेडियो २५० वाट क्षमताको ७ वटा नविकरण भएको छ। आर्थिक वर्ष २०७८/७९ मा पत्रकार परिचयपत्र नयाँ दर्ता १७० वटा र नविकरण ३५२ वटा भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म १४५ वटा नयाँ दर्ता तथा ३२४ वटा नविकरण भएको छ।

तालिका ९(ङ) दर्ता/नविकरण भएका सञ्चार संस्था

| क.सं. | विवरण | आ.ब. २०७६/७७ | | आ.ब. २०७७/७८ | | आ.ब. २०७८/७९ | | आ.ब. २०७९/८० फागुन मसान्त सम्म | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ दर्ता | नविकरण | नयाँ दर्ता | नविकरण | नयाँ दर्ता | नविकरण | नयाँ दर्ता | नविकरण |
| १ | अनलाइन पत्रकारिता | २३ | - | ४९ | १८ | ५९ | ४६ | ५५ | ७० |
| २ | केबुल टेलिभिजन | २ | - | ७ | २० | २ | २४ | - | २९ |
| ३ | एफ.एम. रेडियो १००० वाट क्षमता | २ | - | २ | १३ | - | १४ | - | १४ |
| ४ | एफ.एम. रेडियो ५०० वाट क्षमता | - | - | ३ | ४५ | - | ४९ | १ | ४९ |
| ५ | एफ.एम. रेडियो २५० वाट क्षमता | - | - | १ | ४ | १ | ५ | - | ७ |
| ६ | पत्रकार परिचयपत्र | १७६ | - | ३६६ | १४६ | १७० | ३५२ | १४५ | ३२४ |

**स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश**

९.७ आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९ मा क्रमशः ११, ५, ५ वटा ऐन तथा ७, ८, १ नियम जारी गरिएकोमा चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म थप ४ वटा ऐन जारी भएको छ।

तालिका ९(च) तर्जुमा गरिएका ऐन/नियम

| ऐन/नियम | आ.व. २०७६/७७ संख्या | आ.व. २०७७/७८ संख्या | आ.व. २०७८/७९ संख्या | आ.व. २०७९/८० को फागुन मसान्त सम्म |
|---|---|---|---|---|
| ऐन | ११ | ५ | ५ | ४ |
| नियम | ७ | ८ | १ | ० |

**स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश**

# अनुसूची


| अनुसूची नं. | विषय | सूची |
|---|---|---|
| १. समग्र आर्थिक स्थिति | | १-५ |
| १.१ | कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान | १ |
| १.२ | प्रदेशगत कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | २ |
| १.३ | औद्योगिक वर्गीकरण अनुसार राष्ट्रिय कुल गार्हथ उत्पादनको संरचना सँग वागमती प्रदेशको तुलनात्मक विवरण | ३ |
| २. सार्वजनिक वित्त | | ६-१० |
| २.१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को आ.व. २०७९/८० को फागुन सम्मको लगानी | ६ |
| २.२ | कृषि विकास बैक लि. को सहुलियतपूर्ण ऋण लगानी भएको विवरण | ७ |
| २.३ | बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७५।०७६ देखि २०७९/८० सम्मको फागुन मसान्तसम्मको लक्ष्य र प्रगतिको विवरण | ८ |

## अनुसूची १.१ कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान

| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| कृषि, वन र मत्स्यपालन | १६.८६ | १६.२७ | १७.१३ | १७.१ | १७.१ |
| खानी तथा उत्खनन् | ३३.६२ | ४९.४० | ४९.४० | ४९.४ | ४९.४ |
| उत्पादनमूलक उद्योग | ३५.८३ | ३५.७४ | ३५.५३ | ३६.० | ३५.८ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकूलित आपूर्ति सेवा | ३१.८९ | २९.३० | ३०.४० | ४३.६ | ३२.९ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | २३.२९ | २३.२९ | २३.२९ | २३.३ | २३.३ |
| निर्माण | २५.८२ | २६.५२ | २५.४५ | २५.४ | २५.५ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ५६.०८ | ५६.०१ | ५६.५१ | ५६.५ | ५६.५ |
| यातायात तथा भण्डारण | ४७.२४ | ४७.५९ | ४७.२४ | ४७.२ | ४७.२ |
| आवास तथा भोजन सेवा | ३९.७५ | ३९.८९ | ३९.७५ | ३९.८ | ३९.८ |
| सूचना तथा सञ्चार | ३१.२३ | ३१.१५ | ३१.२३ | ३१.२ | ३१.२ |
| वित्तीय तथा बीमा क्रियाकलापहरु | ६३.६० | ६३.६४ | ६०.७५ | ६०.५ | ६०.५ |
| घरजग्गा कारोवारको सेवा | ६७.६३ | ६८.९० | ६७.६३ | ६७.४ | ६७.१ |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | ६६.६० | ६६.८१ | ६६.६० | ६६.६ | ६६.६ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ७२.९७ | ७४.५२ | ७२.९७ | ७३ | ७३ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १८.०१ | १८.०४ | १८.०१ | १८ | १८ |
| शिक्षा | २१.१६ | २१.२२ | २१.२२ | २१.२ | २१.२ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | २५.७४ | २५.७४ | २५.७४ | २५.७ | २५.७ |
| अन्य सेवाका क्रियाकलापहरु | ४४.७१ | ८.३२ | ८.३२ | ४४.७ | ४४.८ |
| **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **३७.०३** | **३६.२३** | **३७.६७** | **३७** | **३६.८** |

**स्रोतः आर्थिक सर्भेक्षण २०७९/८०, अर्थ मन्त्रालय** * प्रक्षेपित

## अनुसूची १.२ प्रदेशगत कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)

| **प्रदेश** | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० * |
|---|---|---|---|---|---|
| कोशी | ५९९२४२ | ६१४६६६ | ६७५६१४ | ७८०९५ | ८४९६५ |
| मधेश | ५०३५३७ | ५१८९०३ | ५७१९४७ | ६५०४८ | ७०७५१ |
| वाग्मती | १४६२८९१ | १४१७२२५ | १५६८४१८ | १८१९८७ | १९८१३३ |
| गण्डकी | ३४०८२७ | ३४९५४५ | ३८०४५३ | ४३७०६ | ४८२०१ |
| लुम्बिनी | ५४०००२ | ५५१३१६ | ६०४१४३ | ६९७८६ | ७६२९७ |
| कर्णाली | १५१८९२ | १६१५२७ | १७५५५८ | २०१९० | २२१५३ |
| सुदूरपश्चिम | २६०५३९ | २७५५२१ | ३०११६८ | ३४५५८ | ३७६३३ |
| जम्मा | ३८५८९३१ | ३८८८७०४ | ४२७७३०२ | ४९३३७० | ५३८१३३ |

**स्रोतः आर्थिक सर्भेक्षण २०७९/८०, अर्थ मन्त्रालय** * प्रक्षेपित

अनुसूची १.३ औद्योगिक वर्गिकरण अनुसार राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको संरचना सँग वागमती प्रदेशको तुलनात्मक विवरण

| विवरण | बागमती प्रदेश | | | | राष्ट्रिय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
| कृषि, वन र मत्स्यपालन | ११.८ | ११.६ | ११.४ | ११.२ | २४.९ | २५.२ | २४.९ | २४.७ | २४.१ |
| खानी तथा उत्खनन् | ०.८ | ०.८ | ०.७ | ०.७ | ०.७ | ०.६ | ०.६ | ०.६ | ०.५ |
| उत्पादनमूलक उद्योग | ५.० | ५.३ | ५.५ | ५.२ | ५.८ | ५.१ | ५.४ | ५.७ | ५.३ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकूलित आपूर्ति सेवा | १.० | ०.९ | १.४ | १.५ | १ | १.२ | १.१ | १.५ | १.६ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | ०.४ | ०.४ | ०.३ | ०.३ | ०.६ | ०.६ | ०.६ | ०.५ | ०.५ |
| निर्माण | ४.३ | ४.१ | ४.० | ३.८ | ७ | ६.२ | ५.९ | ५.८ | ५.५ |
| थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | २३.३ | २४.६ | २५ | २३.६ | १६.२ | १५.० | १६.० | १६.३ | १५.४ |
| यातायात तथा भण्डारण | ६.८ | ६.९ | ७.८ | ८.७ | ६.५ | ५.३ | ५.४ | ६.१ | ६.८ |
| आवास तथा भोजन सेवा | १.६ | १.७ | १.८ | २.१ | २.३ | १.५ | १.६ | १.७ | २.० |
| सूचना तथा सञ्चार | १.९ | १.९ | १.८ | १.७ | २.२ | २.२ | २.२ | २.१ | २.० |
| वित्तीय तथा बीमा क्रियाकलापहरु | १२.० | ११.६ | ११.३ | १२.१ | ६.२ | ७.१ | ७.० | ६.९ | ७.४ |
| घरजग्गा कारोवारको सेवा | १७.५ | १६.८ | १५.४ | १५.२ | ८.८ | ९.४ | ९.१ | ८.५ | ८.४ |

| विवरण | बागमती प्रदेश | | | | राष्ट्रिय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८०* | २०७५/ ७६ | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८०* |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | १.९ | १.८ | १.७ | १.८ | १ | १.० | १.० | १.० | १.० |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | १.६ | १.६ | १.४ | १.४ | ०.८ | ०.८ | ०.८ | ०.७ | ०.७ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ४.० | ३.९ | ३.७ | ४.० | ६.५ | ८.१ | ७.९ | ७.६ | ८.१ |
| शिक्षा | ४.९ | ४.७ | ४.६ | ४.७ | ७.५ | ८.४ | ८.१ | ८ | ८.२ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.२ | १.३ | १.२ | १.३ | १.५ | १.८ | १.८ | १.८ | १.९ |
| अन्य सेवाका क्रियाकलापहरु | ०.१ | ०.१ | ०.७ | ०.७ | ०.५ | ०.६ | ०.६ | ०.६ | ०.६ |

**स्रोतः आर्थिक सर्भेक्षण २०७९/८०, अर्थ मन्त्रालय** *** : अनुमानित**

अनुसूची २.१ साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को आ.व. २०७९/८० को फागुन सम्मको लगानी

| क्र. सं. | लगानीको क्षेत्र | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० को फागुन मसान्तसम्म | |
|---|---|---|---|---|---|---|---|
| | | ग्राहक संख्या | ऋण प्रवाह रकम (रु हजारमा) | ग्राहक संख्या | ऋण प्रवाह रकम (रु हजारमा) | ग्राहक संख्या | ऋण प्रवाह रकम (रु हजारमा) |
| १ | कृषि व्यवसाय | १६०० | ४७८९६१ | ३६३० | ९९६५५२ | ४३२६ | ११७३१५० |
| २ | उद्योग व्यवसाय | ४६ | १४१९९ | ११८ | ३४२४९ | १३० | ३८१९९ |
| ३ | पर्यटन प्रवर्द्धन | ११ | ४५५० | ७१ | २२७५० | ७९ | २५७०० |
| ४ | व्यापार व्यवसाय | ४९४ | १०५११५ | १४५० | ३३९८९९ | १६७२ | ३९४९६४ |
| ५ | वन तथा वातावरण | १ | २०० | १ | २०० | २ | ७०० |
| ६ | महिला तथा दलित समुदाय विकास | १० | २०५० | ४५ | १२८०० | ५२ | १४७०० |
| | जम्मा | २१६२ | ६०५०७५ | ५३१५ | १४०६४५० | ६२६१ | १६४७४१३ |

स्रोत : साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

अनुसूची २.२ कृषि विकास बैंक लि. को सहुलियतपूर्ण ऋण लगानी भएको विवरण

| क्र. सं. | लगानीको क्षेत्र | २०७७।७८ | | २०७८।७९ चैत मसान्तसम्म | | २०७९/८० फागुन मसान्तसम्म | |
|---|---|---|---|---|---|---|---|
| | | ग्राहक संख्या | ऋण प्रवाह रकम (रु हजारमा) | ग्राहक संख्या | ऋण प्रवाह रकम (रु हजारमा) | ग्राहक संख्या | ऋण प्रवाह रकम (रु हजारमा) |
| १ | कृषि व्यवसाय | ३६२ | ३०८९०५ | २४५ | २२८१७० | ८० | ७४३५० |
| २ | व्यापार व्यवसायका क्षेत्र | ७५ | ७३१०० | १३७ | १३२५२५ | ४१ | ४०६८५ |
| ३ | महिला तथा दलित समुदाय विकास | ९३ | ८१२६८ | ८५ | ७८६६० | २० | १६७५० |
| ४ | उद्योग व्यवसायका क्षेत्र | ५३ | ४८०५० | ६ | ६००० | ६ | ६००० |
| ५ | वन तथा वातावरण क्षेत्र | १ | १००० | १ | १००० | १ | ८०० |
| ६ | पर्यटन प्रवर्द्धन | १८ | १७०४० | १० | ९८०० | ३ | ३००० |
| **जम्मा** | | **६०२** | **५२९३६३** | **४८४** | **४५६१५५** | **१५१** | **१४१५८५** |

स्रोत : कृषि विकास बैंक लि.

**अनुसूची २.३ बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७५।०७६ देखि २०७९/८० सम्मको फागुन मसान्तसम्मको लक्ष्य र प्रगतिको विवरण**

(रु. करोडमा)

| सि.न. | शिर्षक | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० को फागुन मसान्त सम्म |
|---|---|---|---|---|---|---|
| १ | ११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३९३.१४ | ६४४.५५ | ६७९.७६ | ९८४.१० | २६८.१० |
| २ | ११४११-बाँडफाँडभइ प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५६९.६८ | ५१९.३४ | ६९६.४८ | ७३९.७८ | ३७०.६४ |
| ३ | ११४२१-बाँडफाँडभइ प्राप्त हुने अन्त शुल्क | १६८.४१ | १९४.३६ | २०१.५६ | २५४.७८ | १४५.०७ |
| ४ | ११४४३-शिक्षा सेवा कर-शैक्षिक संस्था | ०.११ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | ११४५६-बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ३९०.२३ | ३८९.५९ | ४९५.१५ | ५८६.६२ | ४४८.६० |
| ६ | ११४७१-बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ०.१४ | ०.८० | ०.१० | ०.७२ | ०.४१ |
| ७ | ११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ५.९९ | ४.३० | ५.१३ | ४.९१ | ०.७५ |
| ८ | ११६११-व्यवसायले भुक्तानी गर्ने | ०.०० | ०.०० | ०.०० | ०.०० | ६.२८ |
| ९ | ११६१३-व्यवसाय, रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर | १६.८८ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १० | ११६१४-रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ०.०१ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | ११६२१-चालक अनुमति पत्र, सवारी दर्ता किताब (ख्तलङ्ग खद्वद्रण) सम्बन्धी दस्तुर | ९९.०३ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **कर राजस्व तर्फको जम्मा** | **१,६४३.६२** | **१,७५२.९४** | **२,०७८.१८** | **२,५७०.९२** | **१,२३९.८६** |
| १ | १३३११-समानीकरण अनुदान | **५९६.९७** | **७५९.६४** | **७७१.७१** | ७८५.९० | ४७६.६० |
| २ | १३३१२-शसर्त अनुदान चालु | ८५५.६९ | ७९७.८५ | २५४.६७ | २६५.७७ | १३७.२९ |
| ३ | १३३१३-शसर्त अनुदान पुँजीगत | ०.०० | ०.०० | ३२९.७८ | ३०७.६९ | २४३.६१ |
| | १३३१५-विशेष अनुदान | ०.०० | ४१.०० | ४९.०० | ५५.८४ | ३९.५० |
| ५ | १३३१६-समपुरक अनुदान चालु | ६०.०० | ६४.६६ | ८१.८२ | ५७.४८ | ०.०० |
| | १३३१६-समपुरक अनुदान पुँजीगत | ०.०० | ०.०० | **२०४.४८** | ९४.८७ | ५२.०० |
| | **अनुदान तर्फको जम्मा** | **१,५१२.६६** | **१,६६३.१५** | **१,६९१.४६** | **१,५६७.५५** | **९४९.००** |

| सि. न. | शिर्षक | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० को फागुन मसान्त सम्म |
|---|---|---|---|---|---|---|
| १ | १४१४६-बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३९.९३ | ३४.६४ | ०.०० | ०.०० | ०.०० |
| २ | १४१५१-सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ०.५८ | ०.०७ | ०.१० | ०.१३ | ०.१६ |
| ३ | १४१५३-बाँडफाँड भई प्राप्त वन रोयल्टी | ७.५४ | ४.६० | २.७९ | ३.९६ | ०.०० |
| ४ | १४१५४-बाँडफाँड भइ प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४.४० | २.६५ | ४.९३ | ५.७२ | ०.०० |
| ५ | १४१५६-बाँडफाँड भइ प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ०.०० | ०.०० | ३५.०२ | ३६.०३ | ०.०० |
| ६ | १४१५७-बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ०.०० | ९८.७० | ८८.९५ | ६७.३३ | २६.९४ |
| ७ | १४१५८-बाँडफाँड भइ प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १.२३ | ०.२८ | १.३२ | १.१५ | ०.०० |
| ८ | १४१५९-अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ०.०० | ०.३३ | ०.३० | ०.२३ | ०.२० |
| ९ | १४१७९-अन्य बाँडफाँड हुने राजस्व | ५२.५० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १० | १४२११-कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | १.४४ | १.६७ | २.१२ | २.५६ | १.३९ |
| ११ | १४२१२-सरकारी सम्पतिको विक्रीबाट प्राप्त रकम | ०.११ | ०.०३ | ०.२६ | ०.०२ | ०.१० |
| १२ | १४२१३-अन्य विक्रीबाट प्राप्त रकम | ०.०० | ०.०१ | ०.०२ | ०.०२ | ०.०० |
| १३ | १४२१७-नहर तथा कुलो उपयोग वापतको शुल्क | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १४ | १४२१९-अन्यसेवा शुल्क तथा विक्री | ०.०७ | ०.०७ | १६०.८४ | २४२.५९ | ६१.५४ |
| १५ | १४२२३-शिक्षा क्षेत्रको आम्दानी | ०.०४ | ०.०३ | ०.०३ | ०.०५ | ०.०४ |
| १६ | १४२२४-परीक्षाशुल्क | ४.०० | २.९२ | ११.२४ | १२.११ | ९.८४ |
| १७ | १४२२५-यातायात क्षेत्रको आम्दानी | ३०.०० | ३७.२८ | ४३.६६ | ६१.९७ | ४७.४९ |

| सि.न. | शिर्षक | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० को फागुन मसान्त सम्म |
|---|---|---|---|---|---|---|
| १८ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | २.०८ | ४.७७ | ४.३३ | ४.१३ | २.९३ |
| १९ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | १८.३९ | ३७.२८ | ३७.५७ | २१.६९ |
| २० | १४२५४-रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ०.०० | ०.२५ | ०.२७ | ०.३१ | ०.०६ |
| २१ | १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | ०.०० | ०.४१ | ०.९६ | ०.५० | ०.०६ |
| २२ | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ०.०० | ७२.५६ | ८२.७८ | १४८.०० | १०८.७८ |
| २३ | १४२६४-वन क्षेत्रको अन्य आय | ०.०० | २.७८ | ३.२२ | ५.०७ | २.४९ |
| २४ | १४३११-न्यायिक दण्ड,जरिवाना र जफत | ०.९२ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २५ | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | ०.०० | २.२२ | २.९२ | १.१६ | ०.७६ |
| २६ | १४३१३-धरौटी सदरस्याहा | ०.०० | ०.२० | ०.११ | ०.०८ | ०.०१ |
| २७ | १४५११-बीमा दावी प्राप्ति | ०.०० | ०.०० | ०.०४ | ०.०२ | ०.०१ |
| २८ | १४५२९-अन्य राजस्व | ०.०१ | १.५९ | १.५२ | १.६१ | ०.१५ |
| | **अन्य राजस्व तर्फको जम्मा** | **१४४.८५** | **२८६.४५** | **४८५.००** | **६३२.३३** | **२८४.६५** |
| १ | १५१११-बेरूजू | १.११ | ७.५८ | ८.०८ | ३.७९ | ३.६५ |
| २ | १५११२-निकासा फिर्ता | ०.०० | ०.०७ | ०.१५ | २.९४ | १.७८ |
| ३ | १५११३-अनुदान फिर्ता | ०.०० | १०६.६३ | १०३.७३ | १३६.७१ | १२८.३३ |
| ४ | ३२१२१-गत वर्षको नगद मौज्दात | ७५.११ | १,०१८.२८ | १,७४९.१५ | २,३३४.६५ | ३,१९४.१४ |
| | **बेरुजु तथा गत वर्षको नगद मौज्दात तर्फको जम्मा** | **७६.२२** | **१,१३२.५७** | **१,८६१.११** | **२,४७८.०९** | **३,३२७.९०** |
| | **संस्थानबाट ऋण लगानी फिर्ता** | ०.०० | ०.०० | २७.०६ | ४.३८ | ०.०० |
| | **कर, अन्य कर, वेरुजु तथा नगद तर्फको कुल जम्मा** | **३,३७७.३५** | **४,८३५.१०** | **६,१४२.८१** | **७,२५३.२७** | **५,८०१.४१** |

**स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश**

बागमती प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

हेटौंडा, नेपाल

फोनः ०५७-५२७५१८, ०५७-५२७५२०

इमेलः moeap@bagamati.gov.np

वेबसाइटः moeap.bagamati.gov.np